# परियत्ति सद्धम्म पालक उपाधि परीक्षा (कक्षा ७)

# पञ्चम पत्र ( ऐच्छिक अभिधर्म)

| पुस्तक | पेज | अंकभार |
| --- | --- | --- |
| १) चित्त काण्ड | २ देखि १९ | ४० |
| २) चेतसिक काण्ड | २० देखि ६१ | ४० |
| ३) सामान्यज्ञान | ६२ देखि ८४ | २० |



Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

वहाँ भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।

# अभिधर्म

## चित्त काण्डको संक्षिप्त परिचय

भगवान बुद्धले ४५ वर्षसम्म गाउँ गाउँमा निगम निगममा, जनपद जनपदमा, नगर नगरमा, देश देशमा घुमी भन्नु भएको सबै उपदेशलाई तीन पिटकमा विभाजन गरिएको छ । ती हुन् :- क) सूत्र पिटक ख) विनय पिटक र ग) अभिधर्म पिटक । यी तीन पिटकलाई नै ' त्रिपिटक ग्रन्थ' भनिन्छ । ती त्रिपिटक ग्रन्थ मध्ये अभिधर्म पिटकमा सातवटा ग्रन्थ छन् , ती क्रमैसंग निम्न लिखित हुन् :-

१) धम्मसङ्गणि

२) विभङ्ग

३) धातुकथा

४) पुग्गलपञ्ञत्ति

५) कथावत्थु

६) यमक

७) पट्ठान

अभिधर्म पिटक अत्यन्त महत्त्वपूर्ण ग्रन्थ हो । यसमा भगवान बुद्धका धर्मको मूख्य कुरा संग्रहित छ । बुद्ध धर्मको मूल सिद्धान्त के हो ? अर्थात बुद्ध धर्म भनेको के हो कस्तो धर्म हो भन्ने कुरा अभिधर्म अध्ययन गऱ्यो भने मात्र राम्रोसँग बुझिन्छ । त्यसैले अभिधर्म पिटकलाई बौद्ध दर्शन (Buddhist Philosophy) भनेर पनि भनिन्छ ।

### अभिधर्मको निदान

धम्मङ्गणि ग्रन्थको अट्ठकथा पालिमा देखाइएको अनुसार यस भद्र कल्पबाट गिन्ति गर्दै लग्यो भने चार असंख्य र एक लाख कल्प पहिला दीपङ्कर तथागतको पालामा गौतम बुद्ध 'सुमेध' भन्ने तपस्वी थिए । त्यसबेला वहाँले दीपङ्कर तथागतको पादमूलमा बुद्ध हुने प्रार्थना गरेर सुमेध तपस्वीको जन्मदेखि वेस्सन्तर राजाको जन्मसम्म अनगिन्ति जन्ममा सुन, चाँदी, हीरा, मोति, घोडा, हात्ती आदि अनगिन्ति वाहिरिक वस्तु साथै हात, खुट्टा, नाक, कान, टाउको, आँखा आदि आन्तरिक वस्तु अनि प्राण समेत परित्याग गरेका थिए । यस प्रकारले दान शीलादि दश पारमी, दश उपपारमी र दश परमत्थ पारमी भन्ने पारमिता पूर्ण गरी तुषित देवलोकमा स्वेतकेतु बोधिसत्त्व भएर सबै देवताहरूभन्दा लामो आयु रूप राम्रो भएर जन्म लिनु भयो । वहाँ त्यस देवलोकमा मनुष्यहरूको हिसाबले ५७ करोड ६० लाख वर्षसम्म दिब्य सुख सम्पत्ति अनुभव गरी अन्तिम जन्ममा आषाढ पूर्णिमाको दिन कपिलवस्तु नगरमा अधिपति शुद्धोदन राजाको बडामहारानी महामाया देवीको गर्भमा प्रतिसन्धि ग्रहण गर्नुभयो । दश महिनापछि वैशाख पूर्णिमामा जन्म लिनुभयो । वहाँ २९ वषको उमेरमा गृहत्याग गरी ६ वर्ष पछि बुद्ध हुनुभयो । बुद्धत्त्व प्राप्ति पछि वहाँले धेरै देव मनुष्यहरूलाई सद्धर्म देशना गरी हित उपकार गर्नुभएको क्रम अनुसारले सातौं वर्षावास समयमा गण्डव वृक्षको मूलमा तीर्थङ्करहरूलाई दमन गर्नको लागि अनेक ऋद्धि प्रातिहार्य देखाएर तीन पाइला सारी तावतीस देवलोकमा पारिछत्तक वृक्षको तल ओछ्याइरहेको पण्डुकमल शीलासनमा सूर्य समान शोभायमान भई बस्नुभयो । त्यहाँ नै वहाँले सातौं वर्षाबास बस्नुभयो । वर्षाबासको तीनमहिनासम्म वहाँले आफ्नो आमा हुनुभएका सन्तुसित देवपुत्र (महामायादेवी) लाई प्रधान गरी दश सहश्र चक्रवालबाट आएका देव ब्रम्हाहरूलाई तीन बलले पूर्ण भएको सर्वज्ञ ज्ञानद्वारा मनुष्य सम्पत्ति, दिव्य सम्पत्ति, निर्वाण सम्पत्ति दिने अभिधर्म देशना विस्तार पूर्वक सुनाउनु भयो । त्यतिबेला वहाँले एक निर्मित बुद्ध निर्माण गरी त्यहाँ देवलोकमा धर्म देशना गराई वहाँ सधैं अनोतप्त दहमा तल झरेर स्नान गरी उत्तर कुरूमा भिक्षाटन जानुहुन्थ्यो । भोजन सकिएपछि श्रीखण्ड वनमा सारिपुत्र महास्थविर भेटेर वहाँलाई देवलोकमा बताउनु भएको अभिधर्म देशना संक्षिप्तमा भन्नु भएको थियो । सारिपुत्र महास्थविरले उक्त धर्मकथा आफ्नो पाँच सय शिष्यहरूलाई अति संक्षिप्त पनि नभई अति विस्तारले पनि नहुने रूपले भन्नुभयो । त्यसैले सारिपुत्र महास्थविरले भन्नु भएको अभिधर्म देशनालाई 'नाति



Downloaded from http://dhamma.digital/

वित्थार नाति सङ्खेप नय' भनिन्छ। सारिपुत्रलाई बुद्धले भन्नु भएको अभिधर्म देशनालाई 'संखेप नय' भनिन्छ। भगवानले देवताहरूलाई भन्नु भएको अभिधर्म देशना अत्यन्त विस्तरले भन्नु भएको हुनाले 'वित्थारनय' भनिन्छ । यस्तै रूपले देव र मनुष्य लोकमा अभिधर्म अध्ययन अध्यापन भएको थियो । त्यस अभिधर्म आचार्य शिष्य परम्परा अहिले सम्म बाँकी छ ।

## अभिधर्मको परिभाषा

'अभिधर्म' शब्दमा 'अभि' को अर्थ (१) विशेष र (२) अतिरेक हो । 'धम्म' को अर्थ परियत्ति धर्म हो । त्यसैले अभिधर्मको अर्थ 'विशेष प्रकारको धर्म' पनि हो फेरि 'अतिरेक धर्म' पनि हो । अतिरेक भनेको नाघेर गएको भनेको हो । सूत्र पिटकले व्याख्या गर्न नसकेको परमार्थ धर्मलाई अभिधर्म सूत्रको क्षेत्रलाई नाघेर व्याख्या गरिराखेको हुनाले यसलाई अतिरेक धर्म भनेको हो । अर्थात् खन्ध, आयतन, धातु, सत्य, प्रतित्यसमुत्पाद आदिलाई सूत्र पिटकले राम्रोसँग छुटाएर व्याख्या गरेको छैन । सूत्रले व्याख्या गर्न नसकेको आध्यात्मिक आयतनलाई अभिधर्ममा मात्र विशेष प्रकारका धर्म वा विशेष अर्थलाई देखाउने धर्म फेरि अतिरेक धर्म वा नाघेर गएको धर्म भनिन्छ । यसैले सूत्र पिटकभन्दा अत्यन्त गम्भीर र विशिष्टको धर्म अभिधर्म हो ।

## अभिधर्मको अर्थ

सातवटा अभिधर्म ग्रन्थमा देखाएको अर्थलाई अभिधर्मको अर्थ (अभिधम्मत्थ) भनिन्छ । त्यस ग्रन्थमा अत्यन्त गम्भीर दार्शनिक तत्त्वको संग्रह र व्याख्या गरेको छ । त्यस मध्य संक्षिप्त काल भने चार परमार्थ धर्मको स्वभावलाई वर्णन गरेको छ ।

## अभिधर्मार्थ र परमार्थ

अभिधर्मार्थ (अभिधर्मको अर्थ) भन्नाले चारवटा परमार्थ धर्म र प्रज्ञप्तिलाई पनि लिनुपर्छ । अर्थात अभिधर्मार्थमा परमार्थ पनि प्रज्ञप्ति पनि पर्छ । तर परमार्थ मात्र भन्नेबेला प्रज्ञप्ति पर्दैन ।

## प्रज्ञप्ति (पञ्ञति)

प्रज्ञप्ति भनेको नाम हो । केही वस्तुको गुण आकार प्रकार इत्यादिको आधारमा व्यवहारमा सजिलो पार्न प्रज्ञप्त गरिराखेको नामलाई नै प्रज्ञप्ति भनिन्छ । अथवा व्यवहारिक रूपमा केही कुरा हामीले सिक्नको लागि यस्तो वस्तुलाई यस्तो भनिन्छ , त्यस्तो वस्तुलाई त्यस्तो भन्ने भनेर वस्तु चिन्नको लागि प्रज्ञप्त गरिराखेको संकेतलाई नै प्रज्ञप्ति भनिन्छ । जस्तै - यस्तो आकार भएकोलाई ' कुकुर' भन्ने, यस्तोलाई 'मान्छे' भन्ने आदि रूपले पहाड, पर्वत, नदी, वनजंगल, घर, खेत, देव, ब्रम्हा आदि जतिपनि चीज बीज छन् ती सबै नै प्रज्ञप्ति हुन् ।

## परमार्थ (परमत्थ)

यथार्थ रूपमा भएका स्वभाव धर्मलाई परमार्थ भनिन्छ । अथवा यथार्थ रूपमा भएकाको अर्थ कस्तो हो त्यसै भएका वा साँच्चै नै भएका हुन् भन्ने हो । अर्थात् आ-आफ्नो मूल स्वभावले कहिल्यै परिवर्तन नहुने चित्त, चैतसिक आदि चार स्वभाव धर्मलाई परमार्थ भनिन्छ ।

## प्रज्ञप्ति र परमार्थ

प्रज्ञप्ति भनेको यथार्थ रूपमा भएको होइन, तर परमार्थ साँच्चै भएको धर्म हो । जस्तै– 'घर' भनेको प्रज्ञप्ति हो । तर परमार्थबाट हेर्नेबेला 'घर' भनेको वस्तु साँच्चै भएको होइन केवल त्यहाँ माटो, ईंटा, काठ, सिमेन्ट, ढुङ्गा इत्यादि मात्र हुन्छ । 'घर' भन्ने अलग चीज छैन । जुन आकार प्रकारको आधारमा केही वस्तुको नाम भइरहन्छ त्यो आकार प्रकार भएन भने त्यो वस्तुको नाम (प्रज्ञप्ति) हराएर जान्छ । जस्तो 'पात्र' भन्नाले गोलो माटोको एउटा भाडा भनेर हामीलाई थाहा छ । तर त्यो पात्र टुक्रा टुक्रा हुने गरी फुटेर धूलो र माटो भयो भने पात्र नभनिकन माटो भनिन्छ , त्यो वस्तुको नाम पात्र भनी पहिला राखेको प्रज्ञप्ति हराएर जान्छ । त्यसैले प्रज्ञप्ति भनेको साँच्चै भएको होइन । तर परमार्थ भनेको साँच्चै नै भएको स्वभाव धर्म हो । 'घर' भनेको 'पात्र' भनेको अलग अलग चीज छैन तर त्यसमा पथवी धातु , आपो धातु आदि चतुर्महाभूत मात्र भइरहन्छ । यता पथवी आदि चतुर्ममहाभूत यथार्थ भएका हुनाले फेरि यसको स्वभाव परिवर्तन नहुने हुनाले यसलाई परमार्थ भनिन्छ ।

## चार परमार्थ धर्म



Downloaded from http://dhamma.digital/

परमार्थ धर्म चारवटा छन् । ती – १) चित्त २) चैतसिक ३) रूप र ४) निर्वाण । यी चार परमार्थ यथार्थ रूपले विद्यमान भएका हुन् । परमार्थबाट हेऱ्यो भने यी चारवटा बाहेक यो संसारमा अरू केही चीज खोज्ने छैन । अब तिनै चार स्वभाव धर्मको अलग अलग वर्णन गरिन्छ ।

## चित्त

साधारण अर्थमा चित्त भनेको मन हो । चित्तलाई 'विञ्ञाण' अर्थात 'विज्ञान' भनेर पनि भनिन्छ । आरम्मणलाई थाहा पाउने स्वभाव धर्मलाई चित्त भनिन्छ । आँखाले रूपलाई देख्ने, कानले शब्द सुन्ने, नाकले सुघ्ने, जिब्रोले स्वाद लिने, शरीरले स्पर्श गर्ने (छुने) फेरि मनले कल्पना गर्नेलाई नै आरम्मण भनिन्छ । आँखाले रूपलाई देखेर गाई देखें भनी थाहा पाउने, कानले शब्द सुनेर सनें भनी थाहा पाउने आदि छ प्रकारका आरम्मणलई थाहा पाउनेलाई क्रमशः चक्खु विञ्ञाण, सोत विञ्ञाण, .... आदि भन्ने गरिन्छ । चित्त भएन भने आँखाले केही चीज देखेपनि देखेको अनुभव अर्थात् त्यो देखें यो देखें भनी भन्न सक्दैन । यसरी आरम्मणलाई थाहा पाउने नै चित्तको स्वभाव हो । त्यसैले आरम्मणलाई थाहा पाउने, आरम्मणलाई ग्रहण गर्ने, आरम्मणमा चिन्तना गर्ने स्वभाव धर्मलाई 'चित्त' भनिन्छ ।

## चेतसिक

चित्तमा उत्पत्ति हुने र चित्तमा मिल्ने स्वभाव धर्मलाई 'चेतसिक' भनिन्छ । अथवा चित्त सँग सँगै उत्पन्न हुने चित्त सँग सँगै निरोध पनि हुने चित्तले जस्तो आरम्मण गऱ्यो त्यसले पनि त्यस्तै नै आरम्मण गर्ने र चित्तकोजस्तै समान आधार भएको चित्तमा मिल्ने ५२ प्रकारका स्वभाव धर्मलाई 'चेतसिक' भनिन्छ ।

## रुप

फेरिएर जाने फरक हुने वा परिवर्तन हुने स्वभावलाई 'रूप' भनिन्छ । कसरी परिवर्तन भएर जान्छ ? चिसो, तातो, भोक लागेको, तिर्खा लागेको, चोट परेको, शस्त्रद्वारा प्रहार हुने आदि विरूघ्द हेतु कारणले रूप समूह (पदार्थ) बिग्रेर जाने भत्किने दुब्लो हुने सुक्ने, दाग दाग हुने हुन्छ । यसरी विनाश हुने, विपरिणाम हुने विपरित हुने फेरिने फरक हुने परिवर्तन हुने स्वभावलाई 'रूप' भनिन्छ । यो संसारमा केही पनि वस्तु स्थिर रूपमा रहँदैन । प्रत्येक वस्तु परिवर्तनशील छ । त्यसैले त्यो परिवर्तन भइरहेको स्वभावलाई नै 'रूप' भनिन्छ ।

प्रत्येक रूप समूह चतुर्महाभूतले बनेको हो । चतुर्महाभूत भनेको चारवटा धातु हो । अष्ट कलाप समूहलाई नै 'रूप' भनिन्छ । निम्न लिखित आठ प्रकारका धातु स्वभावलाई अष्ट कलाप भनिन्छ । ती -

१) पथवी धातु = कडा स्वभाव ।

२) आपो धातु = डल्लो पार्ने स्वभाव ।

३) तेजो धातु = तातो स्वभाव ।

४) वायो धातु = फुल्ने स्वभाव ।

५) वण्ण धातु = सेतो, कालो आदि वर्ण ।

६) गन्ध = बास्ना आउने, गनाउने आदि गन्ध ।

७) रस धातु = गुलियो तितो आलि स्वाद ।

८) ओज धातु = ताकत शक्ति दिने स्वभाव ।

यसमा पथवी, आपो, तेजो र वायो - यी नै चारवटा धातुलाई चतुर्महाभूत भनिन्छ । यिनै चार धातुको समूह वा अष्ट कलाप समूहलाई 'रूप' भनिन्छ ।[1]

## निर्वाण

तृष्णाले एउटा जन्म र अर्को जन्मलाई जोड्ने हुनाले तृष्णालाई 'वान' भनिन्छ । निर्वाण वानरूपी तृष्णाबाट अलगको हो । ब्रम्हादेव मनुष्यहरूलाई संसारमा सम्बन्ध जोडी राखेको वानरूपी तृष्णाले अलगको भएको हुनाले शान्ति लक्षण स्वभाव एक मात्र भएको असंस्कृत

---

1 यता 'रूप' भनेर भूतरूपलाई लिएको छ । अरू रूपको बारे रूप काण्डमा वर्णन हुन्छ ।



Downloaded from http://dhamma.digital/

धर्मलाई नै निर्वाण भनिन्छ । त्यस निर्वाणलाई अर्हन्त आदि आर्य्यपुद्गलहरूले प्रत्यक्ष रूपले साक्षात्कार गर्न सक्ने हुन्छ । कल्याण पृथग्जनहरूले पनि प्रज्ञा चक्षुद्वारा अनुमानले देख्न सक्ने हुन्छ । निर्वाण स्वभाव र लक्षणको आधारमा एउटा मात्र भएपनि कारण भेदको आधारमा दुई र आकार भेदको आधारमा तीनवटा छन् ।

कारण भेदको आधारमा दुईवटा निर्वाण

१) सउपादिशेष निर्वाण

२) अनुपादिशेष निर्वाण

पञ्चस्कन्ध (रूप, बेदना, संज्ञा, संस्कार र विज्ञानलाई पञ्चस्कन्ध भनिन्छ ।) देहलाई बाँकी राखेर सम्पूर्ण तृष्णाबाट अलग भएको अवस्थालाई सउपादिशेष निर्वाण भनिन्छ । भगवान् बुद्धले बोधिवृक्ष रूखको तल सउपादिशेष निर्वाण प्राप्त गर्न भएको थियो । त्यस्तै सारिपुत्र मौद्गल्यायन आदि महास्थविरहरू पनि जुनबेला अर्हत्त्वमा पुग्नुभयो त्यतिबेला नै सउपादिशेष निर्वाण प्राप्त भएको हो । वस्तुत : अर्हत्त्व नै सउपादिशेष निर्वाणको अर्को नाम हो ।

सउपादिशेष निर्वाण पछि पञ्चस्कन्ध देह नहुने वा नभएको अवस्थालाई अनुपादिशेष निर्वाण भनिन्छ । अर्को शब्दले भन्ने हो भने तथागत र अर्हत्हरू परिनिर्वाण हुनेलाई अनुपादिशेष निर्वाण भनिन्छ । कुशीनगरको मल्ल राजाहरूको शालवनमा तथागत अनुपादिशेष निर्वाण हुनुभयो । अनुपादिशेष निर्वाण प्राप्त भयो भने रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान सँगै निरोध हुन्छ ।

आकार भेदको आधारमा तीनवटा निर्वाण

१) शून्यत निर्वाण

२) अनिमित्त निर्वाण

३) अप्रणिहित निर्वाण

निर्वाण प्राप्त भएपछि सम्पूर्ण क्लेश निर्मूल हुने वा क्लेश शून्य हुने भएर निर्वाणलाई शून्यत निर्वाण अथवा सून्यता विमोक्ख भनिन्छ । यस शून्यत निर्वाण अनत्तानुपस्सना भावनाद्वारा प्राप्त हुन्छ ।

निर्वाण प्राप्त भएपछि रमाइलो हुने, आनन्द हुने आदि क्लेशको निमित्त केही नहुने भएर निर्वाणलाई अनिमित्त निर्वाण अर्थात् अनिमित्ता विमोक्ख पनि भनिन्छ । यस अनिमित्त निर्वाण अनिच्चानुपस्सना भावनाद्वारा प्राप्त हुन्छ ।

निर्वाण प्राप्त भएपछि 'म सदा यहीं बस्न पाओस् , मलाई मोक्ष प्राप्त होओस्' भनी प्रार्थना वा आशिका गर्नुपर्ने केही नभएकोले निर्वाणलाई अप्रणिहित निर्वाण अथवा अपणीहित विमोक्ख पनि भनिन्छ । यस अप्रणिहित निर्वाण दुक्खानुपस्सना भावनाद्वारा प्राप्त हुन्छ । यस प्रकारले सबै गरेर पाँच प्रकारका निर्वाण हुन्छ ।

### नाम रुप धर्म

माथि भनेका चित्त र चैतसिक दुईवटालाई 'नाम धर्म' भनिन्छ । अनि रूपलाई मात्र 'रूप धर्म' भनिन्छ । त्यसैले नाम रूप भनेको चित्त, चैतसिक र रूप भनेर बुझ्नुपर्छ ।

### अभ्यास प्रश्न

१) सातवटा अभिधर्म ग्रन्थ के-के हुन् ?

२) अभिधर्मको निदान के हो ?

३) अभिधर्मको परिचय दिनुहोस् ?

४) अभिधम्मत्थ वा अभिधर्मको अर्थ के हो ?

५) अभिधर्मार्थ र परमार्थमा के फरक छ ?

६) प्रज्ञप्ति र परमार्थमा के फरक छ ?

७) परमार्थ धर्म कतिवटा छन् , ती के के हुन् ?

८) चित्त, चैतसिक र रूप भनेका के के हुन् ?



Downloaded from http://dhamma.digital/

९) निर्वाण भनको के हो ? त्यो कति प्रकारका छन् , एक एकवटा को अर्थ लेख्नुहोस् ।

१०) नाम रूप भनेको के हो ?

# चित्त काण्ड

चित्त जम्मा संक्षिप्तमा ८९ वटा र विस्तरमा १२१ प्रकारका छन् । त्यसलाई भूमिको आधारमा चार प्रकारमा विभाजन गरिएको छ । भूमिको आधारमा भनेको विभिन्न भुवनमा हुने वा उत्पत्ति हुने हिसाबले चित्तलाई विभाजन गरिराखेको भनेको हो । भूमि जम्मा ३१ वटा छन् । त्यस मध्ये काम भूमि ११ वटा, रूप भूमि १६ वटा, र अरूप भूमि ४ वटा छन् ।

### भूमि भेदको आधारमा चित्तको विभाजन

१) कामावचर चित्त २) रूपावचर चित्त ३) अरूपाचर चित्त ४) लोकुत्तर चित्त

### कामावचर चित्त

प्राय : जसो ११ वटा काम भूमिमा उत्पन्न हुने वा अवचरण हुने (घुम्ने) चित्तलाई कामावचर चित्त भनिन्छ । ११ वटा काम भूमि भनेका यी हुन् :–

१) निरय (नरक)
२) तिरच्छान ( तिर्यक वा पशु पंक्षी, किरा, पतंग आदि) **अपाय दुर्गति ४ वटा**
३) पेत्ता (प्रेत)
४) असुर (यक्ष, राक्षस)
५) मनुस्स (मान्छे)
६) चातुम्महाराजिका (चतुर्महाराज देव भुवन)
७) तावतिंस (त्रयतिंश देव भुवन)
८) यामा (यामा देव भुवन) **काम सुगति भुवन ७ वटा**
९) तुसिता (तुषिता भुवन)
१०) निम्मानरति (निर्माणरति देव भुवन)
११) परनिम्मित वसवत्ति (परनिर्मित वसवर्ति देव भुवन)

कामावचर चित्त जम्मा ५४ वटा छन् । त्यस मध्ये

अकुशल चित्त – १२ वटा
अहेतुक चित्त – १८ वटा
कामशोभण चित्त – २४ वटा
यसरी जम्मा ५४ वटा भयो ।

### अकुशल चित्त (१२ वटा)

कुशल नभएको चित्तलाई अकुशल चित्त भनिन्छ । अथवा दोष सहितको नराम्रो, दुष्ट चित्तलाई अकुशल चित्त भनिन्द्ध । अकुशल चित्त १२ वटा मध्यमा लोभमूल चित्त ८ वटा, द्वेष मूल चित्त २ वटा र मोहमूल चित्त २ वटा छन् ।

### लोभ मूल चित्त ८ वटा



Downloaded from http://dhamma.digital/

लोभ चैतसिकसँग मिलेको वा लोभ सहित भएको चित्तलाई लोभमूल चित्त वा लोभ सहगत चित्त वा लोभ चित्त भनिन्छ। लोभ सहगत चित्त ८ वटा छन् :–

१) सोमनस्ससहगत दिट्ठिगतसम्पयुत्त असङ्खारिक चित्त

२) सोमनस्स सहगत दिट्ठिगतसम्पयुत्त ससङ्खारिक चित्त

३) सोमनस्ससहगत दिट्ठिगतविप्पयुत्त असङ्खारिक चित्त

४) सोमनस्ससहगत दिट्ठिगतविप्पयुत्त ससङ्खारिक चित्त

५) उपेक्खासहगत दिट्ठिगतसम्पयुत्त असङ्खारिक चित्त

६) उपेक्खासहगत दिट्ठिगतसम्पयुत्त ससङ्खारिक चित्त

७) उपेक्खासहगत दिट्ठिगतविप्पयुत्त असङ्खारिक चित्त

८) उपेक्खासहगत दिट्ठिगतविप्पयुत्त ससङ्खारिक चित्त

यसमा 'सोमनस्स' भनेको 'हर्ष' हो । सोमनस्सको अर्थ रमाएको, प्रशन्न भएको हो । 'सहगत' भनेको 'मिलेको' भनेको हो । 'सोमनस्स सहगत' भनेको 'हर्षसँग मिलेको' भन्ने अर्थ भयो । 'दिट्ठिगत सम्पयुत्त' भनेको मिथ्यादृष्टिसँग मिलेको वा मिथ्यादृष्टि युक्तको भनेको हो। त्यस्तै दिट्ठिगत विप्पयुत्तको अर्थ मिथ्यादृष्टि नभएको भन्ने भयो । असङ्खारिक भनेको प्रेरणा रहितको हो, अर्थात् कसैले यस्तो गर त्यस्तो गर भनी उत्साह वा प्रेरणा नदिई उत्पत्ति हुने चित्तलाई असङ्खारिक वा असंस्कारिक चित्त भनिन्छ। अनि अरूको प्रेरणाद्वारा उत्पत्ति हुने चित्तलाई ससङ्खारिक वा ससंस्कारिक चित्त भनिन्छ। मन पर्ने पनि होइन मन नपर्ने पनि होइन अथवा सुख पनि होइन दु :ख पनि होइन असुख खदुःख वेदनालाई 'उपेक्षा' (उपेक्खा) भनिन्छ। त्यस उपेक्षा वेदनासँग मिलेको चित्तलाई उपेक्खासहगत चित्त भनिन्छ। त्यसैले 'सोमनस्ससहगत दिट्ठिगतसम्पयुत्त असङ्खारिक चित्त' भन्नाले 'हर्षसँग मिलेको मिथ्यादृष्टि युक्तको प्रेरणा रहितको चित्त' भन्ने अर्थ भयो। यसै रूपमा अरू लोभमूल चित्तको अर्थ थाहा पाउनु पर्छ।

## द्वेषमूल चित्त २ वटा

द्वेष सँग मिलेको चित्तलाई दोसमूल चित्त भनिन्छ। दोषमूल चित्त दुईवटा निम्न लिखित हुन् :–

१) दोमनस्ससहगत पटिघसम्पयुत्त असङ्खारिक चित्त

२) दोमनस्ससहगत पटिघसम्पयुत्त ससङ्खारिक चित्त

यता 'दोमनस्स' को अर्थ मानसिक दु :ख हो। दोमनस्सलाई दौर्मनस्य पनि भनिन्छ। 'पटिघ' को अर्थ द्वेष हो।

## मोहमूल चित्त २ वटा

मोहसँग मिलेको चित्तलाई मोहमूल चित्त भनिन्छ। मोहको अर्थ अज्ञान हो। मोहले वस्तुको यथार्थ स्वभावलाई छोपिदिन्छ। मोहमूल चित्त दुईवटा निम्न लिखित हुन् :–

१) उपेक्खासहगत विचिकिच्छासम्पयुत्त चित्त

२) उपेक्खासहगत उद्धच्चसम्पयुत्त चित्त

यस मोह मूल चित्तमा विचिकिच्छा र उद्धच्च दुइवटानै सम्पयुत्त भएको छ । बुद्ध , धर्म, संघ आदि विषयमा शंका हुनेलाई विचिकिच्छा भनिन्छ। चित्तको चञ्चल स्वभावलाई उद्धच्च वा औधृत्य भनिन्छ।

यसरी अकुशल चित्त १२ वटा संक्षिप्तमा सकियो।

## अहेतुक चित्त १८ वटा

हेतु नभएको चित्तलाई अहेतुक चित्त भनिन्छ। हेतु छ प्रकारका छन्। ती–(१) लोभ (२)द्वेष (३) मोह (४) अलोभ (५) अद्वेष (६) अमोह ।[२] यता लोभ, द्वेष र मोहलाई अकुशल हेतु भनिन्छ। अलोभ, अद्वेष र अमोहलाई कुशल हेतु भनिन्छ। त्यस्तो लोभ द्वेषादि छ

2 यता, लोभ, द्वेष, मोह भनेका अकुसल चैतसिक हुन्। अलोभ, अद्वेष भनेका कुसल चैतसिक हुन्। अमोह भनेको प्रज्ञा चैतसिक हो।



Downloaded from http://dhamma.digital/

प्रकारका हेतु पनि नभएको चित्तलाई अहेतुक चित्त भनिन्छ। अहेतुक चित्त जम्मा १८ वटा छन्। त्यस मध्ये अकुशल विपाक चित्त ७ वटा, कुशल विपाक चित्त ८ वटा, र क्रिया चित्त ३ वटा छन्। अहेतुक चित्त १८ वटाको स्वरूप यस्तो छ :–

## अहेतुक अकुसलविपाक चित्त ७ वटा[3]

१) उपेक्खासहगत अकुसलविपाक चक्खुविञ्ञाण चित्त[4]

२) उपेक्खासहगत अकुसलविपाक सोतविञ्ञाण चित्त

३) उपेक्खासहगत अकुसलविपाक घानविञ्ञाण चित्त

४) उपेक्खासहगत अकुसलविपाक जिव्हाविञ्ञाण चित्त

५) उपेक्खासहगत अकुसलविपाक कायविञ्ञाण चित्त

६) उपेक्खासहगत अकुसलविपाक सम्पटिच्छन चित्त

७) उपेक्खासहगत अकुसलविपाक सन्तीरण चित्त

## अहेतुक कुसलविपाक चित्त ८ गू

१) उपेक्खासहगत कुसलविपाक चक्खुविञ्ञाण चित्त

२) उपेक्खासहगत कुसलविपाक सोतविञ्ञाण चित्त

---

3 अकुसल चित्तको विपाकलाई अकुसलविपाक भनिन्छ। कुशल चित्तको विपाकलाई कुसलविपाक भनिन्छ।

4 आँखा (चक्खुपसाद) र केही रूप मिल्ने बेला आरम्मण हुन्छ , जसलाई रूपारम्मण भनिन्छ। रूपारम्मण भएपछि चक्खुविञ्ञाण उत्पन्न हुन्छ। चक्खुपसादमा आश्रित भएको चित्त भएकोले चक्खुविञ्ञाण भनेको हो। दुईवटै आँखा अन्धो भएका मानिससँग चक्खुविञ्ञाण उत्पन्न हुँदैन। कान (सोतपसाद) र शब्द मिल्यो भने सद्दारम्मण हुन्छ सद्दारम्मण भयो भने सोतविञ्ञाण उत्पन्न हुन्छ। सोतपसादमा आश्रित भएर उत्पन्न हुने चित्त भएकोले सोतविञ्ञाण भनेको हो। घान, जिव्हा, कायविञ्ञाणलाई पनि यही रूपमा बुझ्नुपर्ने भयो।

निद्रा नआइरहेको अवस्थामा पनि निद्रा आइरहेको अवस्थामा पनि चित्त उत्पन्न भइरहन्छ। निद्रा आइरहेको अवस्थामा चक्खु (चक्षु , मिखा), सोत ( श्रोत, कान), घान (घ्राण, नाक), जिव्हा (जिब्रो), काय (शरीर) पाँचवटैद्वारको तर्फबाट चित्त उत्पन्न हुँदैन। एक किसिमले अचेतन अवस्था जस्तै हुन्छ। त्यस अवस्थामा उत्पन्न हुँदै गएको चित्त धारालाई 'भवङ्गचित्त सन्तति' भनिन्छ। निद्रा नआइरहेको अवस्थामा उत्पन्न भइरहेको चित्त धारालाई 'वीथि चित्त सन्तति' भनिन्छ। सपनामा सपना देखिरहेको बेला पनि वीथि चित्त उत्पन्न हुन्छ जसलाई स्वप्न वीथि भनिन्छ। भवङ्ग चित्त निद्राबाट बिउँभिरहेको अवस्थामा क्षण क्षणमा उत्पन्न भइरहन्छ।

वीथि चित्त उत्पन्न नहुने अवस्थामा सधैं भवङ्ग चित्त उत्पन्न हुन्छ। भवङ्ग चित्त विच्छेद हुने बित्तिकै पञ्चद्वारावज्जन, चक्खुविञ्ञाण, सम्पटिच्छन, सन्तीरण, बोट्ठपन, जवन र तदारम्मण भनेका चित्त लगतै उत्पन्न हुन्छ त्यसपछि भवङ्ग चित्त पनि तुरुन्त उत्पन्न हुन्छ। यता पञ्चद्वारावज्जन चित्तले भवङ्ग चित्तलाई बिच्छेद गरी आरम्मण ग्रहण गरी त्यस आरम्मणमा चक्खुविञ्ञाण उत्पत्ति गराउन मिलाइदिन्छ। अनि चक्खुविञ्ञाण उत्पन्न भएर आरम्मण ग्रहण गर्छ। त्यसपछि चक्खुविञ्ञाणले ग्रहण गरेको आरम्मणलाई सम्पटिच्छन चित्तले दृढतापूर्वक ग्रहण गर्छ त्यसपछि सन्तीरण चित्तले त्यस आरम्मणलाई आफूलाई मन पर्ने आरम्मण हो कि मन नपर्ने आरम्मण अथवा उपेक्षित (मध्यस्थको) आरम्मण हो कि भन्ने रूपले मीमांसा वा तुलना गर्छ। त्यसपछि वोट्ठवन चित्तले मन पर्ने भए मन पर्ने, मन नपर्ने भए मन नपर्ने, उपेक्षित भए उपेक्षित हो भनी निश्चय गर्छ। निश्चय भएपछि जवन चित्त लगातार सातचोटिसम्म उत्पन्न भएर आरम्मणको स्वाद अनुभव गर्छ। त्यसपछि तदारम्मण चित्त दुई चोटि उत्पन्न भएर बाँकी भएको स्वाद फेरि लिन्छ। त्यसपछि भवङ्ग चित्त उत्पन्न हुन्छ।

सोतविञ्ञाण आदि पनि यही रूपले उत्पन्न हुन्छ , जस्तै भवङ्ग , पञ्चद्वारावज्जन, सोतविञ्ञाण, सम्पटिच्छन, सन्तीरण, बोट्ठवन, जवन, तदारम्मण, भवङ्ग। यहाँ पञ्चद्वारावज्जन चित्तदेखि तदारम्मण चित्त सम्मलाई वीथि चित्त भनिन्छ। कुनै एक आरम्मण पूर्ण रूपले ग्रहण गराउन वीथि चित्तमा उपर्युक्त क्रम पूरा गर्नपर्छ। एक सानो क्षणमा पनि हामीले सयौं हजारौं गरिसकेका हुन्छौं, वीथि चित्तमा क्रम हजारौं बढेको हुन्छ , त्यसैले भनेको छ कि ए चुत्की बजाउने समयभित्र चित्त क्षण करोडौं करोड बार उत्पन्न भएर नष्ट हुनसक्छ।

पञ्चद्वारावज्जन, मनोद्वारावज्जन, चक्खुविञ्ञाण, सोताविञ्ञाण, घानविञ्ञाण, जिव्हाविञ्ञाण, कायविञ्ञाण, सम्पटिच्छन, सन्तीरण चित्त उत्पन्न हुने समयमा आरम्मणमा ईष्टाकार (मनपर्ने), अनिष्टाकार (मन नपर्ने) आदि निर्णय नहुने भएकोले त्यसमा लोभ, द्वेष आदि हेतु उत्पन्न भएको हुँदैन। त्यसैले यसलाई अहेतुक चित्त भनेको हो।



Downloaded from http://dhamma.digital/

३) उपेक्खासहगत कुसलविपाक घानविञ्ञाण चित्त

४) उपेक्खासहगत कुसलविपाक जिव्हाविञ्ञाण चित्त

५) सुखसहगत कुसलविपाक कायविञ्ञाण चित्त

६) उपेक्खासहगत कुसलविपाक सम्पटिच्छन चित्त

७) सोमनस्ससहगत कुसलविपाक सन्तीरण चित्त

८) उपेक्खासहगत कुसलविपाक सन्तीरण चित्त

**अहेतुक क्रिया चित्त ३ वटा**[५]

१) उपेक्खासहगत पञ्चद्वारावज्जन चित्त[६]

२) उपेक्खासहगत मनोद्वारावज्जन चित्त

३) सोमनस्ससहगत हसितुपाद चित्त[७]

अहेतुक चित्त १८ वटा संक्षिप्तमा सकियो ।

## असोभन चित्त[८]

अकुसल चित्त १२ वटा र अहेतुक चित्त १८ वटा जम्मा ३० वटा चित्तलाई 'असोभन चित्त' भनिन्छ ।

## काम सोभन चित्त २४ वटा

क्लेश आदि रहित भएर शोभा भएको राम्रो चित्तलाई 'सोभन चित्त' भनिन्छ । सोभन नभएको चित्तलाई असोभन चित्त भनिन्छ । असोभन चित्त ३० वटालाई छोडेर बाँकी भएको सबै चित्तलाई सोभन चित्त भनिन्छ । कामावचर चित्तमा सोभन चित्त २४ वटा छन् , त्यसलाई काम सोभन चित्त अथवा कामावचर सोभन चित्त भनिन्छ । त्यस काम सोभन चित्त २४ वटाको स्वरूप यस्तो छ :–

## महाकुसल चित्त ८ वटा

१) सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त

२) सोमनस्ससहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त

---

5 कुसल, विपाक र क्रियाको विषयमा अगाडि हेर्नुहोस् ।

ट वीथिचित्त सन्ततिको अगाडि भवङ्ग सन्तति भइरहन्छ । आरम्मण उपस्थित भएपछि भवङ्ग सन्ततिलाई रोकेर आरम्मण ग्रहण गर्ने साथै वीथि चित्तलाई आरम्मण अगाडि पुऱ्याउने चित्तलाई आवज्जन चित्त भनिन्छ । चक्खु, सोत, घान, जिव्हा व कायलाई पञ्चद्वार भनिन्छ । पञ्चद्वारमा हुने आवज्जनलाई 'पञ्चद्वारावज्जन' भनिन्छ । मनोद्वारमा हुने आवज्जनलाई 'मनोद्वारावज्जन' भनिन्छ ।

7 हर्ष हुने हाँस्नुलाई 'हसितुप्पाद' भनिन्छ । हाँस्ने छ प्रकारको छ– १) स्मित=आँखाले मात्र हाँसेको देखाउने २) हसित=दाँत अलि अलि देखिने गरी मुसुक हाँस्ने ३) विहसित= शब्द अलि अलि सुनिने गरी हाँस्ने ४) उपहसित=टाउको जिऊँ हल्लाएर हाँस्ने ५) अपहसित=आँखाबाट आँसु झर्ने गरी हाँस्ने ६) अतिहसित=लडीबुडी हाँस्ने । हसितुप्पाद चित्त उत्पन्न हुनेबेला स्मित र हसित मात्र हुन्छ । भगवान् बुद्ध र अर्हतहरू स्मित र हसित रूपले मात्र हाँस्नुहुन्छ । त्यसैले हसितुप्पाद चित्त अर्हतहरूसँग उत्पन्न हुने चित्त हो । हसितुप्पाद चित्तले शूक्ष्म रूपमा हाँस्ने बाहेक अरू कृत्य नगर्ने हुँदा यसलाई अहेतुक क्रिया चित्त भनेको हो ।

8 सोभन असोभन भनेका नाम चित्तको होइन चैतसिकको हो । चित्तको लक्षण त आरम्मणलाई थाहा पाउने मात्र हो । जुन चित्तमा श्रद्धा आदि सोभन चैतसिक मिल्छ त्यस चित्तलाई सोभन चित्त भनिन्छ । त्यस्तै जनु चित्तमा लोभ द्वेषादि अकुशल चेतसिक मिल्छ त्यस चित्तलाई असोभन चित्त भनिन्छ । अहेतुक चित्तमा अकुशल चैतसिक नमिले पनि त्यसलाई पनि अशोभन चित्तमा राखेको छ ।



Downloaded from http://dhamma.digital/

३) सोमनस्ससहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त

४) सोमनस्ससहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त

५) उपेक्खासहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त

६) उपेक्खासहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त

७) उपेक्खासहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त

८) उपेक्खासहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त

**महाविपाक चित्त – ८ वटा**

१) सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त

२) सोमनस्ससहगत ञाणसप्पयुत्त ससङ्खारिक चित्त

३) सोमनस्ससहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त

४) सोमनस्ससहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त

५) उपेक्खासहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त

६) उपेक्खासहगत ञाणसप्पयुत्त ससङ्खारिक चित्त

७) उपेक्खासहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त

८) उपेक्खासहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त

**महाक्रिया चित्त – ८ वटा**

१) सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त

२) सोमनस्ससहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त

३) सोमनस्ससहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त

४) सोमनस्ससहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त

५) उपेक्खासहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त

६) उपेक्खासहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त

७) उपेक्खासहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त

८) उपेक्खासहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त

**ञाणससम्पयुत्त व ञाणविप्पयुत्त**

ञाण भनेको ज्ञान वा प्रज्ञा हो । प्रज्ञाको अर्थ यथार्थ रूपमा थाहा पाउने हो । प्रज्ञा भयो भने मात्र यो साँचो हो यो साँचो होइन अर्थात् यो मिथ्या भनी छुटाउन सकिने हुन्छ । प्रज्ञालाई अमोह भनेर पनि भनिन्छ । विज्जा (विद्या), सम्मादिट्ठि (सम्यक्दृष्टि) भनेर पनि भनिन्छ । त्यस ज्ञानसँग मिलेको चित्तलाई ज्ञानसम्प्रयुत्त अर्थात् ञाणसम्पयुत्त भनिन्छ । त्यस्तै प्रज्ञा नभएको चित्तलाई ञाणविप्पयुत्त चित्त भनिन्छ ।

**कुसल, विपाक र क्रिया**

राम्रो, उत्तम अथवा केही दोष नभएकोलाई 'कुसल' भनिन्छ । अकुसल पाप धर्मलाई नाश गर्ने, नबनाउने दोष रहितको चित्तलाई 'कुसल चित्त' भनिन्छ । कुसल एवं अकुसल कर्मको विपाक वा 'परिपक्वता (पाक्ने)' लाई 'विपाक' भनिन्छ । अर्थात् राम्रो कर्मको राम्रो फल र नराम्रो कर्मको नराम्रो फललाई नै विपाक भनिन्छ । कुसल अकुसल कर्मको फल भोग गर्ने चित्तलाई 'विपाक चित्त' भनिन्छ । काम गर्ने मात्रलाई 'क्रिया' भनिन्छ । क्रिया चित्त भनेको विपाक नभएको चित्त हो । कुसल अकुसल चित्तको जस्तै क्रियाचित्तको विपाक वा फल हुँदैन । यस्तो क्रिया चित्त राग, द्वेष, मोह आदि भव बन्धनबाट मुक्त अर्हत्‌हरूसँग मात्र हुँदैन । कारण अर्हत्‌हरूको सबै संस्कार क्षय



Downloaded from http://dhamma.digital/

भइसकेको हुनाले उनीहरूले गरेको कर्मको फल हुँदैन । उपमाको लागि यदि कोही पृथग्जनले श्रद्धा चित्तले बुद्धपूजा गऱ्यो भने त्यसको फल भइरहने कारणले उसँग उत्पन्न भएको श्रद्धा चित्तलाई कुसल चित्त भनिन्छ । तर कोही अर्हत् पुद्‌गलले बुद्धपूजा गऱ्यो भने त्यसको फल नहुने कारणले उसँग उत्पन्न हुने चित्तलाई क्रिया चित्त भनिन्छ ।

### महाकुसल, महाविपाक र महाक्रिया

यस कामावचर कुसल, विपाक, क्रिया चित्त रूपावचर कुसल, विपाक, क्रिया, अरूपावचर कुसल, विपाक, क्रिया र लोकुत्तर चित्तभन्दा पनि बढी संख्या भएकोले 'महा' शब्द प्रयोग गरी कामावचर कुसल, विपाक र क्रिया चित्तलाई 'महाकुसल महाविपाक र महाक्रिया चित्त' भनिन्छ ।

कामसोभन चित्त २४ वटा संक्षिप्तमा सकियो ।

अशोभन चित्त ३० वटा र कामसोभन चित्त २४ वटा जम्मा ५४ वटा चित्तलाई कामावचर चित्त भनिन्छ ।

कामावचर चित्त ५४ वटा संक्षिप्तमा सकियो ।

### अभ्यास प्रश्न

१) चित्त संक्षिप्तमा र विस्तरमा कतिवटा छन् ?

२) भूमिभेद अनुसार चित्त कति प्रकारका छन् , ती के के हुन् ?

३) काम भूमि कतिवटा छन् , ती के के हुन् ?

४) अकुसल चित्त कतिवटा छन् ? स्वरूप मात्र लेख्नुहोस् ।

५) हेतु भनेको के हो, त्यो कति प्रकारको छ ?

६) अहेतुक चित्त अठारवटाको स्वरूप लेख्नुहोस् ।

७) शोभन र अशोभनको अर्थ के हो ? अशोभन चित्त कतिवटा छन् , ती के के हुन् ?

८) कामसोभन चित्त कतिवटा छन् , त्यसको स्वरूप लेख्नुहोस् ।

९) कुसल, विपाक र क्रिया भनेको के हो ?

१०) कामावचर कुसल, कामावचर विपाक र कामावचर क्रिया चित्तलाई किन महाकसुल, महाविपाक र महाक्रिया चित्त भनिन्छ ?

## रुपावचर चित्त

एघार प्रकारका रूपावचर भूमि मध्ये 'असञ्ञासत' भूमि एउटा छोडेर १५ वटा रूप भूमिमा प्रायः गरी उत्पत्ति हुने प्रथम ध्यान आदि १५ वटा चित्तलाई रूपावचर चित्त भनिन्छ ।

रूप भूमि १६ वटा निम्न लिखित हुन् :–

| | | | | |
|---|---|---|---|---|
| १) ब्रम्हपारिसज्जा | २) ब्रम्ह पुरोहित | ३) महाब्रम्हा | ४) परिताभा | ५) अप्पमाणाभा |
| ६) आभस्सरा | ७) परितासुभा | ८)अप्पमाणसुभा | ९) सुभकिण्हा | १०) वेहप्फल |
| ११) असञ्ञात[९] | १२)अविहा | १३)अतप्पा | १४)सुदस्सा | १५) सुदस्सो |
| १६) अकनिट्ठा । | | | | |

कुसल विपाक र क्रिया भेदले रूपावचर चित्त १५ वटा छन् । ती :–

---

९ संज्ञा नभएकोलाई 'असंज्ञा' भनिन्छ । असंज्ञापुद्‌गललाई 'असंज्ञासत्व' भनिन्छ । असंज्ञासत्व भूमिमा बस्ने ब्रम्हाहरूसँग चित्त चैतसिक धर्म उत्पन्न हुँदैन भनेको छ । चित्त चैतसिक नभएकोले यी ब्रम्हाहरू सत्व नै हो कि होइन भन्ने भ्रम हुन्छ । त्यहाँ केवल रूप स्कन्ध मात्र हुन्छ ।



Downloaded from http://dhamma.digital/

## रुपावचर कुसल चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान कुसल चित्त ।[१०]

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान कुसल चित्त ।

३) प्रीति, सुख र एकाग्रता सहितको तृतीय ध्यान कुसल चित्त ।

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान कुशल चित्त ।

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान कुशल चित्त ।

## रुपावचर विपाक चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान विपाक चित्त ।

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान विपाक चित्त ।

३) प्रीति, सुख र एकाग्रता सहितको तृतीय ध्यान विपाक चित्त ।

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान विपाक चित्त ।

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान विपाक चित्त ।

## रुपावचर क्रिया चित्त – ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान क्रिया चित्त ।

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान क्रिया चित्त ।

३) प्रीति, सुख र एकाग्रता सहितको तृतीय ध्यान क्रिया चित्त ।

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान क्रिया चित्त ।

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान क्रिया चित्त ।

## ध्यान अङ्ग, ध्यान र ध्यान चित्त

वितर्क, विचार आदि एक एक चैतसिकलाई 'ध्यान अङ्ग' भनिन्छ । अथवा वितर्क भन्ने चैतसिक पनि ध्यानको एक अङ्ग, विचार भन्ने चैतसिक पनि ध्यानको एक अङ्ग, त्यस्तै प्रीति, सुख, एकाग्रता आदि चैतसिक एक एकवटालाई ध्यान अङ्ग भनिन्छ ।[११]

---

ज्ञण प्रथमध्यानकुसलचित्त– ध्यान भावना गर्ने साधकलाई यो चित्त सबैभन्दा पहिला प्राप्त हुन्छ ; भगवान् बुद्धले यस चित्तलाई सबैभन्दा देशना गर्नु भयो त्यस्तै गन्दा पनि यसको पहिला गिन्ति हुन्छ – यसरी प्रतिलाभ, देशना र संख्या क्रममा सर्वप्रथम भएकोले यसलाई 'प्रथमध्यान' भनेको हो । यसै रूपले द्वितीय तृतीय आदि ध्यानलाई पनि बुझ्नुपर्ने हुन्छ ।

ज्ञज्ञ ध्यान गर्ने साधकले ध्यान प्राप्त गर्न पाँच प्रकारका बन्धनबाट मुक्त हुनुपर्छ । पाँच प्रकारका बन्धन भनेको 'पञ्चनीवरण' हो । १.कामच्छन्दनीवरण (लोभ, तृष्णा), २. व्यापादनीवरण (द्वेष, क्रोध), ३. थीनमिद्धनीवरण (आलस्य), ४. उद्धच्चकुकुच्चनीवरण (चित्तको चञ्चलपन, अशान्त स्वभाव र पश्चाताप) र ५. विचिकिच्छानीवरण (संदेह) लाई पञ्चनीवरण भनिन्छ । ध्यान प्राप्तिको लागि बाधा, अड्चन भएको यी पाँचवटालाई नीवरण पनि भनेका हुन् । यी पाँच नीवरणलाई वितर्क, विचार आदि ध्यानाङ्गले हटाउने गर्छ ।

वितर्कध्यानाङ्ग- आरम्मणमा तर्क वितर्क गर्ने धर्मलाई 'वितक्क (वितर्क)' भनिन्छ । वितर्कले चित्त चैतसिक धर्मलाई आरम्मणमा प्रतिष्ठित गरिदिन्छ । अथवा वितर्क उत्पन्न भयो भने चित्त चैतसिक धर्मलाई आलस्य हटाएर आरम्मणमा आरोपित गराउने हुन्छ । त्यसैले वितर्कले थीनमिद्धनीवरणलाई हटाउँछ ।

विचारध्यानाङ्ग- आरम्मणमा पुनः पुनः विचरण गर्ने स्वभावलाई 'विचार' भनिन्छ । यसले विचिकिच्छानीवरणलाई हटाउँछ । वितर्कले जुन चित्त चैतसिक धर्मलाई आरम्मणमा ल्याउँछ, विचिकिच्छाले त्यसमा शंका उत्पन्न गराउन सक्ने हुन्छ , त्यसैले विचारले उक्त चित्त चैतसिक धर्मलाई प्राप्त आरम्मणबाट नहटाउनको लागि आरम्मणलाई पुनः पुनः विचार विमर्श(अनुमज्जन) गर्छ ।

प्रीतिध्यानाङ्ग- आरम्मणमा प्रसन्न हुने स्वभावलाई 'प्रीति' भनिन्छ । यो व्यापादको विपरीत स्वभाव धर्म हो । व्यापादको स्वभाव आरम्मणमा अप्रीति उत्पन्न गर्ने हो । वितर्क विचारले आरम्मणमा प्रतिष्ठित गरेको चित्त चैतसिक धर्मलाई व्यापादले विघ्न गर्नसक्छ, आरम्मणबाट हटाउन सक्छ । त्यसैले प्रीतिध्यानाङ्ग व्यापादनीवरणलाई चित्त सन्ततिमा नल्याउनको लागि व्यापादलाई प्रहाण गर्छ ।



Downloaded from http://dhamma.digital/

ध्यान अङ्ग समूहलाई 'ध्यान' भनिन्छ । अर्थात् वितर्क, विचार आदि चैतसिक समूहलाई ध्यान भनिन्छ । जस्तै– वितर्क, विचार, प्रीति, सुख, एकाग्रता भनेका ध्यान अङ्ग पाँचवटाको समूहलाई 'प्रथम ध्यान' भनिन्छ। त्यस्तै विचार, प्रीति, सुख एकाग्रता भनेका ध्यान अङ्ग चारवटाको समूहलाई 'द्वितीय ध्यान' भनिन्छ । यसै रूपले तृतीय, चतुर्थ र पञ्चम ध्यानमा पनि क्रमशः तीनवटा, दुईवटा र दुईवटा चैतसिक समूह हुन्छ ।

ध्यानसँग मिलेको चित्तलाई 'ध्यान चित्त' भनिन्छ। जस्तै- प्रथम ध्यानसँग मिलको चित्तलाई 'प्रथम ध्यान चित्त' द्वितीय ध्यान सँग मिलेको चित्तलाई 'द्वितीय ध्यान चित्त' इत्यादि भनेको पाइन्छ। यस रूपावचर चित्त सबै प्रथम, द्वितीय आदि ध्यान सँग मिलेको हुनाले रूप ध्यान चित्त भनिन्छ।

रूपावचर चित्त १५ वटा संक्षिप्तमा सकियो।

## अरुपावचर चित्त[१२]

चार अरूप भूमिमा उत्पत्ति हुने आकासानञ्चायतनादि १२ वटा अरूप ध्यान चित्तलाई 'अरूपावचर चित्त' भनिन्छ। अरूप भूमि चारवटा निम्न लिखित हुन् :-

१)आकासानञ्चायतन २)विञ्ञाणञ्चायतन ३)आकिञ्चञ्ञायतन ४)नेवसञ्ञानासञ्ञायतन

यी चार अरूपावचर ध्यान भूमिलाई निराकार ब्रम्हलोक पनि भनिन्छ।

अरूपावचर चित्त कुस विपाक क्रिया भेदबाट १२ वटा छन्। ती – अरूपावचर कुसल चित्त ४ वटा, अरूपावचर विपाक चित्त ४ वटा र अरूपावचर क्रिया चित्त ४ वटा जम्मा १२ वटा भयो।

---

सुखध्यानाङ्ग- यसले उद्धच्चकुकुच्चनीवरणलाई प्रहाण गर्छ। उद्धच्च स्वभाव अनुपशम (अशान्ति) अनि कुकुच्चको स्वभाव अनुताप (पश्चाताप) हो। कसिण आदि आरम्मणमा चित्तसन्तति प्रीतियुक्त भएपनि उद्धच्चकुकुच्चको कारणले यदि आरम्मणमा अनुभव गर्ने केही रस भएन भने त्यस चित्त सन्तति आरम्मणमा शान्त पूर्वके स्थिर हुँदैन । सुखध्यानाङ्गले आरम्मणमा रसलाई अनुभव गर्छ । सुख उपशम लक्षण हो । चित्तसन्ततिमा उद्धच्चकुकुच्च नल्याउन त्यसलाई सुखध्यानाङ्गले प्रहाण गर्छ।

एकाग्रताध्यानाङ्ग- यसले कामच्छन्द नीवरणलाई प्रहाण गर्छ। कामविषयानुगामी हुनलाई कामच्छन्दले चित्तधातुलाई विकीर्ण गर्छ , कम्पित गर्छ। यदि कामच्छन्द आयो भने वितर्क, विचार, प्रीति, सुख आफ्नो कसिण आरम्मणमा स्थिर हुन सक्दैन, आरम्मणबाछ हट्छ। चित्तलाई आरम्मणबाट विचलित नगराउने, आरम्मणमा स्थिर बनाइराख्ने स्वभावलाई नै एकाग्रता भनिन्छ। एकाग्रतालाई नै समाधि भनिन्छ।

उपेक्षाध्यानाङ्ग- उपेक्षा पनि सुखध्यानाङ्ग जस्तै नै उपशम स्वभावको हो। यसले उद्धच्चकुकुच्चनीवरणलाई प्रहाण गर्छ।

१२ पाँच प्रकारका रूपावचर ध्यान प्राप्त भयो भने मात्र अरूपावचर ध्यान प्राप्त हुन्छ। करजरूप (कर्मजरूप) अथवा इन्द्रिय र त्यसको विषयमा दोष देखाएर रूपलाई अतिक्रमण गर्नको लागि अरूपावचर ध्यान गरिन्छ। रूपको कारणले डण्डा समात्नुपर्ने, हथियार समात्नुपर्ने, झगडा कलह विवाद भएको हो; अरूपमा यस्तो बिल्कुल छैन - यसरी विचार गरी रूपलाई निरोध गर्ने प्रयास गर्छ। रूपावचर पञ्चम ध्यान(सूत्रको हिसाबले चतर्थ ध्यान) प्राप्त हुनेबेला नै करज रूपको अतिक्रमण हुन्छ। तर त्यसको प्रतिभाग रूपमा कसिण रूप भइरहन्छ। त्यस कसिण रूपलाई पनि निवारण गर्न साधकले अरूपावचर ध्यान प्राप्त गर्छ।

सर्पलाई देखेर भागेको मानिस सर्प जस्तै आकार आएको डोरी आदि देखेर पनि डराउँछ , त्यसलाई पनि हटाउन इच्छा गर्छ। यसै रूपले रूपमा दोष देखेर भयभित भएर त्यसबाट अलग भएको साधकले कसिण रूपलाई पनि हटाउने नै इच्छा गर्छ । कसिण रूप भनेको कसिण भावना गर्नेबेला निमित्तको रूपमा देखिने कसिण मण्डल आदि हो ।

कसिण भावना दशवटा छन् - पथवी कसिण, आपो कसिण, तेजो कसिण, वायो कसिण, नील कसिण, पीत कसिण, लोहित कसिण, ओदात कसिण, आलोक कसिण र परिच्छिन्न आकास कसिण। यसमा परिच्छिन्न आकास कसिण छोडेर बाँकी रहेको नौवटा कसिण मध्येमा जुनपनि एक कसिण भावना गरी रूपावचर पञ्चम ध्यानसम्म प्राप्त गर्छ। ध्यान प्राप्त भयो भने कसिण मण्डललाई कतिसम्म ठूलो गरी फैलाउने इच्छा हुन्छ त्यतिसम्म ठूलो गरी फैलाएर लग्छ।

यतिसम्म कि पूरै विश्व ढाक्ने गरी वा चक्रवालको अन्तसम्म कसिणलाई फैलाएर त्यसमा स्पर्श भएको स्थानालाई 'आकाश, आकाश' वा 'अनन्त आकाश, अनन्त अकाश' भनी मनमा राखी कसिणलाई हटाउने गर्छ। यसरी कसिण रूपलाई हटायो भने 'विश्वमा केवल एउटै आकाशले धाकेको छ' भनी देख्छ । अथवा आकाशको आकाश मात्र देख्छ । यसलाई 'कसिणुघाटि आकाश' भनिन्छ । यस कसिणुघाटि आकाश भनेको आकाश प्रज्ञप्ति हो । यसलाई नै बार बार आरम्मण गरी, आवर्जन गरी जानेबेला आकासानञ्चायतन कुसलचित्त उत्पन्न हुन्छ । यही नै पहिलो अरूप ध्यान हो ।



Downloaded from http://dhamma.digital/

### अरुपावचर कुसल चित्त

१) आकासानञ्चायतन कुसल चित्त

२) विञ्ञाणञ्चायतन कुसल चित्त

३) आकिञ्चञ्ञायतन कुसल चित्त

४) नेवसञ्ञानासञ्ञायतन कुसल चित्त

### अरुपावचर विपाक चित्त

१) आकासानञ्चायतन विपाक चित्त

२) विञ्ञाणञ्चायतन विपाक चित्त

३) आकिञ्चञ्ञायतन विपाक चित्त

४) नेवसञ्ञानासञ्ञायतन विपाक चित्त

### अरुपावचर क्रिया चित्त

१) आकासानञ्चायतन क्रिया चित्त

२) विञ्ञाणञ्चायतन क्रिया चित्त

३) आकिञ्चञ्ञायतन क्रिया चित्त

४) नेवसञ्ञानासञ्ञायतन क्रिया चित्त

यस अरूपावचर चित्त रूपावचर पञ्चम ध्यानभन्दा माथिको चित्त भएको हुँदा अरूपावचर चित्त १२ वटालाई पनि पञ्चम ध्यानमा नै राखेको छ ।

अरूपावचर चित्त १२ वटा संक्षिप्तमा समाप्त ।

### महग्गय चित्त

महा उत्तम भावमा पुगेको चित्तलाई महग्गत चित्त भनिन्छ। महा उत्तम भावमा पुगेको भएर रूपावचर चित्त १५ वटा र अरूपावचर चित्त १२ वटा जम्मा २७ वटा चित्तलाई महग्गत चित्त भनिन्छ ।

### लौकिक चित्त

कामावचर चित्त ५४ वटा र महग्गत चित्त २७ वटा जम्मा ८१ वटा चित्तलाई लौकिक चित्त भनिन्छ ।

**आकासानञ्चायतनकुसलचित्त–** (आकास+आनञ्च+आयतन) आकाश भनेको खालि ठाउँ, खुल्ला ठाउँलाई भनिन्छ। यता आकाशको अर्थ कसिणुघाटि आकाश हो। आनञ्च भनेको अनन्त (यति उति भनी थाहा नभएको) हो । आकाश प्रज्ञप्ति परमार्थ धर्म जस्तै द्रव्य स्वभाव होइन, त्यसैले त्यसलाई 'उत्पाद' एवं 'भङ्ग' रूपले परिच्छेद (छुटाउन) गर्न सकिँदैन । उत्पाद एवं भङ्गरूपले अपरिच्छिन्न आकाश भएकोले 'अनन्त' भनिएको हो । आयतनको अर्थ आधार हो । आकाश प्रज्ञप्तिलाई आरम्मण गरी आकासानञ्चायतन चित्त उत्पन्न हुन्छ । त्यसैले आकासानञ्चायतन ध्यान चित्तको आधार आकाश प्रज्ञप्ति हो। यसरी आयतन पनि भएकोले 'आकाशानञ्चायतन' भनिएको हो। यसै रूपले विञ्ञाणञ्चायतन र आकिञ्चञ्ञायतनमा पनि आयतनको अर्थ आधर हो ।

**विञ्ञाणञ्चायतनकसुलचित्त–** आकासानञ्चायतन ध्यान प्राप्त भएपछि विज्ञाननन्त्यायतन दोष देखी त्यसलाई त्याग गरी विज्ञानानन्त्यायतन भावनामा शान्ति देखेर त्यसलाई प्राप्त गर्न कोशिश गर्छ। आकाशानन्त्यायतन चित्त नै 'विज्ञान' हो। यो चित्तलाई नै 'प्रथम आरूप्य विज्ञान' भनिन्छ। विज्ञानानन्त्यायतन भावना गर्ने योगीले आकाश प्रज्ञप्ति आरम्मणलाई छोडेर यही विज्ञानलाई आरम्मण गरी 'विज्ञान, विज्ञान' भनी बार बार आवर्जन गरी, खोजी(वात्तुवाला) , तर्क वितर्क गरी भावना गर्छ। यस्तो गरी जाँदाजाँदै विज्ञानानन्त्यायतन कुशल चित्त उत्पन्न हुन्छ। यस चित्तलाई 'द्वितीय आरूप्य विज्ञान' भनिन्छ ।

**आकिञ्चञ्ञायतनकुसलचित्त–** विज्ञानानन्त्यायतन ध्यान प्राप्त गरिसकेको साधकले आकिञ्चञ्ञायतन ध्यान गर्ने इच्छाले विज्ञानानन्त्यातनमा पनि दोष देख्छ - विज्ञान भनेको भएको होइन, शून्य हो, खालि हो, अभाव हो भनी विचार राखी 'केही पनि छैन, केही



Downloaded from http://dhamma.digital/

पनि छैन, शून्य, शून्य' भनी भाविता गर्छ । आकिञ्चन भनेको केही पनि छैन, शून्य शून्य भनेको हो । केही पनि छैन, शून्य शून्य भनेको नत्थिभाव प्रज्ञप्तिलाई आरम्मण गरी भाविता गर्दै जानेबेला उक्त साधकसँग आकिञ्चञ्ञायतन कुशल चित्त उत्पन्न हुन्छ । यसलाई तृतीय आरूप्य विज्ञान भनिन्छ ।

**नेवसञ्ञानासञ्ञायतनकुसलचित्त–** अकिञ्चञ्ञायतन भनेको अभाव प्रज्ञप्ति, अभाव संज्ञा हो । आकिञ्चञ्ञायतन ध्यान प्राप्त गरिसकेपछि नेवसञ्ञायतन भावना गर्ने इच्छा भएको साधकले आकिञ्चञ्ञायतनमा दोष देख्छ - संज्ञा राग हो, संज्ञा काँडा हो, नेवसंज्ञानासंज्ञायतन शान्त हो, उत्तम हो भनी भाविता गर्छ । यसरी भाविता गर्दै जानेबेला नेवसंज्ञानासंज्ञायतन कुशल चित्त उत्पन्न हुन्छ । यस चित्तलाई 'चतुर्थ आरूप्य विज्ञान' भनिन्छ । यसको आरम्मण तृतीय आरूप्य विज्ञान हो ।

अभाव संज्ञा (नत्थिभाव प्रज्ञप्ति) अति स्थूल हुन्छ । अभाव संज्ञाको पनि अभाव भएको अलि शान्त शूक्ष्म यी चार आयतन नेवसंञ्ञानासञ्ञायतन हुन् । नेवसञ्ञानासञ्ञा=संज्ञा नभएको तर असंज्ञा पनि होइन । यसमा शूक्ष्म रूपले मात्र संज्ञा भइरहन्छ । यसमा भएको संज्ञा चैतसिकलाई अनित्य दुःख अनात्म अनुसार विमर्श गर्न सकिँदैन, त्यसैले 'नैवसंज्ञा' भनेको हो । तर शूक्ष्म भएपनि परमार्थ रूपले संज्ञाको आफ्नो सत् स्वभाव भइरहने नै भएर 'न असंज्ञा' भनेको हो ।

एउटा उपमा दिइएको छ– गुरु र शिष्य निवासस्थानबाट बाहिर जान लागे । बाटोमा अलि पानी छ । शिष्यले भन्यो–"आचार्य । बाटोमा पानी छ , जुत्ता फुकाल्नुहोस् ।" अनि गुरुले भने–"हुन्छ त्यसो भए, लोटा लिएर आऊ ।" शिष्यले उत्तर दियो– "आचार्य नुहाउन पानी छैन ।" जस्तो यो उपामामा जुत्ता भिजाउन पानी छ तर नुहाउन पुग्ने गरी पानी छैन त्यस्तै नेवसञ्ञानासञ्ञायतनमा संज्ञा शूक्ष्म रूपले मात्र छ स्थूल रूपले छैन । यस चतुर्थ आरूप्य विज्ञानमा संज्ञा शूक्ष्म रूपले भएजस्तै स्पर्श वेदना आदि चैतसिक पनि शूक्ष्म रूपले भइरहन्छ । यसमा 'आयतन' शब्दको प्रयोग पहिलाकोजस्तै 'आधार' अर्थमा होइन, निस्सयपच्चय (निश्रयप्रत्यय) द्वारा सम्प्रयुक्त धर्मको निश्रय (आधार) भएको अर्थमा हो भनिएको छ ।

## लोकुत्तर चित्त[१३]

---

[ज्ञघ] **लोकुत्तर–** जुन उत्पत्ति हुन्छ अनि नष्ट हुन्छ, त्यसलाई 'लोक' भनिन्छ । अथवा नष्ट हुने, विनाश हुनेलाई नै 'लोक' भनिन्छ । लोक तीन प्रकारका छन् । जस्तो सत्तलोक (सत्वलोक=सत्वप्राणी समूह), सङ्खारलोक (संस्कारलोक=संस्कार) र ओकासलोक (अवकाशलोक=प्राणीहरूको बस्ने ठाउँ, ३१ वटा भूवन) । यी तीन लोक मध्यय सङ्खारलोकलाई यता लोक भनी लिइएको छ । यो सङ्खारलोक भनेको 'उपादानस्कन्ध' नामक लौकिक नामरूप धर्म हो । यो लोकलाई कसैले पार गर्छ अथाव पार गरिसकेको हुन्छ र लोकुत्तर हो । श्रोतापत्ति आदि मार्गचितले वर्तमान कालमा लोकबाट उतीर्ण हुन्छ अनि फलचित्तले अतीत कालमा पार गरिसकको हुन्छ ।

अथवा – 'लोक' शब्दले तीन प्रकारका लोकलाई पनि ग्रहण गर्छ । जस्तै- श्रोतापत्तिमार्ग, 'पृथग्जनसमूह' भनेको सत्तत्त्वलोक र 'चार अपाय भूमि' भनेको ओकाशलोकबाट उत्तीर्ण हुन्छ । सकृदागामिमार्ग 'श्रोतापन्न-पुद्गलसमूह' भनेको सत्तत्त्वलोक र 'काम भूमिको एक देश' भनेको अवकाशलोकबाट उत्तीर्ण हुन्छ । ( सकृदागामी पुद्गल काम सुगति भूमिमा एक चोटी मात्र उत्पन्न हुन्छ , त्यसैले 'काम भूमिको एक देश' भनेको हो । अनागामिमार्ग 'सकृदागामिपुद्गलसमूह' भनेको सत्त्वलोक र 'काम धातु (कामावचरभूमि' भनेको ओकासलोक उत्तीर्ण हुन्छ । अर्हत्मार्ग 'अनागामिपुद्गलसमूह' भनेको सत्त्वलोक र 'रूप अरूप भूमि' भनेको ओकासलोकबाट उत्तीर्ण हुन्छ । यसरी सत्त्वलोक र ओकासलोक उत्तीर्ण हुनेबेला मार्गधर्म त्यस लोकमा हुने नामरूप संस्कारलबाट (सङ्खारलोकबाट) पनि उत्तीर्ण हुन्छ । यसै रूपले फल धर्म पनि उत्तीर्ण हुन्छ ।

**सोतापतिमग्गचित्त–** (सोत+आपत्ति+मग्ग+चित्त) । प्रवाह धारालाई 'श्रोत' भनिन्छ । गंगा आदि नदीको धारा हिमालयबाट झरेर कहीं नरोकी समुद्रमा मिल्न जाने जस्तै श्रोतापन्न पुद्गलसँग उत्पन्न हुने सम्यक्दृष्टि आदि आर्य अष्टाङ्गिकमार्ग पनि आफ्नो उत्पाद क्षणदेखि कहीं पनि नरोकी बेगले गएर निर्वाण रूपी समुन्द्रमा पुग्न जान्छ । त्यसैले आर्यअष्टाङ्गिक मार्गलाई श्रोत भनिन्छ । पृथग्जनहरूसँग पनि आर्य अष्टाङ्गिकमार्ग धर्म उत्पन्न हुन्छ तर त्यसले क्लेशलाई अशेष रूपले प्रहाण गर्न सक्दैन । पृथग्जनहरूसँग एक चोटी उत्पन्न भएको मार्गाङ्ग धर्म पछि हराएर जान पनि सक्छ नभएर जान पनि सक्छ , तर लोकोत्तर मार्गाङ्ग धर्म यस्तो होइन । यो एकचोटी उत्पन्न भयो भने निर्वाण प्राप्त नगरेसम्म भइरहन्छ ।

'आपत्ति' को अर्थ प्राप्ति (प्रथम प्राप्ति) हो । सकृदागामिमार्ग आदि मार्ग भन्दा श्रोतापत्तिमार्ग सबैभन्दा पहिला प्राप्त हुन्छ । आर्य अष्टाङ्गिक मार्गरूपी श्रोतको प्राप्ति नै सोतापत्तिमार्ग हो । सोतापत्तिमार्गमा सम्प्रयुक्त चित्त सोतापत्तिमग्ग-चित्त हो ।

**सकदागामिमग्गचित्त–** यस कामभूमिमा फेरि एकचोटी आउने हुँदा 'सकृदागामी' भनेको हो । सकृदागामीमार्गसँग सम्प्रयुत्तः चित्तलाई सकृदागामीमार्गचित्त भनिन्छ ।



Downloaded from http://dhamma.digital/

सम्पूर्ण लोकबाट पार भएर गएको अथवा उत्रेर गइरहेको चित्तलाई लोकुत्तर चित्त भनिन्छ। कामावचर, रूपावचर र अरूपावचर भन्ने ३१ वटा भुवनलाई लोक भनिन्छ। ती ३१ वटा भूमिमा आशक्त नभई (नतासेर) अनाशक्त भाव भएर आश्रवक्षीण गरेर उत्रेर गइरहेका मार्ग र फल चित्तलाई नै लोकुत्तर चित्त भनिन्छ। लोकुत्तर चित्त संक्षिप्तमा ८ वटा अनि विस्तारमा ४० वटा छन्।

## लोकुत्तर चित्त संक्षिप्तमा ८ वटा

| मार्ग चित्त ४ वटा | फल चित्त ४ वटा |
|---|---|
| १) सोतापत्ति मग्ग चित्त | १) सोतापत्ति फल चित्त |
| २) सकदागामि मग्ग चित्त | २) सकदागामि फल चित्त |
| ३) अनागामि मग्ग चित्त | ३) अनागामि फल चित्त |
| ४) अरहत्त मग्ग चित्त | ४) अरहत्त फल चित्त |

## लोकुत्तर चित्त विस्तारमा ४० वटा

सोतापत्ति मग्ग आदि आठवटा चित्तलाई विस्तारमा गिन्ति गर्ने बेला प्रत्येक चित्त प्रथम, द्वितीय आदि भेदबाट पाँच पाँचवटा हुनजान्छ। ती यसप्रकार हुन् :–

१) विर्तक, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान श्रोतापत्ति मार्ग चित्त

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान श्रोतापत्ति मार्ग चित्त

३) प्रीति, सुख र एकाग्रता सहितको तृतिय ध्यान श्रोतापत्ति मार्ग चित्त

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान श्रोतापत्ति मार्ग चित्त

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान श्रोतापत्ति मार्ग चित्त

यसरी नै सकृदागामि मार्ग चित्त पनि पाँचवटा हुन्छ। अनागामि मार्ग चित्त पनि पाँचवटा नै हुन्छ। अर्हत् मार्ग चित्त पनि पाँचवटा नै हुन्छ। यसरी मार्ग चित्त जम्मा २० वटा हुन्छ। त्यस्तै फल चित्त पनि प्रथम, द्वितीय आदि ध्यान भेदले २० वटा नै हुन्छ। यसरी लोकुत्तर चित्त विस्तारमा गिन्ति गर्ने बेला ४० वटा हुन्छ। त्यस ४० लोकुत्तर चित्तमा प्रथम ध्यान चित्त ८ वटा, द्वितीय ध्यान ८ वटा, तृतीय, चतुर्थ र पञ्चम ध्यान चित्त पनि आठ आठवटा नै भए।

लौकिक र लोकुत्तर चित्त संक्षिप्तमा समाप्त।

## चित्त संक्षिप्तमा र विस्तारमा

चित्त संक्षिप्तमा लिनेबेला लौकिक चित्त ८१ वटा र लोकुत्तर चित्त ८ वटा जम्मा ८९ वटा हुन्छ। फेरि विस्तारमा लिनेबेला लौकिक चित्त ८१ वटा र लोकुत्तर चित्त ४० वटा जम्मा १२१ वटा चित्त हुन्छ। त्यसैले चित्त संक्षिप्तमा ८९ वटा र फेरि विस्तारमा १२१ वटा हुन्छन्।

चित्त काण्ड संक्षिप्तमा समाप्त।

### अभ्यास प्रश्न

---

**अनागामिमग्गचित्त–** यस कामभूमिमा फेरि एकचोटी नआउने भएर (प्रतिसन्धि नहुने भएर) पुद्गललाई अनागामी भनिन्छ। अनागामीमार्गसँग सम्प्रयुक्त चित्तलाई अनागामीमार्गचित्त भनिन्छ।

**अरहत्तमग्गचित्त–** सम्पूर्ण क्लेशलाई निर्मूल गरिसकेको, काम, रूप र अरूप लोकमा फेरि एकचोटी प्रतिसन्धि नहुने भएर पुद्गललाई अर्हत् भनिन्छ। अर्हत्मार्गसँग सम्प्रयुक्त चित्त अर्हत्मार्गचित्त हो।

**फलचित्त–** श्रोतापत्ति, सकृदागामि आदि मार्गचित्त एक बार (एक चित्तक्षण) मात्र उत्पन्न हुन्छ। त्यसको पश्चात् फलचित्त उत्पन्न हुन्छ। अथवा सोतापत्तिमग्गचित्त एक बार उत्पन्न हुने बित्तिकै सोतापत्ति फल चित्त उत्पन्न हुन्छ ; सकदागामिमग्गचित्त उत्पन्न हुने बित्तिकै सकदागामि फल चित्त उत्पन्न हुन्छ। यसै रूपले अनागामिफलचित्त र अरहत्तफलचित्त पनि अनागामिमार्ग, अर्हत्मार्गचित्त उत्पन्न हुने बित्तिकै उत्पन्न हुन्छ।



Downloaded from http://dhamma.digital/

१. रूप भूमि कति प्रकारका छन् , ती के के हुन् ?

२. रूपावचर चित्त १५ वटाको स्वरूप लेख्नुहोस् ।

३. ध्यान, ध्यान अङ्ग र ध्यान चित्त भनेका के के हुन् ?

४. अरूपावचर चित्त कतिवटा छन् , ती के के हुन् ?

५. महग्ग चित्त भनेको के हो ? कति प्रकारका छन् ?

६. लौकिक चित्त कतिवटा छन् ? छुटाएर देखाउनुहोस् ।

७. लोकुत्तर चित्त संक्षिप्तमा र विस्तारमा कति छन् ?

८. लौकिक र लोकुत्तरको अर्थ के हो ?

९. लोकुत्तर चित्तमा प्रथम, द्वितीय आदि ध्यान चित्त कतिवटा छन् ?

१०. चित्त संक्षिप्तमा ८९ वटा र विस्तारमा १२१ वटा कसरी भयो ?

**चिरं तिट्ठतु सद्धम्मो**

## ३१ वटा भूवन

| | | |
|---|---|---|
| निराकार ब्रम्हलोक<br>चार अरूप ब्रम्हलोक | नेवसञ्ञानसञ्ञायतन<br>आकिञ्चञ्ञायतन<br>विञ्ञानञ्चायतन<br>आकासानञ्चायतन | पञ्चम ध्यान |
| सुद्धावास ५ वटा | अकनिट्ठ सुदस्सी सुदस्सा<br>अतप्पा अविहा | चतुर्थ ध्यान<br>सातवटा भुवन |
| साकार ब्रम्हलोक,<br>सोह्र रूप ब्रम्हलोक | असञ्ञासत्त वेहप्फल | |
| | सुभकिण्ह अप्पमाणसुभा परित्तसुभा | तृतीय ध्यान |
| | आभस्सरा अप्पमाणा परित्ताभा | द्वितीय ध्यान |
| | महाब्रम्हा ब्रम्हपुरोहित ब्रम्हा पारिसज्जा | प्रथम ध्यान |
| काम सुगति सातवटा | परनिम्मितवसवति-निम्मानरति-तुसिता-यामा<br>तावतिंस-चातुम्महाराजिका | ६ वटा देवलोक |
| काम लोक ११वटा | मनुस्स | |
| | असुर - पेत्ता - तिरच्छान - निरय | चारवटा दुर्गति |

## भूमि भेद अनुसार चित्तको गणना

| भूमि | चित्त |
|---|---|
| काम भूमि | ५४ |
| रूप भूमि | १५ |



Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| अरूप भूमि | | १२ |
| लोकोत्तर भूमि | | ८ |
| | कूल | ८९ |

## वेदनाको भेद अनुसार चित्तको गणना

| वेदना | | चित्त |
|---|---|---|
| सुख वेदना | कामावचर – १<br>रूपावचर – १२<br>लोकोत्तर – ३२ | -४५ |
| दुक्ख वेदना | कामावचर – | –१ |
| सोमनस्स वेदना | कामावचर – | –१८ |
| दोमनस्स वेदना | कामावचर – | –२ |
| उपेक्खा वेदना | कामावचर – ३२<br>रूपावचर – ३<br>अरूपावचर – १२<br>लोकोत्तर – ८ | =५५ |
| | कूल | १२१ |

## अकुशल जाति, कुशल जाति र अब्याकृतजाति भनेका तीन प्रकारका जाति भेद अनुसार चित्तको गणना

| | | | |
|---|---|---|---|
| अकुशल – | कामावचर | | =१२ |
| कुशल | कामावचर | ८ | |
| | रूपावचर | ५ | =२१ |
| | अरूपावचर | ४ | |
| | लोकोत्तर | ४ | |
| | विपाक | | |
| | अकुशलविपाक | ७ | |
| | अहेतुक कामावचर कुशल विपाक | ८ | |
| | सहेतुक कामावचर कुशल विपाक | ८ | =३६ |
| | रूपावचर विपाक | ५ | |
| | अरूपावचर विपाक | ४ | |
| | लोकोत्तर विपाक | ४ | |
| | क्रिया | | |
| | अहेतुक | ३ | |
| | कामावचर | ८ | =२० |
| | रूपावचर | ५ | |



Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| अरूपावचर | ४ | | |
| | | कूल | ८९ |

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# अभिधर्म भाग २

## विषय सूची


क) चैतसिक परिचय

- परिचय
- परिभाषा
- चित्त र चैतसिक
- चैतसिकको चारवटा लक्षण
- चैतसिक परमार्थ
- चैतसिक ५२ वटा
- परमार्थ धर्मको लक्षणादि चारवटा
- अभ्यास प्रश्न

ख) अन्यसमान चैतसिक

- सब्बचित्तसाधारण चैतसिक
- फस्स
- वेदना
- सञ्ञा
- चेतना
- एकग्गता
- जीवितिन्द्रिय
- मनसिकार
- पकिण्णक चैतसिक
- वितक्क
- अवितर्क धर्मद्वारा आरम्मण ग्रहण
- चेतना, मनसिकार र वितक्कको भिन्नता
- विचार
- वितक्क र विचारको अन्तर
- अधिमोक्ख
- लोभ
- थाकुराको बोटमा अड्किएको बाँदर
- छन्द र लोभमा अन्तर
- दिट्ठि
- मान
- सोह्र प्रकारको मान
- दोस
- इस्सा
- मच्छरिय
- पाँच प्रकारका मात्सर्य
- ईर्ष्या र मात्सर्य
- कुक्कुच्च
- थिन
- मिद्ध
- थिनमिद्ध
- विचिकिच्छा
- अभ्यास प्रश्न

घ) शोभन चैतसिक

- १९ वटा शोभन साधारण चैतसिक
- सद्धा
- चार प्रकारका सद्धा
- सति
- हिरी
- ओतप्प
- हिरी र ओतप्प
- चित्तमुदुता
- कायकम्मञ्ञता
- चित्तकम्मञ्ञता
- कायपागुञ्ञता
- चित्तपागुञ्ञता
- कायुजुकता
- चित्तजुकता
- तीन वटा विरति चैतसिक
- सम्मावाचा
- सम्माकम्मन्तो
- सम्माआजीवो
- विरति चैतसिकको ४वटा लक्षण
- दुई वटा अप्पमञ्ञा चैतसिक
- करुणा
- मुदिता
- पञ्ञिन्द्रिय
- अभ्यास प्रश्न

ङ) सम्प्रयोगनय

- अन्यसमान चैतसिक सम्प्रयोगनय
- सर्वचित्तसाधारण चैतसिक सम्प्रयोगनय
- प्रकीर्णक चैतसिक सम्प्रयोगनय
- अकुशल चैतसिक सम्प्रयोगनय
- शोभन चैतसिक सम्प्रयोगनय
- नियतयोगी र अनियतयोगी चैतसिक
- अभ्यास प्रश्न




Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| • वीरिय<br>• पीति<br>• छन्द<br>• अभ्यास प्रश्न<br>ग) अकुशल चैतसिक<br>• मोह<br>• अहिरिक<br>• अनोतप्त<br>• उद्धच्च<br>• सर्व अकुशल साधारण चैतसिक | • अलोभ<br>• अदोस<br>• अलोभ, अदोस र अमोह<br>• तत्रमज्झतता<br>• कायपस्सद्धि<br>• चित्तपस्सद्धि<br>• काय एवं चित्तपश्रब्धि<br>• कायलहुता<br>• चित्तलहुता<br>• कायमुदुता | च) सङ्गहनय<br>• लोकुत्तर चित्त सङ्गगनय<br>• महग्गत चित्त सङ्गहनय<br>• कामावचर शोभन चित्त सङ्गहनय<br>• अकुशल चित्त सङ्गहनय<br>• अकुशलयोगी चैतसिक<br>• अहेतुक चित्त सङ्गहनय<br>• सम्पयोगनय र सङ्गहनय<br>• चैतसिकलाई चित्त समान गनिएको<br>• अभ्यास प्रश्न |

## चैतसिक परिचय

भगवान् बुद्धले तीन प्रकारले धर्मदेशना गर्नुभएको छ जसलाई १) आणा देशना २) बोहार देशना ३) परमत्थ देशना भनिन्छ । यो गर्नुपर्छ, यो गर्नु हुँदैन भनिने रुप आज्ञा अनुसार देशना गर्नुभएको विनयपिटक आणा देशना हो । व्यवहार कुशलताका लागि व्यवहारिक सत्य रुपले देशना गर्नुभएको सूत्रपिटक बोहार देशना हो । परमार्थ धर्म अवबोधक निम्ति परमार्थ सत्य रुपले बताउनुभएको अभिधर्म देशना अभिधर्मपिटक परमत्थ देशना हो । यी तीनवटा देशना मध्ये परमत्थ देशना अत्यन्त गम्भीर एवं विशेष प्रकारको देशना हो । आफ्नो मूल स्वभाव परिवर्तन नगर्ने, यथार्थ रुपमा भइरहेको, सत् (सत्य) रुप भइरहेको स्वभाव धर्म वा वास्तविक सत्य धर्मलाई परमार्थ भनिन्छ। चित्त, चैतसिक, रुप र निर्वाण यी चार परमार्थ धर्म हुन्।

## परिचय :

साधारण अर्थमा चित्त भनेको मन हो । चैतसिक भनेको मनोवृत्ति हो । परमार्थ अनुसार चित्त भनेको आरम्मणलाई ग्रहण गर्ने, थाहा पाउने स्वभाव हो । चित्तलाई विज्ञान वा विञ्ञाण भनिन्छ । चैतसिक भनेको चित्त सँगै उत्पन्न भएर, चित्त सँगै मिलेर काम गर्ने स्वभाव धर्म हो । चित्त सँगसँगै उत्पन्न भएर, चित्त सँगसँगै निरोध हुने, चित्तले ग्रहण गरेको आरम्मणलाई नै ग्रहण गर्ने, चित्तको जस्तै समान आधार भइरहेको, चित्तमा मिल्ने स्पर्श, वेदना आदि ५२ वटा प्रकारका स्वभाव धर्मलाई चैतसिक भनिन्छ ।

## परिभाषा :

चैतसिकलाई तल लेखिएको अनुसार पालिमा विग्रह गरि देखाइएको छ

- **चेतसि भवं चेतसिकं** : चित्तमा उत्पन्न हुने स्वभाव धर्मलाई चैतसिक भनिन्छ। यो प्रधान विग्रह वाक्य हो । तर चित्तमा उत्पत्ति हुने

  भन्दैमा चित्तमा चैतसिक नै स्थित भएको होइन, तल रहेको होइन । चित्त आधार अनि चैतसिक आधेय भनिएको होइन, बरु चित्तलाई निमित्त मात्र गरि उत्पन्न हुने भनिएको हो । अथवा चैतसिक उत्पन्न हुने मूल कारण चित्त हो चित्त नभई चैतसिक उत्पन्न हुँदैन भन्ने अर्थ भयो ।



Downloaded from http://dhamma.digital/

- **चेतसि भवं तदायत्तवुत्तिताया ति चेतसिकं** : चित्तायत्तवृत्तिको कारणले अथवा चित्त सँगै सम्बद्ध भएर उत्पन्न हुने कारणले चित्तमा

 हुने धर्मलाई चैतसिक भनिन्छ। चित्तसगै सम्बद्ध राखी उत्पन्न हुने स्वभाव भएकाले चैतसिक भनिनछ। चित्त समाप्त भएमा सम्पूर्ण चैतसिक धर्महरु उत्पन्न नहुने भएकोले चित्तको आधार वा भरोसा लिई उत्पत्ति हुने र चित्त सँगै सम्बन्ध राखी उत्पन्न हुने स्वभावलाई चैतसिक भनिएको हो। यो विग्रह टीकाकारले गरेको हो।

- **चेतसि नियुत्तं वा चेतसिकं** : चित्तमा मिल्ने भएकोले पनि चैतसिक भनिन्छ। चित्तमा उत्पत्ति हुने भएकोले मात्र चैतसिक भनिदैंन,

 चित्त सँगै मिलेर काम गर्ने स्वभाव भएकोले नै स्पर्श आदि धर्मलाई चैतसिक भनिन्छ।

यसरी चित्तमा उत्पत्ति हुने, चित्तसँगै सम्बन्ध राखी उत्पत्ति हुने र चित्तसँगै मिलेर कर्म गर्ने स्पर्श आदि ५२ वटा प्रकारका स्वभाव धर्मलाई चैतसिक भनिन्छ।

## चित्त र चेतसिक

- यदि चित्त सँग सम्बद्ध भएको कारणले स्पर्श, वेदना आदिलाई चैतसिक भनिन्छ भने चित्तले पनि स्पर्श, वेदना आदि सर्वचित्त साधारण

 चैतसिक सँग सम्बद्ध नभइकन एक्लै उत्पन्न हुन सक्दैन। यस्तो अवस्थामा चित्तलाई पनि फस्से भवं फस्सिकं, वेदनायं भवं वेदनिकं आदि विग्रह गरी फस्सिक (स्पार्शिक), वेदानिक(वेदानिक) भन्न मिल्दैन र ?

यद्यपि चित्त स्पर्श, वेदना आदि चैतसिक धर्म सँग सम्बद्ध भएर उत्पन्न हुन्छ। त्यसो त चित्त नभइकन आरम्मण ग्रहण हुँदैन र चित्त प्रधान भएको कारणले यसलाई फस्सिक, वेदनिक भन्न सकिँदैन।

- सर्वचित्त साधारण चैतसिक सँग सम्बद्ध नभइकन कुनै चित्त पनि उत्पन्न हुँदैन यस्तो अवस्थामा चैतसिकलाई किन प्रधान नभनिएको?

कति कति चैतसिक नभएपनि चित्त उत्पन्न हुन सक्छ तर चित्त नभइकन कुनै पनि चैतसिक उत्पन्न हुन सक्दैन। त्यसैले चैतसिक प्रधान चित्त प्रधान हो। जस्तो कि कुनै राजा कतै सवारी हुँदा राजा एक्लै आउँदैन, राजाको पछि अङ्गरक्षकहरु, मन्त्रीहरु, भाइ भारदारहरु, सैनिकहरु आदि धेरै जना आउँछन्, त्यसरी नै ती सबै मध्ये राजा नै प्रधान र मुख्य भइरहेकोमा राजा आए भन्छन् सेनाहरु आए भन्दैनन्। यहाँ चित्त भनेको राजा समान हो त्यसरी नै चैतसिक राजाको पछि पछि आउने रक्षकहरु समान हो। त्यसैले भगवान् बुद्धले भन्नुभयो मनोपुब्बङ्गमा धम्मा ति अर्थात जुन अवस्थामा पनि मन नै पहिले अगाडि जाने हुन्छ, मन नै प्रधान हो।

१२१ प्रकारका चित्तले एउटै प्रकारले आरम्मण ग्रहण गर्दैनन्। शोभन चित्तले आरम्मण ग्रहण गर्दा अशोभन चित्त रहदैंन। यसप्रकार कैयौं चित्त नभए पनि आरम्मण ग्रहण हुन्छ। यस्तो स्थितिमा चित्तलाई किन प्रधान भनिएको ?

जसरी फुसन लक्षणद्वारा स्पर्श एउटै नै हो अनि अनुभवन लक्षण अनुसार सम्पूर्ण वेदना वनि एउटै नै हो, त्यसरी नै आरम्मण लक्षण अनुसार सम्पूर्ण चित्त एउटै हो। चित्तमा नाना प्रकारका चैतसिक मिलेकोले मात्र १२१ प्रकारले चित्त भेद हुन गएको हो। भगवान बुद्धले आज्ञा गर्नुभएको छ पभस्सरमिदं भिक्खवे, चित्तं। तं च खो आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठं। अर्थात भिक्षुहरु चित्त भनेको स्वभाविक रुपमा शुद्ध हो। बाहिरका उपक्लेशद्वारा मात्र चित्त दूषित हुन्छ। यसप्रकार चित्तको एकत्व स्वभाव थाहा भएन भने मात्र माथिको प्रश्न उत्पन्न हुने हो।

## चैतसिकको चारवटा लक्षण

एकउत्पाद, एकनिरोध, एकालम्बन र एकवत्थुक भनिने चारवटा लक्षणले युक्त भएको स्वभाव धर्मलाई चैतसिक भनिन्छ। कुनै स्वभाव धर्म चैतसिक हुन ती चारवटा लक्षण हुनै पर्छ। ती चारवटा लक्षण मध्ये एउटा दुइ वटा मात्र लक्षण भएन भने पनि त्यसलाई चैतसिक भनिदैंन।

- **एकउत्पादः**



Downloaded from http://dhamma.digital/

फस्स, वेदना आदि ५२ प्रकारका चैतसिक सम्पूर्ण नै चित्त सँगसँगै उत्पन्न हुन्छ, चित्त उत्पन्न नभईकन चैतसिक स्वतन्त्र रुपमा उत्पन्न हुन सक्दैन। चित्त र चैतसिक सँगै एकै पटकमा नै उत्पन्न हुन्छ, त्यसैले एकउत्पाद भनिएको हो । तर एकउत्पादको अर्थ चित्त पनि चैतसिक पनि मिसेर एकै भएर उत्पन्न हुन्छ भनिएको होइन, चित्त र चैतसिक आ आफ्नै स्वतन्त्र उत्पाद त भई नै रहन्छ । चित्त अलग नै उत्पन्न हुन्छ, चैतसिक अलग नै उत्पन्न हुन्छ, परन्तु एउटै समयमा वा समान समयमा, आरम्मण प्रत्यय आदि समान प्रत्ययद्वारा चित्त र चैतसिक धर्म एकै प्रहरमा उत्पन्न हुन्छ, एकै प्रहरमा नै निरोध पनि हुन्छ । त्यसैले यहाँ एक शब्दको अर्थ समान (तुल्य) हो ।

- **एकनिरोधः**

एकउत्पाद अथवा चित्त सँगै (सह) उत्पन्न धर्मलाई चैतसिक भनिन्छ, यसमा फेरि एकनिरोध भन्ने लक्षण पनि हुनुपर्ने तात्पर्य के हो ?

केवल एकुत्पाद मात्र भन्दाखेरी चैतसिक धर्म मात्र होइन कर्मज एवं चित्तज रुप धर्म पनि चित्त सँगै सहउत्पन्न हुन सक्छ । यस्तो परिस्थितिमा कर्मज र चित्तज रुपलाई पनि चैतसिक भन्नुपर्ने हुनसक्छ तर कर्मज र चित्तज रुपलाई पनि चैतसिक भन्नुपर्ने हुनसक्छ तर कमर्ज र चित्तज रुप एक निरोध वा चित्तको सँगसँगै नै निरोध हुँदैन, चि त्त निरोध भएको सत्रौं क्षणमा मात्र निरोध हुन्छ । त्यसैले चैतसिक भनेको चित्त सँगसँगै उत्पन्न हुने मात्र होइन चित्त सँगसँगै नै निरोध हुने स्वभाव धर्म हो ।

- **एकारम्मण :**

चित्त र चैतसिकका समान आरम्मण भएकोलाई एकारम्मण भनिन्छ। अर्थात, चित्तले जुन आरम्मण गर्छ चैतसिकको पनि त्यही नै आरम्मण हुन्छ । चैतसिक धर्म चित्तसँगै एकुत्पाद र एकनिरोध मात्र भएर पुग्दैन एकारम्मण पनि हुनुपर्छ, किनभने कायविञ्ञति र चित्तविञ्ञति भन्ने चित्तानुपरिवर्ती धर्म चित्त सँगै एकुत्पाद र एकनिरोध पनि हुनसक्ने भयो तर कायविञ्ञति र वचिविञ्ञति भनेको चित्तज रुप भएकोले अनारम्मण स्वभाव भएको धर्म हो । त्यसैले यसलाई चैतसिक भन्न मिल्दैन । यसप्रकार उपर्युक्त सन्देह ती सम्पूर्ण दोषलाई निराकरण गर्नका निम्ति एकुत्पाद, एकनिरोध र एकारम्मण भन्ने लक्षण चैतसिकम हुनुपर्ने हुन्छ ।

- **एकवत्थकु :**

चित्तमा चैतसिक धर्म उत्पत्ति हुने आधार भइरहेको लाई वत्थु वा वस्तु भनिन्छ । वत्थु ६ प्रकारको छ । जस्तो चक्खुवत्थु, सोतवत्थु, घानवत्थु, जिह्वावत्थु, कायवत्थु र हृदयवत्थु । चक्खु, सोत, आदि पसादलाई नै वत्थु भनिएको हो। चित्तले जुन वस्तुको आधार लिई उत्पन्न हुन्छ चैतसिक पनि त्यही वस्तुको आधार लिई उत्पन्न हुन्छ, त्यसैले एकवत्थुक भनिएको हो। एकउत्पाद, एकनिरोध र एकारम्मण यी तीन वटा लक्षणले पूर्ण भएकोलाई नै चैतसिक भनिन्छ, यसमा केही संदेह छैन। त्यसो भएपनि ती तीनवटा लक्षणले सम्पन्न भएको धर्म पञ्चवोकार भूमि[१]मा चित्तसँगै एकवत्थुक पनि हुन्छ। त्यसैले चैतसिक धर्म एकवत्थुक भन्ने लक्षणले पनि युक्त भइरहन्छ।

## चैतसिक परमार्थ

स्पर्श आदि चैतसिकका जुन स्वभाव हो, त्यो कुनै बेला पनि विपरीत भई वेदनादि स्वभावमा परिवर्तन हुँदैन। स्पर्शले स्पर्शको नै, वेदनाले वेदनाको नै स्वभाव धारण गरिरहन्छ। उत्पत्ति, स्थिति र भङ्ग भनेको तेस्रो क्षणमा पनि स्पर्श आदि चैतसिकका आ आफनो स्वभाव परिवर्तन नगर्ने भएकोले चैतसिकलाई परमार्थ भनिएको हो ।

## ५२ वटा चैतसिक

चैतसिक ५२ वटा प्रकारको छ । त्यसलाई अञ्ञसमान राशि, अकुशल राशि र शोभन राशि भनि तीन भाग गरी छुट्याइएको छ । जस्तो कि

१. अन्यसमान चैतसिक १३ वटा



Downloaded from http://dhamma.digital/

२. अकुशल चैतसिक  १४ वटा

३. शोभन चैतसिक  २५ वटा

## परमार्थ धर्मका चार वटा लक्षणहरू

चित्त, चैतसिक आदि परमार्थ धर्म सत् रुपले विद्यमान भैरहेको हो, तर त्यसो भए पनि अति गम्भीर भएको कारणले सामान्य ज्ञानद्वारा बुझ्न गाह्रो छ । यथार्थ रुपमा परमार्थ धर्मको स्वरुप अवबोध हुन त्यसको लक्षण, रस, प्रत्युपस्थान एवं पदस्थानलाई थाहा पाउनुपर्ने हुन्छ ।

**१) लक्षण (लक्खणं) :**

परमार्थ धर्मको स्वभावलाई थाहा पाउने सङ्केतलाई लक्षण भनिन्छ। लक्षण दुई प्रकारका छन्  (१) सामान्य लक्षण[१४] र (२) स्वभाव लक्षण। परमार्थ धर्मको सर्वसाधारण सङ्केतलाई सामान्य लक्षण भनिन्छ। आफू सँग मात्रै सम्बन्ध राख्ने स्वभाव सङ्केतलाई स्वभाव लक्षण भनिन्छ । अर्थात सम्पूर्ण धर्म मात्रमा सम्बन्ध राख्ने सामान्य लक्षण हो अनि केवल स्व (आफू) सँग सम्बन्ध राख्ने लक्षण स्वभाव लक्षण हो । उदाहरणका लागि रुप्पन (परिवर्तनशील, विकार भएको) लक्षणका सम्पूर्ण रुप धर्ममा सम्बन्ध भएको कारणले रुप्पन रुप धर्मको सामान्य लक्षण हो। तर आरम्मण विजानन चित्तको स्वभाव लक्षण हो।

**२) रस (रसो) :**

परमार्थ धर्मले गर्ने कामलाई रस भनिन्छ। रस पनि कृत्य रस र सम्पत्ति रस भनी दुई थरी छन्। परमार्थ धर्मले गर्ने मूल कामलाई कृत्य रस भनिन्छ। कारण सामग्रीका सम्पन्नताले (कारण, प्रत्यय, समुदय भएर) उत्पन्न हुने कर्मलाई सम्पत्ति रस भनिनछ।

**३) प्रत्युपस्थान (पच्चुपट्ठानं) :**

परमार्थ धर्मको आकारलाई प्रत्युपस्थान भनिन्छ। बारम्बार ज्ञानले विचार गरिरहँदा साधकका ज्ञानमा प्राप्त हुने, देखिने गरी आउने अथवा यो धर्म यस्तो रहेछ भनि साधकको ज्ञानमा देखिएर आउने परमार्थ धर्मको स्वभाव वा आकारलाई प्रत्युपस्थान भनिन्छ। प्रत्युपस्थान पनि फलपच्चुपट्ठान र उपट्ठानाकार पच्चुपट्ठान भनी दुई प्रकारका छन्। फलप्रत्युपस्थान भनेको कृत्य रसको कारणले उत्पन्न हुने फल हो : जस्तोकि कुनै काम गर्दा त्यसको कुनै फल प्राप्त हुन्छ। उपस्थानाकार प्रत्युपस्थान भनेको ज्ञानले विचार गर्दाको बखतमा देखिने गरी आउने आकार हो : जस्तोकि व्यक्तिलाई राम्ररी विचार गरी हेर्दा उसको स्वभावलाई राम्ररी चिनिन्छ ।

**४) पदस्थान (पदट्ठानं) :**

परमार्थ धर्म उत्पत्ति हुने मूल कारण अथवा सबैभन्दा नजिक परेको कारण (आसन्न कारण) लाई पदस्थान भनिन्छ। कारण दुई प्रकारको छ आसन्न कारण एवं दूर कारण। यहाँ आसन्न कारणलाई पदस्थान भनिन्छ ।

### अभ्यास प्रश्न

१) तीन प्रकारका देशना भनेको के के हो ? त्यसमध्ये अभिधर्म कस्तो प्रकारको देशना हो ?

२) चैतसिक भनेको के हो ? परिचय दिनुहोस्।

३) चैतसिकलाई कति प्रकारले विग्रह गरी देखाइएको छ? अर्थ स्पष्ट गरी देखाउनुहोस् ।

४) चित्तमा चैतसिक स्थित भइरहेको छ र ? किन?

५) चित्त र चैतसिकको के कस्तो सम्बन्ध छ?

६) चैतसिक अप्रधान, चित्त प्रधान हो भन्ने कुरा उदाहरण सहित स्पष्ट गरी देखाउनुहोस् ।

७) १२१ प्रकारका चित्त आरम्मण विज्ञानन लक्षण अनुसार एउटै नै भए ५२ प्रकारका चैतसिक पनि एउटै नै हो र?

८) चैतसिकका लक्षण कति वटा छन्? त्यसमध्ये एउटा दुइटा मात्र लक्षणले युक्त भएमो धर्मलाई चैतसिक भन्न मिल्छ? किन?

---

ज्ञढ जुन भूमिमा पाँच वटा स्कन्ध हुन्छ त्यस भूमिलाई पञ्चवोकार भूमि भनिन्छ। जस्तोकि काम भूमि एवं रुप भूमि। जुन भूमिमा चारवटा स्कन्ध हुन्छ त्यसलाई चतुवोकार भूमि भनिन्छ। जस्तोकि अरुप भूमि। जुन भूमिमा एउटै मात्र स्कन्ध हुन्छ त्यसलाई एकवोकार भूमि भनिन्छ । जस्तो कि असंज्ञी भूमि ।



Downloaded from http://dhamma.digital/

९)  चैतसिकलाई किन परमार्थ धर्म भनिएको हो?

१०)  ५२ वटा प्रकारका चैतसिकलाई कति भागमा विभाजन गरिएको छ, छुट्याएर देखाउनुहोस् ।

११)  परमार्थ धर्मका चारवटा लक्षण भनेको के के हुन्, व्याख्या गर्नुहोस् ।

## अन्यसमान चैतसिक

अञ्ञेसं समानं अञ्ञसमाना जुन चैतसिक कुनै अर्को चैतसिक सँग समान हुन्छ, त्यसलाई अन्यसमान चैतसिक भनिन्छ । अकुशल चैतसिक अकुशल नै भइरहन्छ कुशल सँग मिल्दैन । त्यसरी नै कुशल चैतसिक कुशल धर्म सँग सम्बद्ध हुँदा कुशल स्वभाव भईरहन्छ अकुशलसँग मिल्न जाँदैन । तर अन्यसमान चैतसिक कुशल धर्म सँग सम्बद्ध हुँदा कुशल स्वभाव भईरहन्छ, अकुशल धर्म सँग सम्बद्ध हुँदा अकुशल स्वभाव नै भइरहन्छ । अन्य धर्मसँग मिल्दा अन्य स्वभाव नै हुने कारणले गर्दा स्पर्श, वेदना आदि चैतसिकलाई अन्यसमान चैतसिक भनिन्छ ।

अन्यसमान चैतसिक ञघ प्रकारका छन् । तिनलाई दुई भाग गरी विभाजन गरिएको छ । जस्तो

१) सब्बचित्त साधारण चैतसिक ठ वटा

२) पकिण्णक चैतसिक  ट वटा

**सब्बचित्तसाधारण चैतसिक**

सम्पूर्ण प्रकारको चित्तमा मिल्न सक्ने अथवा ञद्दञ प्रकारका चित्तमा मिलेको चैतसिकलाई सर्वचित्तसाधारण चैतसिक भनिन्छ। स्पर्श, वेदना आदि सातवटा चैतसिक सम्पूर्ण प्रकारको चित्तमा पनि सदा सर्वदा सम्प्रयुक्त भईरहन्छ । स्पर्श आदि चैतसिक नभइकन कुनै चित्त पनि उत्पन्न हुन सक्दैन। अथवा समान रुप धारण गर्नुलाई साधारण भनिन्छ। सम्पूर्ण प्रकारका चित्तलाई पनि यी सातवटा चैतसिकले समान रुपले धारण गर्ने भएकोले सर्वचित्तसाधारण चैतसिक भनिएको हो। सर्वचित्तसाधारण चैतसिक सातवटा तल लेखिए अनुसार छन् :

**१) फस्स (स्पर्श) :**

जुन धर्मले आरम्मणलाई स्पर्श गर्छ त्यसलाई फस्स भनिन्छ। अथवा जुन धर्मद्वारा चित्त चैतसिक धर्मले आरम्मणलाई स्पर्श गर्छ त्यसलाई फस्स भनिन्छ। जसरी ताली बजाउँदा दुवै हात मिल्ने हो त्यस्तै नै चित्त र आलम्बनको मिलनलाई फस्स भनिन्छ। तर फस्स चैतसिक दुईवटा रुप धर्ममा जुटे जस्तै सङ्घट्टन हुने जस्तै हुँदैन। परन्तु कुनै एउटा आरम्मणमा त्यसको स्वभावको संस्पर्शलाई नै फस्स भनिन्छ। अरुले अमिलो खाएको देख्दा आफूले मनको आरम्मणमा स्पर्श सङ्घट्टन गर्ने भएकोले आफनो मुखबाट पानी आउनु, रुखको माथि बसिरहेको मानिस देखेर तल बस्नेको खुट्टा थरररर काम्नु आदि फस्सका उदाहरणहरु हुन् ।

### चारवटा लक्षण

- **लक्षण** : आरम्मणलाई स्पर्श गर्नु नै यसको लक्षण हो।

- **रस** : आरम्मण र चित्तलाई सम्बन्ध राखिदिने यसको काम हो।

- **प्रत्युपस्थान** : यसको आकार हो इन्द्रिय, विषय एवं विज्ञानको सन्निपात भएर उत्पत्ति हुनु। अथवा चक्षुविज्ञान, श्रोतविज्ञान, आदि

  इन्द्रिय, रुपालम्बन, शब्दालम्बन आदि विषय र चक्षुविज्ञान, श्रोतविज्ञान आदि विज्ञान यी तीनवटा मिले भने (त्रिकसन्निपात भएमा) उत्पन्न हुने यो धर्म हो।

- **पदस्थान** : कारण सामग्री मिलेर रुपादि आरम्मणको अवभास भएमा फस्स उत्पन्न हुन्छ। त्यसैले अवभासित आरम्मण नै यसको

  आसन्नकारण हो।

**वेदना :**



Downloaded from http://dhamma.digital/

वेदनाको अर्थ अनुभव हो। सुख, दुख, असुखअदुखका अनुभव नै वेदना हो। जुन धर्मले आरम्मणमा इष्टाकार (मनपर्ने), अनिष्टाकार (मननपर्ने) र मध्यस्थाकार ( मध्यस्थ भएको) यसरी तीन आकार मध्ये एउटा नभए अर्को आकार भै नै रहन्छ। यसलाई नै आरम्मणको रस भनिन्छ। चित्तको आश्रय लिई आरम्मणको रस (स्वाद) अनुभव गर्ने चैतसिकलाई वेदना भनिन्छ।

आरम्मणको रस र आरम्मण भनिने अभिन्न हुन्। आरम्मण नै त्यसको रस हो। यस्तो परिस्थितिमा स्पर्श आदि धर्मले पनि आरम्मण ग्रहण गर्दा आरम्मणको रस अनुभव नगर्ला र ?

स्पर्श आदि धर्मले आरम्मणको रसलाई केही कुनै भाग मात्र अनुभव गर्छ अथवा केही मात्रामा अनुभव गर्छ, तर वेदनाले सम्पूर्ण रुपले अनुभव गर्छ। जस्तैकि कुनै राजाको भान्छेले नाना प्रकारका व्यञ्जन बनाई राजालाई रोज भोजन दिन लान्छ। त्यसमा केही विष राखेर ल्याएको छ कि भन्ने शंका नबनाउन राजाको अगाडि बसी उसले सबै प्रकारको व्यञ्जन अलि अलि खाएर देखाउँछ। त्यसपछि केही संदेह भएन भने राजाले भोजन गर्छन्। यो उपमा स्पर्श आदि चैतसिक अलि अलि लिएर खाने मान्छे जस्तै हो अनि वेदना चैतसिक सम्पूर्ण स्वाद लिई भोजन गर्ने राजा जस्तै हो। कारण त्यो अलिकति मात्र खाने मान्छेले भोजनको स्वाद राजाले जस्तै पूर्ण रुपले लिन सक्दैन।

**चारवटा लक्षण**

- **लक्षण** : अनुभूति यसको लक्षण हो।
- **रस** : आरम्मणको रसलाई अनुभव गर्ने यसको काम हो।
- **प्रत्युपस्थान** : चित्तको आधार लिई आरम्मणमा स्वाद लिने स्वभाव भएको यो धर्म हो।
- **पदस्थान** : कायप्रश्रब्धि एवं चित्तप्रश्रब्धि कुशल सौमनस्य वेदनाको आसन्न कारण हो।

**३) सञ्ञा (संज्ञा) :**

आरम्मणलाई चिनिराख्ने, सम्झीराख्ने स्वभावलाई सञ्ञा भनिन्छ। अथवा जुन धर्मले आरम्मणलाई रातो, निलो,सेतो, कालो,ह्रस्व, दीर्घ,स्त्री, पुरुष इत्यादि रुपले चिन्ने मात्र काम गर्छ त्यसलाई सञ्ञा भनिन्छ।

तीन प्रकारले चिन्न सकिन्छ

सञ्ञाले चिन्ने

विज्ञानले चिन्ने

प्रज्ञाले चिन्ने

चाहे मिथ्या होस् चाहे सत्य, केवल नील पीतादि भेद चिन्ने थाहा पाउने मात्र संज्ञाके काम हो। संज्ञाद्वारा चिन्दा यो मिथ्या, यो सत्य भनि छुट्याउन सकिँदैन। दुवै आँखा नदेख्ने मानिसले हात्तीको खुट्टा छुँदा यो खम्बा हो भन्छ फेरि हात्तीको कान छुँदा यो नाङ्लो भन्ने संज्ञाद्वारा चिनेको हो। विज्ञानले आरम्मणलाई ग्रहण मात्र गर्दछ। जसले आरम्मणलाई ग्रहण गर्ने विज्ञानद्वारा चिनेको हो। प्रज्ञाद्वारा चिन्दाखेरी मिथ्या नभइ सत्य रुपले चिनिन्छ। प्रज्ञाले यो मिथ्या, यो सत्य भनी छुट्याउन सक्ने भएकाले संज्ञा र विज्ञानले चिन्न सक्ने हेरेर यसले विशेष रुपले चिन्दछ।

**एउटा उदाहरण छः**

एकजना बच्चाले खेलिरहँदा सुन एक टुका भेटे। बच्चाले सुन भनि थाहा थिएन। उसले आमाचाहिँलाई भन्यो। आमाले सुन चिन्यो तर असल र कमसल केही थाहा थिएन। अनि

सुवर्णकार कहाँ देखाउन लग्यो। सुवर्णकारले असल कमसल आदि सबै प्रकारले यथार्थ रुपले राम्ररी थाहा छ। यस उपमामा बच्चा, आमा र सुवर्णकारले सुन चिनेको अनुसार संज्ञा, विज्ञान र प्रज्ञाले थाहापाउने जस्तै हो।

**चारवटा लक्षण**



Downloaded from http://dhamma.digital/

- **लक्षण** : आरम्मणलाई चिन्नु यसको लक्षण हो।

- **रस** : पहिलेको संज्ञा (अभिज्ञान) द्वारा ती ती वस्तुलाई पुन चिन्ने (प्रत्यभिज्ञान गर्नु) यसको काम हो । यसप्रकार संज्ञाले पुन पुन

  चिन्दै जाँदा भविष्यमा संज्ञा झन् बलियो भएर आउँछ। यसरी नै चिन्दै जाँदा संज्ञाद्वारा मिथ्याभिनिवेश भयो भने त्यसलाई हटाएर सम्यक् बोध गर्न तथागतलाई समेत गाह्रो हुने हुन्छ।

- **प्रत्युपस्थान** : यसको आका हो ग्रहण भइसकेको आरम्मणको निमित्तलाई वा अवस्थालाई अभिनिवेश गर्ने(चिन्ने) स्वभाव।

- **पदस्थानं** : जे जस्तो प्रकारले अगाडी आउने आरम्मण नै यसको आसन्न कारण हो।

**४) चेतना :**

जुन धर्मले आफू र सम्प्रयुक्त धर्मलाई आरम्मणमा मिलाउन लान्छ त्यसलाई चेतना भनिन्छ। चेतना भनेको उठिरहनु निद्राबाट बिउँझेको लाई भनिन्छ। यसले नाम धर्मलाई कार्य क्षेत्रमा अगाडि लगी काम गर्न प्रबन्ध गरिदिन्छ, प्रेरण दिन्छ, जागृत गरिदिन्छ।

**चारवटा लक्षण**

- **लक्षण** : चेतनात्व (जागृत रहने) यसको लक्षण हो।

- **रस** : आफू स्वयं उत्साहित भएर सम्प्रयुक्त धर्मलाई उत्साहित गरिदिने यसको काम हो। जस्तोकि प्रधान शिष्य हुनेले टाढैबाट

  आचार्य आएको देख्यो कि आफू पनि पढ्न शुरु गर्छ अरु विद्यार्थीहरुलाई पनि पढ्न प्रेरणा दिन्छ। उसले पढ्न शुरु गऱ्यो कि अरु विद्यार्थीहरुले पनि पढ्न शुरु गर्छ। यसप्रकार नै चेतनाले पनि आफू स्वयं आरम्मणमा प्रवृत्त भएर काम गर्छ अनि चित्त चैतसिक धर्मलाई पनि आरम्मणमा प्रवृत्त गराई काम गराउँछ। चेतनाले आफनो काम प्रारम्भ गऱ्यो कि सम्प्रयुक्त धर्मले पनि काम गर्न शुरु गर्छ।

- **प्रत्युपस्थान** : चेतना भनेको सम्प्रयुक्त धर्मलाई आरम्मणमा नियोजित गर्ने वा युक्त गर्ने, नियुक्त गर्ने धर्म हो : यसप्रकार साधकको

  ज्ञानमा प्राप्त हुँदै आउँछ।

- **पदस्थान** : पञ्चस्कन्धमा चेतना संस्कार स्कन्ध अन्तर्गत हो। रुपस्कन्धलाई छोडी बाँकी रहेका अन्य तीनवटा नामस्कन्ध (

  वेदनास्कन्ध, संज्ञास्कन्ध र विज्ञानस्कन्ध) यसको आसन्न कारण हो।

चित्त चैतसिक धर्मलाई उत्साहित गरी काम गराउन चेतना प्रधान प्रबन्धक हो। कुशल, अकुशल काय, वची, मनोकर्म उत्पन्न हुनमा चेतना नै प्रधान कारण हो। त्यसैले भगवान् बुद्धले यस्तो आज्ञा गर्नुभयो चेतनाहँ भिक्खवे कम्मं वदामि, चेतयित्वा कम्मं करोति कायेन वाचाय मनसा। अर्थात् भिक्षुहरु मैले चेतनालाई नै कर्म भनिरहेको छु। मैले यस्तो गर्छु भनि विचार गरेर नै पुद्गलले कायद्वार, वचीद्वार, मनोद्वारले काम(कर्म) गर्छ। यो वचन अनुसारले चेतना सहित अथवा म यस्तो गर्छु भनी होस् राखी जागृत गराउने कर्मको मात्रै फल वा विपाक हुन्छ अन्यथा चेतना नभएको कर्मको फल हुँदैन। लोकमा सम्पूर्ण सत्व प्राणीहरु चेतना भन्ने कर्म धातुबाट नै उत्पन्न  भएर आइरहेको हो।

**५) एकग्गता (एकाग्रता) :**

जसको एउटै मात्र आरम्मण हुन्छ त्यसलाई एकाग्रता भनिन्छ। एकाग्रभावलाई नै एकाग्रता भनिन्छ। हावा नभएको ठाउँमा बालिएको दियो अलिकति पनि नचली प्रज्वलित भइरहने जस्तै एउटै आरम्मणमा चित्तलाई स्थिर गरिराख्ने स्वभावलाई एकग्गता भनिन्छ। तर चित्त



Downloaded from http://dhamma.digital/

एकाग्र हुन्छ भन्नाले चित्त आरम्मणमा अलिकति पनि नचलिकन चुप लागेर बसिरहन्छ भन्ने होइन, परन्तु आरम्मण एउटैमा निरन्तर चित्तको प्रवाह हो। एकाग्रतालाई समाधि पनि भनिन्छ। एकालम्बनता रुपी एकाग्रता नै समाधि हो। प्रत्येक चित्तम एकाग्रता सम्प्रयुक्त भएकोले सम्पूर्ण प्रकारको चित्तमा पनि क्षणिक समाधि हुन्छ। क्षणिक मात्र भएपनि आरम्मणमा चित्त एकाग्र नभइकन आरम्मण ग्रहण हुँदैन। एकाग्रता चैतसिक बलियो भैसकेपछि मात्र समाधि बलियो भएर आउँछ।

**चार वटा लक्षण**

- **लक्षण** : अविसार (अव्यग्रता, स्थिरता वा अविक्षिप्तता ) यसको लक्षण हो । विचिकित्सा र औद्धित्यलाई विसार भनिन्छ। त्यसको विपरीत यसको लक्षण हो।
- **रस** : चित्त चैतसिक धर्मलाई आरम्मणमा एकत्रित वा एकाग्र गर्ने यसको काम हो। जस्तै पिठोलाई पानीले डल्लो बनाउँछ ( पिण्ड बनाउँछ), त्यस्तै नै एकाग्रताले सम्प्रयुक्त धर्मलाई आरम्मणमा एकत्रित गर्दछ।
- **प्रत्युपस्थान** : यो शान्त (उपसम) स्वभाव भएको धर्म हो, यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ।
- **पदस्थान** : सुखभाव यसको आसन्न कारण हो । सुखी पुरुषको समाधि बलवान हुन्छ।

**६) जीवितिन्द्रिय :**

जसले सहजात धर्मलाई बचाइराख्छ, जीवित गरी राख्छ त्यसलाई जीवित भनिछ। यो जीवितको सहजात धर्मलाई बचाइ राख्नमा अधिपत्य (अधिकार) भएकोले यसलाई इन्द्रिय भनिन्छ। जीवित र इन्द्रिय दुई शब्द मिलेर जीवितिन्द्रिय भयो। त्यसैले सम्प्रयुक्त धर्मलाई अनुपालन गर्नमा आधिपत्य भएको चैतसिकलाई जीवितिन्द्रिय भनिन्छ। जीवितिन्द्रिय चैतसिक सम्पूर्ण धर्मको प्राण हो। उष्म (तातो) र विज्ञानका आधारमा रहिरहेको त्रैधातुक आयु नै जीवितिन्द्रिय हो। (त्रैधातुक आयु आयु, उष्म र विज्ञान) जीवितिन्द्रियको कारणले हाम्रो शरीर मृत देह भन्दा भिन्न भइरहेको हो। जीवितिन्द्रिय दुई प्रकारको छ ।

- **नाम जीवितिन्द्रिय** : यसले सहजात नाम धर्मलाई पालन गर्छ।
- **रुप जीवितिन्द्रिय** : यसले सहोत्पन्न कर्मज र चित्तज रुपलाई पालन गर्छ।

**चारवटा लक्षण :**

- **लक्षण** : सहोत्पन्न नाम एवं रुप धर्मलाई अनुपालन गर्ने यसको काम हो। पोखरीमा फक्रिरहेको कमलको फूललाई पानीले रक्षा गर्ने जस्तै जीवितिन्द्रियले सहजात धर्मलाई रक्षा गर्छ। जसरी धाइआमाले अरुले जन्माएका बच्चालाई पालन गर्छ त्यसरी नै जीवितिन्द्रियले आरम्मण प्रत्यय, कर्म प्रत्यय आदि हेतुद्वारा उत्पन्न भएका नामरुप धर्मलाई अनुपालन गर्छ।
- **रस** : सहजात धर्मलाई उत्पत्ति भएदेखि भङ्ग नभएसम्म प्रवर्तन गरिराख्ने यसको काम हो। सहजात धर्मलाई उत्पत्ति र भङ्ग गर्नमा जीवितिन्द्रियको कुनै हात हुँदैन। यसले केवल पालन वा आरक्षा मात्र गर्दछ।
- **प्रत्युपस्थान** : सहजात धर्मलाई त्यसको उत्पत्ति देखि भङ्ग नभएसम्म अवस्थित गराइराख्ने (उपस्थित गराइराख्नु वा रक्षा गराइराख्नु) यो धर्म हो, यसरी साधकको ज्ञानमा प्राप्त हुँदै आउँछ।



Downloaded from http://dhamma.digital/

- **पदस्थान** : आफूले रक्षा गरिराखेको सहजात धर्म नै यसको आसन्न कारण हो ।

**एउटा प्रश्न** : सहजात नाम रुप धर्मलाई जीवितिन्द्रियले पालन गर्छ भने जीवितिन्द्रियलाई कसले पालन गर्छ?

**उत्तर** : जसरी माझीले डुङ्गामा राखेर अरु व्यक्तिहरुलाई नदी पार लग्दा आफू स्वयं पनि नदी पार हुन्छ, त्यसरी नै रुपले जीवितिन्द्रियले सहजात नाम धर्मलाई पनि आफूलाई पनि स्वयं आफैले पालन गर्दछ।

७) **मनसिकार**:

जुन धर्मले आरम्मणलाई चित्तमा ल्याइदिन्छ फेरि चित्त चैतसिकलाई आरम्मणको अगाडी लगीदिन्छ त्यसलाई मनसिकार भनिन्छ। जसरी सारथीले घोडालाई आफू जानुपर्ने ठाउँमा सोझयाउँछ, (गन्तव्यमुख गर्छ) त्यस्तै नै मनसिकारले सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडी लान्छ अथवा आफूलाई मनपर्ने आरम्मण चित्तमा बारम्बार उत्पन्न गरिदिन्छ ।

त्रिविध मनसिकार –

मनसिकार तल लेखिएको अनुसार तीन प्रकारको छ –

- **वीथिप्रतिपादक मनसिकार** : यसले वीथिचित्तको सन्ततिलाई आरम्मणमा उत्पन्न गरिदिन्छ।

- **जवनप्रतिपादक मनसिकार** : यसले जवनचित्त सन्ततिलाई आरम्मणमा उत्पन्न गरिदिन्छ। यो मनसिकार पनि दुई थरि छ (क) योनिसो मनसिकार (ठीक रुपले विचार गर्नु) र (ख) अयोनिसो मनसिकार (बेढंग, बेठीक रुपले विचार गर्नु) । यी जवनप्रतिपादक मनसिकारका कारणले कुशल अकुशल कर्म उत्पन्न हुन्छ।

  यहाँ वीथिप्रतिपादक मनसिकार र जवनप्रतिपादक मनसिकार भनेको क्रमशः पञ्चद्वारावर्जन चित्त र मनोद्वारावर्जन चित्त नै हो। त्यसैले यो दुवै मनसिकार चैतसिक होइन ।

- **आरम्मण प्रतिपादक मनसिकार** : आरम्मणलाई चित्तमा उत्पन्न गरिदिने मनसिकारलाई आरम्मण प्रतिपादक मनसिकार भनिन्छ। यो नै मनसिकार चैतसिक हो।

**चारवटा लक्षण**

- **लक्षण** : सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडि राखिदिने यसको लक्षण हो।

- **रस** : सम्प्रयुक्त धर्मलाई आरम्मणमा जोडिदिने, मिलाइदिने यसको काम हो। मनसिकार चैतसिकको कारणले नै सम्प्रयुक्त धर्म निरालम्बन भएर (विना आरम्मण ) बस्न नसकेको हो।

- **प्रत्युपस्थान** : सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडि राखिदिने स्वभाव भएको यो धर्म हो : यसरी साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- **पदस्थान** : आरम्मण नै यसको आसन्न कारण हो।

## पकिण्णक चैतसिक



Downloaded from http://dhamma.digital/

यता उताको चित्तमा मिलेको चैतसिकलाई पकिण्णक चैतसिक भनिन्छ । प=यता उताको सँग, किण्ण मिसिएको, कको अर्थ छैन । सम्पूर्ण प्रकारको चित्तसँग समान रूपले नमिली उताका चित्तमा अलि यताको चित्तमा अलिकति मिलेको चैतसिकलाई पकिण्णक भनिन्छ । पकिण्णक चैतसिक ६ प्रकारका छन् । यसको वर्णन तल लेखिएको अनुसार छ ।

१) **वितक्क (वितर्क)**

जुन धर्मले आरम्मणको विषयमा तर्क गर्छ, वितर्क गर्छ, त्यसलाई वितक्क भनिन्छ। आरम्मणमा अनेक तरहको कल्पना चिन्तना गर्ने स्वभावलाई वितक्क भनिन्छ।

**चारवटा लक्षण**

- **लक्षण** : सम्प्रयुक्त धर्मलाई आरम्मणमा आरोपित (प्रतिस्थित) गर्ने यसको लक्षण हो। जस्तै कुनै ग्रामीण पुरुष राजप्रसादको भित्र

  जाने इच्छा गरे भने कुनै राजवल्लभ (राजाका प्रिय पात्र)को सहायता नलिई प्रवेश हुन सक्दैन । यस्तै नै रुपले सम्प्रयुक्त धर्म वितर्कको आश्रय लिई आरम्मणमा आरोहण गर्छ। यो उपमामा सम्प्रयुक्त धर्म ग्रामीण पुरुष समान, वितर्क राजवल्लभ समान अनि आरम्मण राजप्रसाद समान हो। वितर्क बलवान् भइरहेको पुरुषलाई राती राम्ररी निद्रा आउँदैन किनभने वितर्कद्वारा सम्प्रयुक्त धर्मलाई नयाँ नयाँ आरम्मणमा आरोहित गराउने चित्तम नाना प्रकारको विकल्प उत्पन्न भई रहन्छ। जुन रुप वितर्कको समप्रयुक्त धर्मले पनि वितर्कलाई आरम्मणमा आरोहित गर्छ ।

- **रस** : आहन (प्रथम बार विमर्श गर्नु) एवं पर्याहन (पुनः पुनः विमर्श गर्नु) वा आरम्मणलाई पुनः पुनः मनन गर्ने यसको काम

  हो। पृथ्वी कसिण भावना गर्दा पृथ्वी पृथ्वी भनी पहिले सम्झिन्छ अनि त्यसपछि मात्र फेरि त्यही त्यही पुन सम्झेर पर्याहन गर्छ। यसै प्रकारले लौकिक आरम्मणमा कामगुणलाई पुनः पुनः सम्झि रहनु यसको कृत्य (काम) हो।

- **प्रत्युपस्थान** : आरम्मणमा पुग्नको निम्ति चित्तलाई धारण गरि राख्ने स्वभाव भएको यो धर्म हो : यस प्रकार साधकको ज्ञानमा

  प्राप्त भएर आउँछ। अर्थात आरम्मणमा चित्तलाई अभिमुख आकर्षण गर्नु यसको आकार हो।

- **पदस्थान** : यसको पदस्थान अट्ठकथामा वर्णन गरिएको छैन। कतिले आरम्मण नै यसको पदस्थान भने त कतिले यसको पदस्थान

  चित्त हो भनि भने।

**अवितर्क धर्मद्वारा आरम्मण ग्रहण –**

प्रश्न :– सम्प्रयुक्त धर्मले वितर्कको आधारलिई आरम्मणमा आरोहण गर्छ भने वितर्क सँग नमिलेको द्विपञ्चविज्ञान एवं द्वितीय, तृतीय ध्यान आदि धर्म आरम्मणमा कसरी प्रवेश हुन्छ?

उत्तरः– द्वितीय, तृतीय ध्यान धर्म आरम्मणमा उपचार भावनाको बलले प्रवेश हुन्छ। द्विपञ्चविज्ञान रुपालम्बन आदिमा चक्षुप्रसाद रुपमा सङ्घट्टन हुने इत्यादिको बलले आरम्मणमा प्रवेश हुन्छ। वस्तुतः चित्त स्वयं चित्तमा नित्य सम्प्रयुक्त हुने मनसिकार चैतसिकको सहायता लिई आरम्मणमा पुग्न जान सक्छ।

**चेतना, मनसिकार र वितक्कमा भिन्नता**

वितक्क, सम्प्रयुक्त धर्मलाई आरम्मणमा प्रक्षेपण गर्ने वाला जस्तै हो। चेतना, सम्प्रयुक्त धर्मलाई आरम्मणमा नियुक्त गर्ने अनि आफू पनि आरम्मण ग्रहण गर्ने हो। मनसिकार, सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडी सोझ्याइदिने हुनाले घोडालाई सोझो लाने, तालीम गराउने सारथी जस्तै हो। अथवा वितक्कले सम्प्रयुक्त धर्मलाई आरम्मणमा आरोपित गर्छ। मनसिकारले सम्प्रयुक्त धर्मलाई आरम्मण तिरबाट ऋजु गरी (सोझ्याउनु) दिन्छ ।

२) **विचार**



Downloaded from http://dhamma.digital/

आरम्मणमा पुनः पुनः विचरण गर्ने स्वभावलाई विचार भनिन्छ। अर्थात आरम्मणमा विचरण गराउने स्वभाव धर्मलाई विचार भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : आरम्मणलाई एकपटक अनुमज्जन (परिमार्जन) गर्ने यसको लक्षण हो। वितर्कद्वारा आरुढ सम्प्रयुक्त धर्मलाई आरम्मणबाट नहटाई आरम्मणको आसपास यता उता घुमिरहने वा चारैतिर चक्कर लगाउनुलाई अनुमज्जन भनिन्छ।
- **रस** : सहोत्पन्न सम्प्रयुक्त धर्मलाई आरम्मणमा बार बार योग गरी (मिलाएर) दिनु यसको काम हो ।
- **प्रत्युपस्थान** : ग्रहण गरिएको आरम्मणमा चित्त सन्ततिलाई विच्छेद नहुनका निम्ति प्रबन्ध गर्ने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त हुन्छ।
- **पदस्थान** : यसको आसन्न कारण चित्त हो।

**वितक्क र विचारमा अन्तर –**

वितर्कले सम्प्रयुक्त धर्मलाई आरम्मणमा प्रतिष्ठित वा आरोपित गर्छ। विचारले त्यही आरम्मणलाई परिमार्जन गर्छ। वितर्कले थिनमिद्ध (आलस्य) लाई प्रहाण गर्छ। विचारले विचिकिच्छालाई प्रहाण गर्छ। वितर्कले स्थूल रुपबाट आरम्मण ग्रहण गर्छ। विचारले सुक्ष्म रुपबाट आरम्मण ग्रहण गर्छ। जस्तै घन्टी बजाउँदा पहिले निस्केको आवाज वितक्क समान हो अनि पछि सम्म गुञ्जायमान भइरहने स्वर (आवाज) विचार समान हो ।

**३) अधिमोक्ख (अधिमोक्ष)**

आरम्मणमा प्रवेश गरेर त्यसलाई निश्चय गर्नुलाई अधिमोक्ष भनिन्छ। आरम्मण चाहे मिथ्या होस् चाहे सत्य। त्यसमा दृढतापूवर्क निश्चिन्त हुने स्वभावलाई  अधिमोक्ष भनिन्छ। यसको कारणले नै पाणातिपात आदि अकुशल कर्म, फेरी पाणतिपाता विरति आदि सुचरित कर्म भएको हो।

**चारवटा लक्षण**

- **लक्षण** : दृढ निश्चय गर्नु वा निश्चयसम्म पुग्नु यसको लक्षण हो।
- **रस** : आरम्मणमा सन्देह नभई निश्चित गर्नु यसको काम हो।
- **प्रत्युपस्थान** : यो विनिश्चय गर्ने धर्म हो :- यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ।
- **पदस्थान** : निश्चित गर्ने धर्म नै नै यसको आसन्न कारण हो अथवा गोचरभूत निर्णीत धर्म यसको समीप कारण हो।

**४) वीरिय (वीर्य)**

वीरताको भावलाई नै वीर्य भनिन्छ। वीर्यको अर्थ उत्साह, पराक्रम, उद्योग हो।

**चारवटा लक्षण**

- **लक्षण** : कुशल कार्यमा उत्साह वा उद्योग यसको लक्षण हो। दु:ख भएको अवस्थामा सहन सक्नुलाई नै उत्साह भनिन्छ।



Downloaded from http://dhamma.digital/

- **रस** : सम्प्रयुक्त धर्मलाई उपस्तम्भ भइदिने, सहारा दिने, उत्साहित गर्ने यसको काम हो।

- **प्रत्युपस्थान** : यो कुशल कर्ममा उत्साहित भएर निसंकोच भावले प्रकट हुने धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ।

- **पदस्थान** : संवेग उत्पन्न हुने यसको आसन्न कारण हो। जाति,जरा,व्याधि,मरण,अपायगति आदि विचार गर्दा भय उत्पन्न हुने,उद्विग्न भाव उत्पन्न हुने अथवा विरक्त हुने लाई संवेग भनिन्छ।

**५। पीति (प्रीति)** :

जसले काय एवं चित्तलाई तृप्त गर्छ, वृद्धि गर्छ, प्रसन्न गर्छ, प्रमुदित प्रफल्ल गर्छ त्यसलाई पीति भनिन्छ। यो आरम्मणमा अनुरक्त हुने स्वभाव धर्म हो। यसले व्यापाद भन्ने नीवरणलाई प्रहाण गर्छ। पीति उत्पन्न भयोकि चित्तधातु फक्रिएर आएको फूल जस्तै प्रफुल्ल हुन्छ। यो प्रफुल्ल चित्तले उत्पन्न भएको प्रणीत चित्तज रुप सम्पूर्ण शरीरमा व्याप्त हुँदा सम्प्रर्ण शरीर तृप्त हुन्छ। जसरी मरुभूमिमा गईरहेको कुनै एकजनासँग त्यहाँ पानी छ त भनी सोध्दा त्यहाँ ठूलो पोखरी छ भन्ने खबर थाहा पाएपछि उ एकदमै रमाउँछ। फेरी दुई चार पाइला उता गइसकेपछि कुनै एकजनाले पानी ल्याइरहेको देखी त्यहाँ साँच्चै पोखरी छ रैछ भनी मन अत्यन्त प्रशन्न हन्छ। यस्तै प्रकारले कैयौं साधकको आरम्मणमा पीति उत्पन्न हुँदा उसको चित्तमा तृप्ति, प्रशन्नता एवं स्फूर्तिको अनुभव हुन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : आरम्मणमा अनुरक्त हुने वा आरम्मणलाई राम्ररी प्रेम गर्नु यसको लक्षण हो ।

- **रस** : काय र चित्तलाई तृप्ति वा वृद्धि गर्नु यसको काम हो ।

- **प्रत्युपस्थान** : यो चित्तलाई गद्‌गद्‌ वा प्रफुल्ल गर्ने धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- **पदस्थान** : यसको आसन्न कारण चित्त हो ।

**पाँच प्रकारको प्रीति** :

- **क्षुद्रिका प्रीति** : शरीरमा पुलकरोमाञ्च (लोम हर्ष) मात्र हुने प्रीति ।

- **क्षणिका प्रीति** : क्षण क्षणमा बिजुली चम्कने जस्तै उत्पन्न हुने प्रीति ।

- **अवकान्तिका प्रीति** : समुद्रको किनारमा आउने छाल (तरङ्ग) समान शरीरमा फैलिएर समापत हुने प्रीति ।

- **उद्वेगा प्रीति** : यो बलवान् भएको प्रीति हो । यसको बलले शरीरलाई माथि उठाइएको जस्तै अनुभव हुन्छ ।

- **स्फरणा प्रीति** : यो प्रीति सबैभन्दा बलवान् हो। यसले सारा शरीरमा प्रशन्नता र स्फूर्तिले व्याप्त भएको जस्तैं अनुभव हुन्छ ।



Downloaded from http://dhamma.digital/

६। छन्द

छन्द भनेको इच्छा, कामना हो । आरम्मण गर्ने इच्छा अभिलाषालाई छन्द भनिन्छ । छन्द दुई प्रकारका छन् :

- **कामछन्द** : पञ्चकाम गुणमा आरम्मण गर्ने इच्छालाई कामच्छन्द भनिन्छ। यसलाई तृष्णा वा लोभ भन्दछ। त्यसैले यो अकुशल चैतसिक हो, छन्द चैतसिक होइन।
- **कर्त्तुकामच्छन्द** : आरम्मण गर्ने इच्छा मात्र कर्त्तुकामच्छन्द हो। यो इच्छा लोभद्वारा आरम्मणमा आसक्ति भाव भएको इच्छा हाइन। यो नै छन्द चैतसिक हो।

**चारवटा लक्षण :**

- **लक्षण** : आरम्मण गर्ने इच्छा नै यसको लक्षण हो ।
- **रस** : आरम्मणको अन्वेषण वा गवेषण गर्नु यसको काम हो। अथवा लोभले युक्त भएको काम गुण आरम्मणलाई छोडी धर्म, प्रज्ञा एवं निर्वाण आदिको गवेषण गर्नु कर्त्तुकामच्छन्दको काम हो। लोभनिय काम धर्मको इच्छा गऱ्योकि लोभ चैतसिकको अनुगामी हुन जान्छ। तर दान आदि दिई तृष्णा रहित भएर धन सम्पत्ति संग्रह गर्ने इच्छालाई लोभ भनिदैन छन्द नै भनिन्छ।
- **प्रत्युपस्थान** : यो आरम्मणको इच्छा र अन्वेषण गर्ने धर्म हो : यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ।
- **पदस्थान** : आरम्मण नै यसको आसन्न कारण हो।

**अन्यसमान राशि समाप्त ।**

**अभ्यास प्रश्न**

१) कस्तो प्रकारको चैतसिकलाई अन्यसमान चैतसिक भनिन्छ?
२) सर्वचित्तसाधारणको अर्थ के हो?
३) स्पर्श र वेदनामा के फरक छ?
४) सञ्ञा भनेको के हो? यसलाई कति प्रकारले चिन्न सकिन्छ? उदाहरण सहित लेख्नुहोस् ।
५) कस्तो प्रकारको धर्मलाई चेतना भनिन्छ? चेतना नै कर्म हो, किन ?
६) के एकाग्रता र समाधि एउटै हो? यसको लक्षणादि लेख्नुहास् ।
७) जीवितिन्द्रिय भनेको कस्तो प्रकारको चैतसिक हो र यसको काम के हो ?
८) मनसिकार कति प्रकारको छ? यसको लक्षणादि लेख्नुहोस् ।
९) पकिण्णक भनेको कस्तो प्रकारको चैतसिक हो ?
१०) वितक्क भनेको के हो? अवितक्क धर्मद्वारा कसरी आरम्मण ग्रहण हुन्छ ?
११) चेतना, मनसिकार र वितक्कमा के भेद छ ?
१२) विचार भनेको कस्तो प्रकारको चैतसिक हो ? वितक्क र विचारमा के अन्तर छ ?
१३) अधिमोक्ख र वीरियको लक्षणादि चारवटा लेख्नुहोस् ।
१४) पीति चैतसिक कस्तो प्रकारकोलाई  भनिन्छ? पीति कति प्रकारको छ ?
१५) छन्द भनेको के हो? त्यसको लक्षणादि लेख्नुहास् ।



Downloaded from http://dhamma.digital/

## अकुशल चैतसिक

कुशल नभएको, दोष सहितको, नराम्रो चैतसिकलाई अकुशल चैतसिक भनिन्छ। अकुशल चैतसिक पन्ध्र प्रकारका छन्। यसको वर्णन तल लेखिएको अनुसार छन् ।

**१) मोह**

मोहको अर्थ अविद्या, अदर्शन, मूढता, अज्ञान, थाहा नभएको, नबुझ्एको हो। जुन धर्म आरम्मण स्वयं मुग्ध हुन्छ त्यसलाई मोह भनिन्छ। अज्ञान भनेको ज्ञानको विपरीत हो। तर अर्थ अभिप्राय नबुझेर संदेह हुनुलाई मोह भनिदैनँ। आरम्मणको सत्य स्वभावलाई नबुझ्नु नै मोह हो ।

**चारवटा लक्षण :**

- **लक्षण** : अज्ञान नै यसको लक्षण हो । ज्ञान (प्रज्ञा)द्वारा जसरी आरम्मणको स्वभाव यथार्थ रुपले जानिलिन्छ त्यसको ठीक उल्टो मोहद्वारा आरम्मणको स्वभावलाई अयथार्थ रुपले जानिलिन्छ ।
- **रस** : आरम्मणको यथार्थ स्वभावलाई छोपिदिने (आवरण गर्ने) अथवा आरम्मणको यथार्थ स्वभावलाई बुझ्नमा असमर्थ हुनु यसको काम हो। यहाँ आरम्मणको यथार्थ स्वभाव भनिएको तात्पर्य दुश्चरित्र पाप धर्मको दुष्ट स्वभाव, सुचरित्र कुशल धर्मको राम्रो स्वभाव, दुःख सत्य आदिको स्वभाव, प्रतित्यसमुत्पाद आदिको स्वभावलाई नै यथार्थ स्वभाव भनिन्छ। उपर्युक्त स्वभावलाई जान्न नदिनका निम्ति रोकिदिने, छोपिदिने, आवरण गर्ने काम मोह चैतसिकले गर्ने भएकोले दुश्चरित्र धर्मको स्वभावलाई युक्त भयो भने पाप कर्म गर्न पछि पर्दैन।
- **प्रत्युपस्थान** : यो प्रज्ञाचक्षुलाई अन्धकार गरिदिने धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।
- **पदस्थान** : अयोनिसोमनसिकार यसको आसन्न कारण हो ।

**२) अहिरिक**

काय दुश्चरित्र, वचि दुश्चिरित्र आदि पाप कर्म गर्नमा लज्जा शरम नहुनेलाई अहिरिक भनिन्छ । जसरी सुंगुरले फोहोर देखेर घृणा गर्दैन त्यसरी नै अहिरिक चैतसिक पाप कर्म देखेर घृणा गर्दैन । यो अहिरिक चैतसिक हिरी चैतसिकको विपक्षी वा विरोधी स्वभावको धर्म हो ।

**चारवटा लक्षण**

- **लक्षण** : अकुशल पाप कर्म गर्न लज्जा नहुने, निर्लज्जी हुने यसको लक्षण हो ।
- **रस** : निर्लज्जी भएर पाप गर्ने यसको काम हो ।
- **प्रत्युपस्थान** : पाप कर्ममा निसंकोच हुने यो धर्म हो - यसरी साधकको ज्ञानमा भेटिन्छ ।
- **पदस्थान** : आफूलाई आफैले अनादर गर्ने वा आत्मगौरव नहुने यसको आसन्न कारण हो । "पाप कर्म भनेको मूर्खहरूले मात्र गर्ने हो, म जस्तो सत्पुरुषले पाप गर्नु हुँदैन" भन्ने भाव मनमा अलिकति पनि नआउने भनेको हो ।

**३) अनोत्तप्प**



Downloaded from http://dhamma.digital/

अकुशल पाप कर्म गर्नमा भय, त्रास नलिने स्वभावलाई अनोत्तप्प वा अनत्रपा भनिन्छ। ओत्तप्प चैतसिकको विरोधी स्वभावको यो धर्म हो।

**चारवटा लक्षण**

- **लक्षण** : दुश्चरित्र कर्ममा त्रास रहित हुने, निर्भयी हुने यसको लक्षण हो।
- **रस** : भय रहित भावले पाप कर्म गर्ने यसको काम हो। जसरी उड्ने पूतली केही भय नलिई बलेको बत्तीमा जान्छ त्यसरी नै निर्भिक रूपले पाप कर्म गर्ने यसको काम हो।
- **प्रत्युपस्थान** : पाप कर्ममा निसंकोच हुने यो धर्म हो – यसरी साधकको ज्ञानमा भेटिन्छ।
- **पदस्थान** : अरूलाई गौरव नराख्ने यसको समिप कारण हो। अर्थात् "मैले अकुशल गरेँभने अरूले मलाई के भन्छ" भन्ने कुरामा वास्ता नलिने भनेको हो।

**५) उद्धच्च (औद्धत्य)**

चित्त चैतसिक धर्मलाई आरम्मणमा अस्थिर गरिदिने स्वभावलाई उद्धच्च वा औद्धत्य भनिन्छ। उद्धच्चको अर्थ हो:- चञ्चल स्वभाव, अशान्त, अस्थिर स्वभाव।

**चारवटा लक्षण** :

- **लक्षण** : अशान्ति (अउपशम) यसको लक्षण हो।
- **रस** : आरम्मणमा सम्प्रयुक्त धर्मलाई अस्तिथर गरिदिने यसको काम हो। जसरी हावा चल्दा ध्वजा पताकादि स्थिर नभएर फर्र चल्छ, फेरि खरानी (विभूति) आकाशमा फ्याल्दा यता उता धूलो उड्ने गरी उड्छ, त्यसरी नै उद्धच्च सम्प्रयुक्त चित्त पनि आरम्मणमा स्थिर नभई अस्थिर, भ्रान्त, कम्पित हुन्छ। चित्तले एउटै मात्र आरम्मणलाई दृढता पूर्वक ग्रहण गर्न सक्दैन। एकाग्रता चैतसिक पनि उद्धच्च सम्प्रयुक्त हुने बेला आरम्मणलाई ग्रहण मात्र गर्छ त्यसमा स्थिर हुन सक्दैन।
- **प्रत्युपस्थान** : प्रकम्पित हुने स्वभाव यसको आकार हो।
- **पदस्थान** : अयोनिशोमनसिकार यसको आसन्न हो।

**सर्व अकुशल साधारण चैतसिक**

मोह, अहिरिक, अनोत्तप्प र उद्धच्च यी चार चैतसिक सबै प्रकारका अकुशल चित्तमा पनि मिल्ने भएकोले यसलाई सर्व अकुशल साधारण चैतसिक भनिन्छ। त्यसैले चार चैतसिकको वर्णन सबैभन्दा पहिला भएको हो।

**५। लोभ**

आरम्मणमा आसक्त हुने, लिप्त हुने वा टासिने स्वभावलाई लोभ भनिन्छ। अर्थात् जनु धर्म आरम्मणको प्रति आसक्त हुन्छ अथवा जसको कारणले सम्प्रयुक्त धर्म आरम्मणमा आसक्त हन्छ त्यसलाई लाभ भनिन्छ। लोभलाई तृष्णा, अभिज्झा,काम र राग पनि भनिन्छ।

**चारवटा लक्षण** :



Downloaded from http://dhamma.digital/

- **लक्षण** : आरम्मणलाई ग्रहण गर्ने यसको लक्षण हो । तर यसले आरम्मणलाई ग्रहण मात्र गर्ने होइन, छोड्दै नछोडी कसेर समात्ने गर्छ ।

**लाहा (थाकुरा) बोटमा टासिने बाँदर**

जंगलमा त्यस्तो प्रकारको लाहाको (थाकुरा) बोट छ जसमा लाहा (थाकुरा) बाहिर निस्केको बेला हेर्दा मन नै लोभिने राम्रो हुन्छ, एकदमै मीठो केही प्रकारको खानेकुरा जस्तै देखिन्छ । तर त्यसमा त्यस्तो शक्ति हुन्छ कि त्यसलाई हातले छोयो कि हात नै निकाल्न नहुने गरी टासिने हुन्छ । त्यस्तो लाहा (थाकुरा) देखेर जंगली बाँदरले केही खानेकुरा होला भनेर हातले लिएर खान खोज्छ तर हात निकाल्न नहुने हुन्छ । अनि फेरि अर्को हातले निकाल्न खोज्छ तर त्यो हात पनि टासिन्छ । खुट्टाले छुँदा खुट्टा पनि टास्छ । टाउकोले छुँदा टाउको पनि निकाल्न नहुने हुन्छ । यता बाँदरको शरीर एउटा लाहाको (थाकुराको) बोटमा टासेको जस्तै लोभले सम्प्रयुक्त धर्मलाई आरम्मणमा टास्छ ।

- **रस** : आरम्मणमा आसक्त हुने यसको काम हो ।

- **प्रत्युपस्थान** : यसको आकार हो त्याग गर्नुपर्ने धर्मलाई त्याग नगर्ने ।

- **पदस्थान** : आरम्मणलाई लिप्त भावले आस्वादपूर्ण भावले हेर्ने यसको आसन्न कारण हो । अशुभलाई शुभ भनेर देख्यो कि लोभ उत्पन्न हुन्छ ।

**६। दिट्ठि (दृष्टि)**

दृष्टिको अर्थ हेर्नु हो । दृष्टि दुई प्रकारको छ : मिथ्या दृष्टि र सम्यक्दृष्टि । सम्यक्दृष्टि भनेको ठीक रुपले, यथार्थ रुपले, उचित रुपले देख्नुलाई भनिन्छ । यथार्थ रुपले प्रज्ञाले नै मात्र देख्ने भएकोले सम्यक्दृष्टि प्रज्ञेन्द्रिय चैतसिक अन्तर्गत हो । मिथ्यादृष्टि भनेको सम्यक्दृष्टिको ठीक विपरीत हो । यहाँ दृष्टि वा दिट्ठि चैतसिक मिथ्यादृष्टिलाई लिइराखेको हो । जुन धर्मले आरम्मणलाई मिथ्या रुपले देख्छ अथवा जुन धर्मद्वारा सम्प्रयुक्त धर्मले आरम्मणलाई मिथ्या रुपले देख्छ (उल्टो रुपमा ) ग्रहण गर्छ त्यसलाई दिट्ठि भनिन्छ । अथवा दिट्ठि भनेको सत्य धर्मलाई उल्टो तवरले देखी लिने दृष्टि उत्पन्न गर्नुलाई भनिएको हो । अनित्य, दुःख, अनात्मलाई नित्य, सुःख, आत्मा भनि ग्रहण गर्ने, कर्म र कर्मफलमा विश्वास नगर्ने यसको उदाहरण हो ।

**चारवटा लक्षण**

- **लक्षण** : मिथ्या अभिनिवेश (अयोनिसोमनसिकार) यसको लक्षण हो ।

- **रस** : आरम्मणलाई उल्टो रुपले देख्नु वा विपरीत रुपले धारण गर्नु यसको काम हो ।

- **प्रत्युपस्थान** : मिथ्याभिनिवेश नै यसको आकार हो ।

- **पदस्थान** : आठ जना आर्य पुद्गलहरुलाई हेर्ने मन नहुने इच्छा (अरियानं अदस्सनकामता) यसको आसन्न कारण हो ।

**७। मान**

मान भनेको म, म भन्ने अहं भाव हो । जुन धर्मद्वार पुद्गलले अहंकार गर्छ अथवा अरुभन्दा म ठूलो छु, म समान अरु कोही छेन भनी अभिमान गर्छ, त्यसलाई मान भनिन्छ ।



Downloaded from http://dhamma.digital/

**चारवटा लक्षण**

- **लक्षण** : आफूलाई आफैले श्रेष्ठ, उत्तम एवं सर्वोपरि सम्झेर चित्त उन्मक्त हुनु वा चित्त मात्तिनु यसका लक्षण हो ।

- **रस** : आफूलाई आफैले अनुग्रह गर्नु, उन्मत्त गर्नु यसको काम हो ।

- **प्रत्युपस्थान** : यो आफूले आफैलाई श्रेष्ड सम्झने स्वभाव धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- **पदस्थान** : दृष्टि चैतसिक सम्प्रयुक्त नभएको लोभ यसका आसन्न कारण हो । दृष्टि र मानको स्वभाव उस्तै भएकोले दिट्ठि र मान एकैपटकमा उत्पन्न हुँदैनन् । त्यसैले लोभमूल चित्त आठवटा मध्ये दिट्ठिगत समप्रयुक्त चारवटामा दिट्ठि चैतसिक मिल्दछ अनि दिट्ठिगत विप्पयुक्त चारवटामा चैतसिक मिल्दछ ।

यो मान चैतसिकलाई निम्न प्रकारले भेद गरी राखिएको छ । ती यस प्रकार छन् :

**सोह्र प्रकारका मान**

१) मान :-घमण्ड गर्नु, अहंकारी हुनु

२) अतिमान :-अति अहंकार गर्नु

३) मानातिमान :-अहंकारले अहंकार हुनु

४) जातिमान :- जाति कुलको विषयमा अभिमान गर्नु

५) गोत्रमान :- गोत्रको विषयमा अभिमान गर्नु

६) आरोग्यमान :- निरोगीताको अभिमान गर्नु

७) योब्वनमान :- युवावस्थाको विषयमा अभिमान हुनु

८) जीवितमान :- दीर्घायुतामा अहंकार हुनु

९) लाभमान :- लाभको विषयमा अहंकार हुनु

१०) सत्कारमान :- सम्मान सत्कारको विषयमा अहंकार हुनु

११) गरुगारवमान :- अरु पूजनीयहरुको आश्रय लिई अभिमान गर्नु

१२) पुरक्खारमान :- पूर्वगामितालाई आश्रय गरी अहंकार गर्नु

१३) परिवारमान :- परिवार पूर्णताको अहंकार हुनु

१४) भोगमान :- धन दौलत पूर्णताको अहंकार हुनु

१५) वर्णमान :- रुप, सुन्दरताको अभिमान हुनु

१६) श्रुतमान :- बहुश्रुतको विषयमा अहंकार हुनु

यी बाहेक विद्यामान, प्रज्ञा, भाग्य, यश, कीर्ति, शील, ध्यानमान इत्यादि रुपले अनेक प्रकारका मान छन् । तर संक्षिप्त रुपमा लिए भने निम्न तीन प्रकारका मान उल्लेखनीय हुन्छ :

- **सेय्यमान** : धन, गुण, प्रज्ञा, विद्या, सम्पत्ति, यशकिर्ति, रुपादि गुणमा म समान अरु छैनन् म नै सर्वश्रेष्ठ हो भनी अभिमान गर्नु ।



Downloaded from http://dhamma.digital/

- **सदिसमान** : उक्त प्रज्ञा,गुण आदि विषयमा म पनि उ जस्तै जान्ने हुँ, सम्पन्न छु, भनि आफु र अरु समान देख्नु । अरुको तुलनामा  आफूलाई पनि त्यत्ति नै जान्ने सम्झी घमण्ड गर्नुलाई सदिसमान भनिन्छ ।
- **हीनमान** : धन, गुण आदि आफूसँग केही नभएपनि अरुसँग भएको शीलगुण आदिलाई स्वीकार नगरी जाने पनि उनीहरुले नै जान्छन्, भएपनि उनीहरुसँगै नै हास्,मलाई के को मतलब ? भनि अभिमान गरी रहनुलाई हीनमान भनिन्छ ।

यसप्रकार विभिन्न प्रकारको सुक्ष्माति सुक्ष्म मानलाई निशेष रुपले अर्हत् मार्गबाट पनि हटाउने भैरह्या ।

८) **दोष (द्वेष)**

दोष भनेको कोध वा रिस उठ्नुलाइ भनिन्छ । दोषलाई द्वेष, पतिघ (प्रतिघ) र व्यापाद पनि भनिन्छ । जसले काय र चित्त चैतसिकलाई दूषित गर्छ, विकृत गर्छ, नष्ट गर्छ त्यसलाई द्वेष भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : प्रचण्ड स्वभाव यसको लक्षण हो । जस्तै कालो सर्पलाई कुनै प्रकारको आघात गऱ्यो कि उसले आफ्नो प्रचण्ड स्वभाव निकाल्छ, त्यस्तै चित्त चैतसिक धर्म पनि कुनै अनिष्ट आरम्मणमा पर्न जाँदा त्यसको प्रचण्ड स्वभाव प्रकट हुन्छ ।
- **रस** : आफ्नो आश्रय भइरहेका काय एवं चित्तलाई दाह गर्नु यसको काम हो । जस्तै द्वेष आगोले आफ्नो आधार भइरहेको काठ दाउरालाई भष्म गरिदिन्छ त्यस्तै नै द्वेषले सम्पयुक्त नामरुप धर्मलाई जलाइदिन्छ । द्वेष उत्पन्न भयो कि पहिले सम्प्रयुक्त चित्त चैतसिक धर्म दहन हुन्छ, जलेर आउँछ । सम्प्रयुक्त धर्म जलेर आयो कि त्यसको कारणले उत्पन्न भइरहेको चित्तजरुप पनि विकृति भएर दाह भएर आउँछ अनि फेरि त्यसको कारणले कर्मज ऋतुजरुप पनि चूप लागेर बस्न नसकी दाह भएर आउँछ, तात्तिएर आउँछ । त्यसैले द्वेष उत्पन्न हुँदा सम्पूर्ण शरीर रक्तवर्ण भएर रातो भएर बलिरहन्छ । यदि द्वेषको वेग अति तीव्र एवं बलवान् भयो भने जीवन सन्तति सँगै उच्छेद भएर नष्ट हुन सक्छ, मृत्यु हुनसक्छ ।
- **प्रत्युपस्थान** : मौका प्राप्त भएका शत्रु समान नामरुप धर्मलाई नष्ट ध्वष्ट गरिदिने स्वभाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।
- **पदस्थान** : द्वेष उत्पत्तिको मूल कारण दशवटा छन् । ती यसप्रकार छन् :

क) आफ्नो तरफबाट तीनवटा

- मलाई अनर्थ गऱ्यो
- मलाई अनर्थ  गर्नेछ
- मलाई अनर्थ गर्दैछ

यसप्रकार भूत, भविष्य र वर्तमान सम्झी द्वेष उत्पन्न हुने कारण तीनवटा ।
ख) आफ्नो मित्रको तर्फबाट तीनवटा

- मेरो मित्रलाई (मनपर्नेलाई) अनर्थ गऱ्यो



Downloaded from http://dhamma.digital/

- मेरो मित्रलाई अनर्थ गर्नेछ
- मेरो मित्रलाई अनर्थ गर्दैछ

यसप्रकार आफू एक जना बाहेक अरु प्रियजनबाट द्वेष उत्पन्न हुने कारण तीनवटा ।

ग) आफ्नो शत्रुको तर्फबाट तीनवटा

- मेरो शत्रुलाई उपकार गऱ्यो
- मेरो शत्रुलाई उपकार गर्नेछ
- मेरो शत्रुलाई उपकार गर्दैछ

घ) अस्थान कोष भनिने एउटा ।

जम्मा दशवटा भयो । अस्थान कोष भनेको एकदमै चिसो, पानी परिरहनु, हावा बगिरह्यो इत्यादि कारणले उत्पन्न हुने रिस वा द्वेष हुन् ।

**९) इस्सा (ईर्ष्या)**

अरुको राम्रो भएको देखी, अरुको सम्पत्ति देखेर डाह हुनु, सहन नसक्नु, हेर्न नसक्ने स्वभावलाई इस्सा भनिन्छ । यो मुदिता चैतसिकको विपरीत स्वभाव भएको धर्म हो । अरुको राम्रो भएकोमा हर्ष राख्नलाई मुदिता भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : अरुको गुण, भोगसम्पत्ति, ऐश्वर्य,विद्या, शिल्प, रुप, यशकीर्ति, इत्यादि देखेर चित्त दुखाउनु, सहन नसक्नु, डाह (जलन) हुनु यसको लक्षण हो ।
- **रस** : अरुको समपत्ति देखेर अप्रीति हुनु, नरमाइलो लाग्नु यसको काम हो ।
- **प्रत्युपस्थान** : यो परसम्पत्ति तिरको विमुख भएको विरुद्ध भएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

**१०) मच्छरिय (मात्सर्य)**

लोभी, कञ्जुसी वा चित्त दुख्ने स्वभावलाई मच्छरिय भनिन्छ । यस्तो प्रकारको गुण मसँग मात्रै भए हुन्थ्यो, यस्तो सम्पत्ति, वस्तु मसँग मात्रै भए हुन्थ्यो, अरुसँग नभए पनि हुन्थ्यो भन्ने संकोतभाव नै मात्सर्य हो ।

**चारवटा लक्षण**

- **लक्षण** : आफूसँग भएको र हुने सम्पत्तिलाई लुकाउनु (अरुलाई नदेखाउनु) यसका लक्षण हो ।
- **रस** : आफ्नो समपत्ति र अरुको सम्पत्ति समान भएको हेर्नमा असमर्थ हुनु यसको काम हो ।



Downloaded from http://dhamma.digital/

- **प्रत्युपस्थान** : संकुचित स्वभाव यसको आकार हो । दान आदि दिनु पर्दा याचक देखेमा शरीर र मन खुम्चिएर जाने स्वभाव भएको यो धर्म हो ।
- **पदस्थान** : आफ्नो सम्पत्ति नै यसको आसन्न कारण हो ।

**पाँच प्रकारका मात्सर्य**

- आवासमात्सर्य : राम्रा आश्रम, आवास, ठाउँ वा घरमा मात्रै भए हुन्थ्यो, अरुहरु नभए पनि हुन्थ्यो भन्ने भाव ।
- कुलसमात्सय : म नै मात्र उच्चकुलीन, आफ्नाहरुले पुर्ण होस् भन्ने भाव ।
- लाभसमात्सय : आफूलाई मात्र लाभ धेरै होस् भन्ने भाव ।
- वर्णमात्सर्य : सुन्दर भएको रुप वर्णद्वारा आफू नै मात्र सम्पन्न भए हुन्थ्यो भन्ने भाव ।
- धर्ममात्सर्य : परियत्ति आदि धर्म समेत मैले नै मात्र जाने हुन्थ्यो अरुको अगाडी अप्रकासित भए हुन्थ्यो भन्ने भाव ।

यस्तो प्रकारको मात्सर्य स्वयं आफूलाई पनि अहितकर हुन्छ । मात्सर्य स्वभाव भएकाले आफू समान अरुसँग पनि सम्पत्ति देख्यो कि दुखी हुन्छ, दुर्मन हुन्छ, परलोकमा पनि उनीहरु दुखी हुन्छ । आवासमात्सर्यको कारणले लोह गृह भनिने नरकमा, कुलमात्सर्यको कारणले गूथ नरकमा, धर्ममात्सर्यको कारणले उष्णभष्म नरकमा जानुपर्ने हुन्छ । त्यस्तै नै लाभमात्सर्यको कारणले अल्प लाभ हुन्छ। वर्णमात्सर्यको कारणले कुरुप दुवर्ण हुन्छ भनी भनिएको छ ।

**ईर्ष्या र मात्सर्य**

ईर्ष्याले परसम्पत्तिलाई आरम्मण गर्छ । मात्सर्यले स्वसम्पत्तिलाई आरम्मण गर्छ । यो नै यी दुईमा मूल भेद हो ।

११) **कुक्कुच्च (कौकृत्य)**

आफूले गरिसकेको दुश्चरित्रको र नगरेको सुचरित्रको विषयमा पश्चाताप हुनु, पछुताउने स्वभावलाई कुक्कुच्च भनिन्छ । दुश्चरित्र गरिसकेपछि अहो मैले यत्रो अकुशल विपाक दिने दुश्चरित्र गरेको रहेछु, किन मैले त्यसो गरे होला भनि पश्चाताप हुन्छ । त्यस्तै नै सुचरित्र नगरेको कारणले मैले यस्तो कुशल कर्म किन गरिन होला भनी पश्चाताप हुनु नै कुक्कुच्च हो ।

**चारवटा लक्षण**

- **लक्षण** : गरिसकेको दुश्चरित्र र नगरेको सुचरित्रप्रति पश्चाताप हुनु यसको लक्षण हो ।
- **रस** : कृत दुश्चरित्र र अकृत सुचरित्रलाई फेरि फेरि सम्झी शोक गर्नु यसको काम हो ।
- **प्रत्युपस्थान** : कलुषित भएको चित्तको प्रवेश हुनु वा चित्तको पश्चाताप नै यसको आकार हो ।
- **पदस्थान** : कृत दुश्चरित्र र अकृत सुचरित्र नै यसको आसन्न कारण हो ।



Downloaded from http://dhamma.digital/

कृत सुचरित्र र अकृत दुश्चरित्रको कारणले कुक्कुच्च उत्पन्न हुँदैन । कारण कुत सुचरित्र र अकृत दुश्चरित्रको विषयमा कुनै शोक गर्नुपर्ने कुरा छैन । तर विशेष परिस्थितिमा कहिले शोक पनि उत्पन्न हुनसक्छ । जस्तै कि कुनै एकजनाले दान गऱ्यो, पुण्य गऱ्यो तर गरिसकेपछि मेरो पैसा सकियो बेकारमा दान गरेछुँ भनी शोक पनि गर्न सक्ला । यो शोकलाई कुक्कुच्च नभनी मानसिक दुख वेदना भनिन्छ । त्यस्तै नै कुनै एकजनाले दया करुणा राखी दुष्ट मानिसलाई रक्षा गर्छ, क्षमा दिन्छ, तर पछि त्यही दुष्टले उसलाई पीडा दिएपछि उसले विचार गर्छ कि मैले यो दुष्टलाई त्यही बेला नै सिध्याउनु पर्ने सितैँमा रक्षा मात्र गरेर यहाँ यस्तो प्रकारको शोकलाई द्वेष भनिन्छ, कुक्कुच्च भनिदैन । तर यसको अपवाद स्वरुप कैयौं आचार्यहरुले कृत सुचरित्र र अकुत दुश्चरित्रको कारणले यदि शोक भयो भने त्यसलाई कुक्कुच्च र अकृत दुश्चरित्रको कारणले यदि शोक भयो भने त्यसलाई कुक्कुच्च नै भनिन्छ भनी भनिराख्यो ।

**१२) थिन (स्त्यान)**

थिन भनेको चित्तको अल्छी भाव हो । आरम्मणलाई जान्नमा राम्ररी स्पष्ट नभईकन (ज्वलहँ च्वनीगु) स्वभावलाई थिनमिद्ध भनिन्छ । अर्थात् जुन धर्मले चित्तलाई मन्द गर्छ त्यसलाई थिन भनिन्छ ।

**चारवटा लक्षण :**

- **लक्षण** : अनुत्साहित गर्नु यसको लक्षण हो । यो धर्म वीर्यको विपरीत स्वभाव भएको हो । त्यसैले यसप्रकार सम्प्रयुक्त हुने धर्म उत्साहहीन हुन्छ ।
- **रस** : वीर्यलाई सिध्याई टाढा पठाइदिर्न यसको काम हो ।
- **प्रत्युपस्थान** : यो अनुत्साहित स्वभाव धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।
- **पदस्थान** : अयोनिसोमनसिकार यसको आसन्न कारण हो ।

**१३) मिद्ध**

जसले चैतसिकलाई अल्छी गर्छ, अकर्मण्य (काम गर्ने इच्छा नहुनु ) गर्छ त्यसलाई मिद्ध भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : अकर्मण्यता यसको लक्षण हो ।
- **रस** : चक्षुआदि द्वारलाई बन्द गरी दिने यसको काम हो । मिद्धको कारणले चित्त चैतसिक धर्म चक्षुआदि द्वरमा प्रवृत हुन सक्दैन । आरम्मणलाई ग्रहण गर्नमा उत्साहहीन हुने कारणले मिद्ध उत्पन्न हुँदा भवङ्गपात मात्र बढी हुन्छ, वीथि चित्तको(...........) उत्पाद कम हुन्छ ।
- **प्रत्युपस्थान** : आरम्मण ग्रहण गर्नमा संकोच हुनु यसको आकार हो ।
- **पदस्थान** : अयोनिसोमनसिकार यसको पदस्थान हो ।

**थिनमिद्ध**

चित्तको अल्छीपनलाई थिन, चैतसिकको अल्छीपनलाई मिद्ध भनिन्छ । शरीरको अल्छीपनलाई पनि मिद्ध नै भनिन्छ । जस्तै चित्त र चैतसिकको उत्पत्ति अलग अलग हुँदैन, त्यस्तै नै थिन र मिद्ध अलग अलग नभई सर्वदा परस्पर सम्प्रयुक्त भएर रहन्छ । पृथक्जन एवं शैक्ष्य



Downloaded from http://dhamma.digital/

पुद्गलाई  निद्रा आउने जस्तै भई र निद्राबाट बिउँझनासाथ प्राःय थिनमिद्ध हुन्छ। एकदमै नजिक आई बस्नेलाई थिनमिद्ध भनिदैन भवङ्ग सन्तति भनिन्छ।

**१४) विचिकिच्छा (विचिकित्सा)**

विश्वास गर्न योग्यमा विश्वास नगरी शंका उत्पन्न हुनुलाई विचिकिच्छा भनिन्छ। बुद्ध, धर्म आदि विषयमा, अनित्य, दुख, आदि धर्ममा शंका हुनु, निश्चयमा पुग्न नसक्नु नै विचिकित्सा हो। अथवा जुन धर्मलाई ज्ञान रुपी प्रज्ञाद्वारा चिकित्सा गर्न सक्दैन त्यसलाई विचिकित्सा (विचिकिच्छा) भनिन्छ।

**चारवटा लक्षण**

- **लक्षण** : सन्देह, शंका यसको लक्षण हो।
- **रस** : आरम्मणमा चित्त कम्पन हुनु, चित्त दुई धारमा पर्नु वा निश्चयमा पुग्न जान असमर्थ हुनु यसको काम हो।
- **प्रत्युपस्थान** : यो निश्चय गर्नमा असमर्थ भएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ।
- **पदस्थान** : अयोनिसोमनसिकार यसको पदस्थान हो।

**अकुशल राशि समाप्त।**

**अभ्यास प्रश्न**

१) अकुशल चैतसिक कति वटा छन् ?
२) सर्वअकुशल साधारण चैतसिक भनेको के के हुन् ?
३) अविद्या भनेको के हो ? यसलाई के चैतसिक भनिन्छ ?
४) थाकुराको बोटमा लटपटिएको बाँदर सँग कुन चैतसिकको उपमा मिल्छ ?
५) छन्द र लोभमा के अन्तर छ ?
६) दिट्ठि र मान एउटै हो र ? किन ?
७) सोह्र प्रकारका मान भनेको कुन कुन हुन् ?
८) द्वेष चैतसिकका लक्षणादि चारवटा कुन कुन हुन् ? बयान गर्नुहोस्।
९) मच्छरिय भनेको के हो ? त्यो कति प्रकारका छन् ?
१०) इस्सा र मच्छरियमा के भेद छ ?
११) कस्तो प्रकारको चैतसिकलाई कुक्कुच्च भनिन्छ ?
१२) थिन भनेको के हो ?
१३) मिद्ध भनेको के हो ?
१४) थिन र मिद्धमा के अन्तर छ ?
१५) विचिकित्सा चैतसिक कस्तो प्रकारको चैतसिकलाई भनिन्छ ?

## सोभन चैतसिक

क्लेश रहित भएको, शोभा भएको, असल फल दिने चैतसिकलाई सोभन चैतसिक भनिन्छ। सोभन चैतसिक पच्चीस (२५) प्रकारका छन्। यसको वर्णन तल लेखिएको अनुसार छ :



Downloaded from http://dhamma.digital/

## १९ वटा सोभनसाधारण चैतसिक

### १) सद्धा (श्रद्धा)

जुन धर्मले विश्वास उत्पन्न हुन्छ, त्यसलाई सद्धा भनिन्छ। विश्वास गर्न हुने बुद्ध, धर्म,सङ्घ, आर्यसत्य,कर्म, कर्मफल आदि गुणमा विश्वास गर्नु नै सद्धा हो। जुन कुनै पुण्य कार्यमा सद्धा प्रधान भईरहन्छ। श्रद्धावान पुरुषले दान पुण्य गर्छ। पुण्यको बाटोमा आउने बाधालाई सद्धाले हटाएर पठाउँछ। भगवान् बुद्धले भन्नुभएको छ : सद्धाय तरति ओघं वा सद्धाले बाढीलाई पार गर्छु।पुण्य कार्यमा सद्धा बीउ (बीज) समान हो। सद्धा रुपी बीउ रोपी लौकिक लाकोत्तर गुण धर्म रुपी फूल फकाउन सकछ। श्रद्धावान् मनुष्य सम्पत्ति, चक्रवर्ती सम्पत्ति, देव सम्पत्ति, ब्रह्म सम्पत्ति, सम्म प्राप्त गरि लिन सक्छ। त्यस्तै नै लाकोत्तर तर्फ श्रावकबोधि, प्रत्येकबोधि, सम्यक् सम्बोधि सम्म प्राप्त गर्न सक्छ।

**चारवटा लक्षण**

- **लक्षण** : विश्वास उत्पन्न हुनु यसको लक्षण हो।
- **रस** : चित्तलाई परिशुद्ध गर्नु यसको काम हो। फोहोर पानीले भरिएको पोखरीमा फटकिरी राखिदिएमा पानीमा भएको हिलो

  आदि सबै हराएर जान्छ, पानी स्वच्छ र निर्मल हुन्छ। त्यस पानीमा चन्द्र सूर्यको प्रतिबिम्ब स्पष्ट रुपले देखिएर आउँछ। यस्तै नै रुपले चित्त सन्तानमा सद्धाले युक्त भयो कि चित्त नीवरण धर्मले रहित भएर परिशुद्ध एवं प्रसन्न हुन्छ : बुद्ध आदिका गुणलाई धारण गर्न समर्थ हुन्छ, योग्य हुन्छ।
- **प्रत्युपस्थान** : चित्तको कलुषित भाव, धमिलो भावलाई सिध्याएर पठाउने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर

  आउँछ। दृढभक्ति र स्वच्छता नै यसलाई पहिचान गर्ने आधार हो।
- **पदस्थान** : श्रद्धेय वस्तु यसको आसन्न कारण हो। बुद्ध, धर्म, सङ्घ, आर्यसत्य, कर्म, कर्मफल, इहलोक आदि श्रद्धेय वस्तु हो।

**चार प्रकारका श्रद्धा**

पकति सद्धा र भावना सद्धा अनुसार सद्धा दुई प्रकारका छन्। दान, शील, बुद्धादि गुणमा विश्वास गर्नुलाई पकति (प्रकृति) सद्धा भनिन्छ। समथ विपस्सना आदि भावनामा उत्पन्न हुने सद्धालाई भावना सद्धा भनिन्छ। सद्धालाई तल लेखिए अनुसार पनि चार प्रकारले विभाजन गरी देखाइएको छ :

- **आगम सद्धा** : बोधिसत्वहरुसँग हुने सद्धालाई आगम सद्धा भनिन्छ। यो अनेक जन्मदेखि स्थिर भई आउने सद्धा हो।
- **अधिगम सद्धा** : श्रोतापन्न आदि आर्यसँग हुने अवेच्च पसाद गुण (अटल श्रद्धा) लाई अधिगम सद्धा भनिन्छ। यो सद्धा निर्वाण

  सम्म स्थिर भइरहन्छ। त्यसैले यस प्रकारका सद्धा भएका पुद्गलहरु सबै आर्य हो, श्रोतापन्न हो। भगवान् बुद्धले भन्नुभएको छ ये केचि भिक्खवे मयि अवेच्च पसन्ना सब्बे ते सोतापन्ना अर्थात जतिपनि व्यक्तिहरु तथागतप्रति अचल रुपले प्रशन्न हुन्छ, उनीहरु सबै श्रोतापन्न नै हुन्।
- **ओकम्पन सद्धा** :ज्ञानले युक्त भएको सद्धालाई ओकम्पन सद्धा भनिन्छ। यो एक जन्मभर मात्र स्थिर हुन्छ।
- **पसन्न सद्धा** : ज्ञान नभएको अन्ध सद्धालाई पसन्न सद्धा भनिन्छ। यस सद्धा दीर्घकाल सम्म स्थिर हुँदैन। यस्तो सद्धा श्रद्धेय

  स्थानमा पर्‍यो कि सुखफल दिन्छ, अश्रद्धेय स्थानमा पर्‍यो कि दुखफल पनि दिन सक्छ।



Downloaded from http://dhamma.digital/

२) **सति (स्मृति)**

जुन धर्मले स्मरण गर्छ त्यसलाई सति भनिन्छ। आरम्मणलाई फेरी फेरी सम्झीरहनु नै सति हो।

**चारवटा लक्षण**

- **लक्षण** : आरम्मणलाई बारम्बार सम्झिरहनु यसको लक्षण हो। जस्तै राजाको भण्डागारिकले दिन दिनै राजालाई यति सुन छ, यति चाँदि छ, इत्यादि रुपले सम्झाई रहन्छ, त्यस्तै नै स्मृतिले कुशल धर्मको स्मरण गराउँछ। अहित धर्मलाई त्याग गरी हित हुने धर्मलाई समातिरहने यसको लक्षण हो।
- **रस** : बिर्साएर नपठाउनु यसको काम हो।
- **प्रत्युपस्थान** : आरम्मणलाई संरक्षण गर्ने यो धर्म हो यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ।
- **पदस्थान** : स्थिर संज्ञा यसको आसन्न कारण हो।

३) **हिरी**

काय दुश्चरित्र आदि कर्ममा लज्जा उत्पन्न हुनुलाई हिरी भनिन्छ।

**चारवटा लक्षण**

- **लक्षण** : अकुशल पाप कर्म गर्नमा लज्जा मान्नु, घृणा हुनु यसको लक्षण हो।
- **रस** : पाप कर्म नगर्नु यसको काम हो।
- **प्रत्युपस्थान** : पाप कर्ममा संकोच हुनु अथवा पाप कर्म तर्फ नमोडिएको यो धर्म हो यसप्रकार साधकको ज्ञानमा प्रापत भएर आउँछ।
- **पदस्थान** : आत्मगौरव यसको आसन्न कारण हो। पाप गर्नु मूर्खहरुको काम हो, म जस्तो सत्पुरुषले पाप गर्न हुँदैन भनी आफूले आफूलाई गौरव गर्नु, सम्मान गर्दा नै हिरी उत्पन्न हुन्छ।

४) **ओतप्प**

अकुशल पाप कर्म गर्नमा भय, त्रास उत्पन्न हुने स्वभावलाई ओत्तप्प भनिन्छ। अथवा पाप कर्म गर्‍यो कि दण्ड भोग पर्ला, नरक आदिका सजाँय भोग गर्नु पर्ला भनी पाप कर्म देखेर डराउने स्वभावलाई ओत्तप्प भनिन्छ।

**चारवटा लक्षण**

- **लक्षण** : दुश्चरित्र कर्ममा भय, त्रास उत्पन्न हुनु यसको लक्षण हो।
- **रस** : पाप कर्म नगर्नु यसको काम हो।



Downloaded from http://dhamma.digital/

- **प्रत्युपस्थान** : पाप कर्ममा संकोच हुनु अथवा पाप कर्म तर्फ नमोडिएको यो धर्म हो : यसप्रकार साधकका ज्ञानमा प्राप्त भएर आउँछ ।

- **पदस्थान** : परगौरव यसको आसन्न कारण हो । मैले पाप कर्म गऱ्यो कि अरुले थाहा पाउँछन्, यदि कसैले नदेखीकन गरेँ भने पनि दिव्य चक्षु भएका देवताहरुले थाहा पाउँछन्, अनि उनीहरुले मलाई धिक्कार गर्छन्, निन्दा गर्छन्, यसप्रकार अरुहरु प्रति गौरव राख्नुमा ओत्तप्प उत्पन्न हुन्छ ।

तर अकुशल कर्म गरिसकेपछि अरुले थाहा पाए कि लज्जा र भय हुनुलाई हिरी ओत्तप्प भनिदैँन, त्यसलाई दौमनस्य प्रधान अकुशल ऱ्यो कि अरुले थाहा पाउँछन्, यदि कसैले नदेखीकन गरेँ भने पनि दिव्य चक्षु भएका देवताहरुले थाहा पाउँछन्, अनि उनीहरुले मलाई धिक्कार गर्छन्, निन्दा गर्छन्, यसप्रकार अरुहरु प्रति गौरव राख्नुमा ओत्तप्प उत्पन्न हुन्छ ।

फेरी अकुशल कर्म गरिसकेपछि अरुले थाहा पाए कि लज्जा र भय हुनुलाई हिरी ओत्तप्प भनिदैँन, त्यसलाई दौमनस्य प्रधान अकुशल चित्तोत्पाद वा द्वेष भनिन्छ ।

**हिरी र ओत्तप्प**

यो दुई धर्मको कारणले लोक रक्षा भइरहन्छ । पाप कर्म गर्नमा लज्जा र भय भएन कि पाप कर्म गर्नेहरु रहँदैनन् । मानिसहरु पशुवत् आचरणमा लाग्छन् । बलियोले निर्धालाई विनाश गर्छन् । यसप्रकार हिरी र ओत्तप्प रहेन कि लोक विनाश हुन्छ । त्यसैले हिरी ओत्तप्पलाई लोकपाल धर्म, शुक्लधर्म र देवधर्म पनि भनिन्छ ।

**५) अलोभ**

आरम्मणमा आसक्त नहुनु, लटपटिएर नबस्ने स्वभावलाई अलोभ भनिन्छ । रुपादि काम गुणमा आसक्त हुनुलाई लोभ भनिन्छ भने यसको विपरीत स्वभाव धर्म अलोभ हो । यसलाई अनभिज्भा पनि भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : पोखरीमा फक्रिरहेको कमलको फूल पानीबाट अलग भएर माथी आई बस्ने जस्तै आरम्मणमा अनासक्त हुने यसको लक्षण हो ।

- **रस** : लोभनीय आरम्मण कामगुणलाई मेरो मेरो भनी सम्झी नरहनु (अपरिग्रह) यसको काम हो ।

- **प्रत्युपस्थान** : यो राग रहित भएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ । आरम्मणमा नलटपटिनु यसको आकार हो ।

- **पदस्थान** : विज्ञान यसको आसन्न कारण हो ।

**६) अदोस (अद्वेष)**

जुन धर्मको कारणले पुद्गलले कसैसँग द्वेष गर्दैन, सबै सँग प्रीति गर्छ, त्यसलाई अदोस भनिन्छ । द्वेषरहित हुनु नै अदोष हो । यसलाई अव्यापाद पनि भनिन्छ, मैत्री पनि भनिन्छ ।

**चारवटा लक्षण**



Downloaded from http://dhamma.digital/

- **लक्षण** : विनम्र हुनु, कठोर नहुनु (अचण्डिकत्व) यसको लक्षण हो । आरम्मणमा चित्त विनम्र भावले पठाउने स्वभाव नै अद्वेष हो ।
- **रस** : द्वेषलाई सिध्याएर पठाउनु नै यसको काम हो । चन्दनको रस जस्तै अद्वेषले परिदाह वा द्वेषरहितलाई शान्त गरिदिन्छ ।
- **प्रत्युपस्थान** : पूर्ण चन्द्र जस्तै शिष्ट, सौम्य भाव भएको वा विनम्र स्वभाव भएको, शान्त स्वभाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।
- **पदस्थान** : यसको आसन्न कारण विज्ञान नै हो ।

**अलोभ, अद्वेष र अमोह**

(अमोह भनेको प्रज्ञा हो, यसको वर्णन तल हुनेछ ।)

यी तीनवटा चैतसिकको गुणका विषयमा अट्ठसालिनी नामक ग्रन्थमा तल लेखिएको अनुसार उल्लेख भएको छ :

१) अलोभ भनेको दानको हेतु हो, अद्वेष भनेको शीलको हेतु हो, त्यस्तै अमोह भनेको भावनाको हेतु हो ।

२) अलोभको कारणले प्रियजनसँग छुट्टिनुपर्ने दुःख हुँदैन, अद्वेषको कारणले अप्रियहरुसँग सँगै बस्नुपर्ने दुःख हुँदैन त्यस्तै अमोहको कारणले इच्छा पूरा नहुने दुःख हुँदैन ।

३) अलोभले जन्म हुनु पर्ने दुःख हुँदैन, अद्वेषको कारणले वृद्ध हुनु पर्ने दुःख हुँदैन अनि अमोहले मरण दुःखलाई नदिने बनाउँछ ।

४) अलोभको कारणले निरोगी हुन्छ, अद्वेषको कारणले यौवन सम्पन्न हुन्छ, अमोहको कारणले दीर्घायु हुन्छ ।

५) अलोभको कारणले भोग सम्पत्ति हुन्छ, अद्वेषको कारणले मित्रसम्पत्ति हुन्छ, अमोहको कारणले अत्तसम्पत्ति हुन्छ ।

६) अलोभले अनित्य दर्शन हुन्छ, अद्वेषको कारणले दुःख दर्शन हुन्छ, अमोहको कारणले अनात्म दर्शन हुन्छ ।

**७) तत्रमज्झतता (तत्रमध्यस्थता)**

सम्प्रयुक्त धर्मलाई आरम्मणमा उपेक्षा गराउने चैतसिकलाई तत्रमज्झतता भनिन्छ । स्पर्श गर्नु, अनुभव गर्नु, आदि काम सम्प्रयुक्त धर्मलाई धेरै पनि होइन, थोरै पनि होइन, मध्यस रुपले प्रतिस्थित गर्ने धर्मलाई तत्रमध्यस्थता भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : चित्त चैतसिक धर्मलाई आरम्मणमा उपेक्षित गराउने यसको लक्षण हो । यसले सम्प्रयुक्त धर्मलाई आफ्नो कृत्यमा समान रुपले परिवहन गर्छ ।
- **प्रत्युपस्थान** : मध्यस्थ भाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।
- **पदस्थान** : अप्रतियोगिता यसको आसन्न कारण हो ।

**८। कायपस्सद्धि (कायप्रश्रब्धि)**

चैतसिक समूह भनिने नाम कायको शान्त हुने स्वभावलाई कायपस्सद्धि भनिन्छ । यहाँ काय शब्दको अर्थ, वेदना, संज्ञा र संस्कार स्कन्ध हो । यसले रुपकायलाई पनि शान्त र शीतल गर्नसक्छ ।

**चारवटा लक्षण**



Downloaded from http://dhamma.digital/

- **लक्षण** : चैतसिक (नाम काय) लाई शान्त गर्ने यसको लक्षण हो ।

- **रस** : नाम कायलाई संताप गर्ने औद्धित्य प्रधान भएको क्लेश दमन गर्ने, शान्त गर्ने यसको काम हो ।

- **प्रत्युपस्थान** : यो शान्त एवं शीतल भएको स्वभाव धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- **पदस्थान** : चैतसिक समूह यसको पदस्थान हो ।

**९। चित्तपस्सद्धि (चित्तप्रश्रब्धि)**

चित्तको शान्त हुने स्वभावलाई चित्तप्रश्रब्धि भनिन्छ । यसले अकुशल धर्ममा सम्प्रयुक्त नभई चित्तलाई शीतल पारिदिन्छ, निर्मल गरिदिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : चित्तलाई शान्त पारिदिनु यसको लक्षण हो ।

- **रस** : चित्तलाई संताप गर्ने औद्धित्य प्रधान भएको क्लेशलाई शान्त गर्नु यसको काम हो ।

- **प्रत्युपस्थान** : यो शान्त एवं शीतल भएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- **पदस्थान** : यसको आसन्न कारण चित्त हो ।

**काय एवं चित्त प्रश्रब्धि**

यो दुवै एउटै नै स्वभाव भएको धर्म हो । प्रश्रब्धि (उपशम) भनिने चित्तमा पनि चैतसिकमा पनि एउटै नै किसिमले हुन्छ । तर यो उपशम (शान्त) स्वभाव चित्त चैतसिकमा मात्र सीमित भएर बस्दैन । उपशमित चित्त चैतसिकका तर्फबाट उत्पन्न चित्तज रुप पनि उपशम हुन्छ । चित्तज रुपले सङ्क्रमण हुँदै शरीर सम्पूर्ण उपशम धातुले व्याप्त हुन्छ । यसप्रकार चित्त र शरीर (काय) दुवैलाई पनि शान्त गर्ने भएकोले कायप्रश्रब्धि र चित्तप्रश्रब्धि भनि दुईट नै नाम दिइराखेको हो । स्वभाव लक्षण अनुसार दुवै नै एउटै हो । लघुता, मुदुता, कर्मण्यता आदिलाई पनि यहि रुपले बुझिलिनुपर्छ ।

**१०) कायलहुता (कायलहुता)**

चैतसिकको हलुकापन, सन्चो हुने स्वभावलाई कायलहुता (कायलघुता) भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : चैतसिकको गरुता (गह्रुंगो भएको) भावलाई शान्त गर्ने यसको लक्षण हो ।

- **रस** : चैतसिकको गरुता भावलाई दमन गर्ने यसको काम हो । अकुशल धर्ममा थिन एवं मिद्ध सम्प्रयुक्त हुनाले गरु हुन्छ । गरु

  हुनुको अर्थ वीथिचित्त शीघ्र नभई मन्द हुनु अथवा वीथिचित्त सन्ततिमा अनेकबार भवङ्गपात हुने भनिएको हो । यहाँ शोभन धर्मको उत्पत्ति स्थिति भङ्ग भनिने क्षण अशोभन धर्मको उत्पत्ति स्थिति भङ्ग भनेको शोभन, अशोभन दुवैमा समान नै हुन्छ ।



Downloaded from http://dhamma.digital/

परन्तु कुशल कर्म गर्दा जवन वीथिको अन्तमा भवङ्ग ठूलो नभइकन जवन वीथिलाई निरन्तर प्रवृत गरी दिने लघुताको काम हो ।

- **प्रत्युपस्थान** : अगरुता ( हलुकापन) यसको आकार हो ।

- **पदस्थान** : नामकाय यसको आसन्न कारण हो ।

११) **चित्तलहुता (चित्तलघुता)**

चित्तको हलुकापन सन्चो हुने स्वभावलाई चित्तलहुता भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : चित्तको गरुता भावलाई शान्त गर्ने यसको लक्षण हो ।

- **रस** : चित्तलाई गरु गर्ने थिनमिद्ध सम्प्रयुक्त भएको क्लेशलाई दमन गर्ने यसको काम हो ।

- **प्रत्युपस्थान** : अगरुता यसको आकार हो ।

- **पदस्थान** : विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

लघुता बलवान् नभएका पुदगलका चित्त कुशल कर्ममा विकसित हुँदैनन् । लघुता बलवान् भएकाहरुको चित्त कुशल कर्ममा विकसित हुन्छ, संकुचित हुँदैनन् ।

यो लघुताको बलले रुपकाय पनि लघु हुन्छ । कुशल कर्म बलवान् भयो कि रुपकाय लघु हुन्छ । लघुतासँगै उद्वेगा पीति उत्पन्न भयो कि शरीर यति हलुका हुन्छ कि आकाशमा उडेर जान सक्छ ।

१२) **कायमुदुता (कायमृदुता)**

नामकायको मृदु (नरम) स्वभावलाई कायमुदुता भनिन्छ ।

**चारवटा लक्षण**

- **लक्षण** : चैतसिकको कठोर स्वभावलाई उपशम गर्ने यसको लक्षण हो ।

- **रस** : चैतसिकलाई कठोर गर्ने दृष्टि एवं मान प्रधान भएको अकुशल क्लेशलाई दमन गर्ने यसको काम हो ।

- **प्रत्युपस्थान** : चैतसिकको कठोरतालाई हटाएर शोभन आरम्मणमा प्राप्त भएर आउँछ । शोभन आरम्मणलाई लगाउने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ । शोभन आरम्मणलाई प्रतिघात नगर्ने ( अप्रतिघात) यसको आकार हो ।

- **पदस्थान** : नामकाय यसको आसन्न कारण हो ।

१३) **चित्तमुदुता (चित्तमृदुता)**

चित्तको मृदु स्वभावलाई चित्तमृदुता भनिन्छ ।



Downloaded from http://dhamma.digital/

**चारवटा लक्षण**

- **लक्षण** : चित्तको कठोर स्वभावलाई उपशम गर्ने यसको लक्षण हो ।

- **रस** : चित्तलाई कठोर गर्ने दृष्टि एवं मान प्रधान भएको अकुशल क्लेशलाई दमन गर्ने यसको काम हो ।

- **प्रत्युपस्थान** : शोभन आरम्मणलाई प्रतिघात नगर्ने यसको आकार हो ।

- **पदस्थान** : विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

जुन पुद्गलको मुदुता दुर्बल हुन्छ उसको चित्त शत्रु सेनाको जमातमा गएको सेनापति जस्तै कठोर हुन्छ। कुशल कर्ममा उपेक्षायुक्त हुन्छ । तर जसको मृदुता बलवान् हुन्छ उसको चित्त आफ्नो ज्ञाति बन्धुको जमातमा भित्र गएको सेनापति जस्तै अतिकोमल, मृदु वा पीतियुक्त हुन्छ। कुशल कर्ममा प्रवृत हुन्छ ।

यो मृदुताको कारणले रुपकाय पनि मृदु एवं कोमल हुन्छ, शान्त वा निराभिमानी हुन्छ ।

**१४) कायकम्मञ्ञता (कायकर्मण्यता)**

दान आदि कुशल कर्ममा प्रवीण (निपुण) हुनुलाई कम्मञ्ञता भनिन्छ। कुशल कार्य गर्न अनुकूल हुनु नै कम्मञ्ञता हो। चैतसिकको कम्मञ्ञतालाई कायकम्मञ्ञता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : चैतसिकको अकम्मञ्ञतालाई उपशम गर्ने यसको लक्षण हो ।

- रस : चैतसिकको अकम्मञ्ञतालाई दमन गर्ने यसको काम हो। थिनमिद्ध एवं औद्धित्यले अलग भएको कामच्छन्द आदि नीवरण धर्म युक्त भएको क्लेशले चित्त चैतसिकलाई अकम्मञ्ञ गर्छ। त्यस क्लेशलाई हटाएर पठाउनु यसको काम हो ।
- प्रत्युपस्थान : चैतसिकको आरम्मणकरणरुप सम्पत्ति यसलाई पहिचान गर्ने आकार हो । अथवा यो धर्म आरम्मण ग्रहण गर्नमा कुशलता भएको कारणले यसले परिपूर्ण रुपले आरम्मणलाई राम्ररी ग्रहण गर्छ।
- पदस्थान : चैतसिक समूह यसको आसन्न कारण हो ।

**१५) चित्तकम्मञ्ञता (चित्तकर्मण्यता)**

चित्तको कम्मञ्ञ भावलाई चित्तकम्मञ्ञता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : चित्तको अकम्मञ्ञतालाई उपशम गर्नु यसको लक्षण हो ।

- रस : चित्तको अकम्मञ्ञतालाई दमन गर्नु यसको काम हो ।



Downloaded from http://dhamma.digital/

- प्रत्युपस्थान : चित्तको आरम्मणकरणरुप सम्पत्ति यसको प्रत्युपस्थान हो ।

- पदस्थान : विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

कम्मञ्ञता बलवान भएका पुद्गलका चित्त पुण्य कार्यमा इच्छानुरुपले प्रवृत्त हुन्छ ।
यो कम्मञ्ञताका कारणले रुपकाय पनि कुशल कर्ममा कम्मञ्ञ हुन्छ, प्रवृत्त हुन्छ ।

**१६) कायपागुञ्ञता (कायप्रागुण्यता)**

प्रकृष्ट भएको (श्रेष्ठ भएको) गुणलाई पगुण भनिन्छ । पगुणताको भावलाई पागुञ्ञता भनिन्छ । जस्तै रोगी पुरुषले काम गर्न सक्दैन त्यसरी नै अश्रद्धा प्रधान भएको अकुशल चित्त चैतसिकलाई रोगी जस्तै गरिदिन्छ । पागुञ्ञताले चित्त चैतसिक धर्मलाई निरोगी समान गरिदिन्छ ।

चैतसिकका पागुञ्ञतालाई कायपागुञ्ञता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : चैतसिकको आतुरता ( रोगीपन) लाई उपशम गर्नु यसको लक्षण हो ।

- रस : चैतसिकलाई रुग्ण ( रोगी) गर्ने अश्रद्धा प्रधान भएको अकुशल क्लेशलाई दमन गर्ने यसको काम हो । अर्थात् चैतसिकलाई आरोग्य गर्नु यसको काम हो ।

- प्रत्युपस्थान : यो क्लेश रुपी आदिनव (दोष) केही नभएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- पदस्थान : चैतसिक समूह यसको आसन्न कारण हो ।

**१७) चित्तपागुञ्ञता (चित्तप्रागुण्यता)**

चित्तको प्रगुणतालाई चित्तपागुञ्ञता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : चित्तको आतुरता (रोगीपना) लाई उपशम गर्नु यसको लक्षण हो ।

- रस : चित्तलाई रुग्ण गर्ने अश्रद्धा प्रधान भएको क्लेश धर्मलाई दमन वा चित्तलाई आरोग्य गर्नु यसको काम हो ।

- प्रत्युपस्थान : यो क्लेश रुपी आदिनव नभएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- पदस्थान : विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

पागुञ्ञता दुर्बल भएका पुरुषको चित्त कुशल कर्ममा कम्पित हुन्छ तर पागुञ्ञता बलवान् भएका पुद्गलका चित्त प्रकम्पित हुँदैनन् ।

यो पागुञ्ञताको कारणले रुपकाय पनि कुशल कर्म गर्न निरोगी जस्तै हुन्छ ।



Downloaded from http://dhamma.digital/

**१८) कायुजुकता (काय–ऋजुकता)**

ऋजुलाई ऋजुक भनिन्छ । ऋजुक भाव नै ऋजुकता हो । चित्त चैतसिकका प्रादर्शनिक भावलाई ऋजुकता भनिन्छ । पुण्य कर्म गर्नमा कहिले सङ्कुचित हुने, कहिले उन्नत हुने, कहिले अवनत हुने स्वभावलाई विषम गति भएको वा बाङ्गिएको स्वभाव नभइकन पुण्य कार्य गर्नमा अग्रसर गराइदिने ऋजुकतालाई नै कायुजुकता वा कायऋजुकता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : नामकायका प्रादर्शनिक भाव यसको लक्षण हो ।
- रस : नामकायका बाँङ्गिएको भाव (कुटिलता) लाई दमन गर्ने यसको काम हो । अथवा चैतसिकलाई पुण्य कार्यमा अग्रसर गराइदिने यसको काम हो ।
- प्रत्युपस्थान : यो कुटिलताको विरोधी भएको स्वभाव धर्म हो : यसप्रकार साधकका ज्ञानमा प्राप्त भएर आउँछ। अथवा अकुटिलता यसलाई पहिचान गर्ने आकार हो ।
- पदस्थान : चैतसिक समूह यसको आसन्न कारण हो ।

**१९) चित्तुजुकता (चित्त– ऋजुकता)**

चित्तको ऋजु भावलाई चित्तुजुकता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : चित्तको प्रादर्शनिक भाव यसको लक्षण हो ।
- रस : चित्तको कुटिलतालाई दमन गर्ने वा चित्तलाई पुण्य कार्यमा अग्रसर गराइदिने यसको काम हो ।
- प्रत्युपस्थान : यो कुटिलताको विरोधी भएको स्वभाव धर्म हो : यसप्रकार साधकका ज्ञानमा प्राप्त भएर आउँछ । अकुटिलता यसलाई पहिचान गर्ने आकार हो ।
- पदस्थान : विज्ञान स्कन्ध यसको आसन्न कारण हो ।

जुन पुद्गलका ऋजुकता दुर्बल हुन्छ, उसको चित्त रक्स्याहाको जस्तै विषम स्वभाव भएको हुन्छ । ऋजुकता बलवान् भएको पुद्गलका चित्त विषम नभई सोझो हुन्छ ।

यो ऋजुकताको कारणले रुपकाय (शरीर) पनि पुण्य कार्यमा अग्रसर हुन्छ ।

यहाँसम्म वर्णन गरिएका उन्नाइस (१९) प्रकारका शोभन चैतसिक सम्पूर्ण प्रकारका शोभन चित्तमा मिल्ने हुनाले यसलाई शोभन साधारण चैतसिक भनिन्छ ।

**विरति चैतसिक तीनवटा**

विरति भनेको विरत हुनु, अलग हुनुलाई भनिनछ । दुश्चरित्र एवं दुराजीव कर्म गर्न लाग्ने अवस्थामा त्यस कर्म नगरी अलग हुनुलाई विरति भनिन्छ । म दुश्चरित्र गर्दिन भनी दृढ संकल्प



Downloaded from http://dhamma.digital/

गरीराखेका वा पहिले देखि दुश्चरित्र नगर्ने पुद्गलले दुश्चरित्र नगर्नुलाई दुश्चरित्र भनिँदैन । दुश्चरित्र कर्म गर्ने क्षण उपस्थित नहुँदा वा दुश्चरित्र कर्म गर्न अनुकुल भएको समय वा अवसर (मौका) प्राप्त नहुँदा दुश्चरित्र कर्म नगरी अलग भएर बस्नुलाई विरति भनिदैन । विरति चैतसिक तीन प्रकारका छन् । ती यसप्रकार छन् :

२०) **सम्मावाचा (सम्यक् वचन)**

२१) **सम्माकम्मन्तो ( सम्यक् कर्मान्त)**

२२) **सम्माआजीवो (सम्यक् आजीविका)**

जीविकोपार्जनका हेतु नभएका मुसावादा ( झूठो कुरा गर्नु ) पिसुणवाचा (चुकलि कुरा गर्नु),फरुषवाचा (कठोर वचन बोल्नु) र सम्फप्पलापवाचा ( बढी कुरा गर्नु) भनिने वचि दुश्चरित्र चारवटामा अलग भई बस्नुलाई सम्मावाचा भनिन्छ ।

जीविकोपार्जनका कारण नभएका प्राणातिपात, अदिन्नादान, कामेसु मिथ्याचार भनिने काय दुश्चरित्र तीनवटामा अलग भएकालाई सम्माकम्मन्त भनिन्छ ।

जीविकोपार्जनका हेतु भइरहेको वची दुश्चरित्र चारवटा र काय दुश्चरित्र तीनवटामा अलथ भएकालाई सम्माआजीव भनिन्छ । वची दुश्चरित्र, काय दुश्चरित्र गरी जीविका नगर्नु सम्यक् आजीविका हो ।

**विरति चैतसिकका चारवटा लक्षण**

- लक्षण : दुश्चरित्र नगर्नु यसको लक्षण हो ।
- रस : काय, वची, दुश्चरित्र कर्ममा सङ्कोच हुनु वा दुश्चरित्रलाई त्याग गर्नु यसको काम हो ।
- प्रत्युपस्थान : काय दुश्चरित्र, वची दुश्चरित्रलाई त्याग गर्नु वा दुश्चरित्रता अलग भइरहने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त हुन्छ ।
- पदस्थान : श्रद्धा, हिरी,ओतप्प, अल्पेच्छता आदि यसको आसन्न कारण हो ।

**अप्पमञ्ञा (अप्रमाण्या) चैतसिक दुईवटा**

जुनको यति उति भन्ने प्रमाण हुँदैन त्यसलाई अप्रमाण भनिन्छ । यो चैतसिकले सत्व प्रज्ञप्तिको आरम्मण गर्छ । सत्व प्रज्ञप्तिका कुनै सीमा (संख्या) छैन । समस्त सत्व प्राणी यसको आरम्मण हो । अप्रमाण सत्व प्रज्ञप्तिलाई आरम्मण गर्ने करुणा र मुदिता चैतसिकलाई अप्पमञ्ञा भनिन्छ ।

२३) **करूणा**

दुःख कष्ट पाइरहेका सत्व प्राणीहरु देखेर दया राख्नु, अनुकम्पा राख्नु, सहानुभूति राख्नु, त्यस दुःखबाट मुक्त गरी दिने इच्छा हुनुलाई करुणा भनिन्छ । अथवा अरुको दुःख देखेर हृदय कम्प हुने स्वभावलाई करुणा भनिन्छ । तर परजनको दुःख देखेर आफू पनि दुःखी हुनु, मनमा शोक उत्पन्न हुनु, चित्त क्लेश युक्त हुनुलाई करुणा भनिँदैन । त्यसलाई दौर्मस्य वेदना भनिन्छ । करुणा कुशल चैतसिक भएकोले यसले शोक आदि क्लेश उत्पन्न हुँदैन, बरु दया अनुकम्पा आदि गुणले युक्त हुन्छ ।

**चारवटा लक्षण**

- लक्षण : अरुको दुःखलाई घटाउने यसको लक्षण हो । अथवा परदुःख प्रहान लक्षण भएको यो धर्म हो ।



Downloaded from http://dhamma.digital/

- रस : अरुलाई दुःख भएको देखी सहन नसक्नु यसको काम हो ।

- प्रत्युपस्थान : विहिंसा (द्वेष) को विरोधी स्वभाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- पदस्थान : दुःखी सत्वका अनाथ भावलाई देख्न सक्ने योनिसोमनसिकार यसको आसन्न कारण हो ।

**२४) मुदिता**

अरुलाई सुख भएको देखि प्रसन्न हुने, हर्ष हुने, सुखी हुने, प्रमुदित हुने स्वभावलाई मुदिता भनिन्छ ।

**चारवटा लक्षण**

- लक्षण : सुखी सत्वलाई देखि प्रमुदित हुने यसको लक्षण हो ।

- रस : अरुलाई सुख भएकोमा, सम्पत्ति लाभ भएकोमा ईर्ष्या नगर्नु यसको काम हो ।

- प्रत्युपस्थान : अरुको सम्पत्ति अरति (ईर्ष्या) नगर्ने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त भएर आउँछ ।

- पदस्थान : परसम्पत्ति, परसुख दर्शन यसको आसन्न कारण हुन् ।

आफूलाई मनपर्ने वा आफ्नो हितैसी मित्रको सुख भयो कि हर्ष उत्पन्न हुनुलाई मुदिता भनिदैंन । यसलाई सौमनस्य सहगत लोभमूल चित्त भनिन्छ । त्यस्तै नै आफ्नो हितैसीको दुःख भयो कि आफ्नो हृदय कम्प हुनु पनि करुणा होइन दौर्मनस्य वेदना हो । किन भने करुणा र मुदिताले आफू अरु भन्ने भाव नराखी समस्त सत्व प्रज्ञप्तिलाई आरम्मण गर्छ । त्यसैले आफू अरु भन्ने भाव नबनाई कोही कसैप्रति करुणा वा मुदिता उत्पन्न भयो भने त्यही नै साँच्चैको करुणा मुदिता हो ।

अप्पमञ्ञालाई ब्रह्मविहार पनि भनिन्छ । ब्रह्मविहार चार प्रकारका छन् । ती हुन् : मैत्री, करुणा, मुदिता र उपेक्षा । यसमध्ये मैत्रीको वर्णन अद्वेष चैतसिकका नामले, उपेक्षाका वर्णन तत्रमध्यस्थता चैतसिकका नामले माथि उल्लेख भइसकेका छन् ।

**२५) पञ्ञिन्द्रिय (प्रज्ञेन्दिय)**

विभिन्न प्रकारले थाहा पाउने धर्म प्रज्ञा हो । अविद्यालाई रोक्नेमा आधिपत्य भएको कारणले यो इन्द्रिय पनि हो । त्यसैले यसलाई प्रज्ञेन्द्रिय पनि भनिन्छ । विभिन्न प्रकारले थाहा पाउने अर्थ अनित्य, अनात्म, दुःख समुदय, निरोध, मार्ग, कुशल, अकुशल, कर्म, कर्मफल आदि प्रकारले थाहा पाउने भनिएको हो । यो प्रज्ञेन्द्रियलाई अमोह पनि भनिन्छ । पञ्ञा (प्रज्ञा) पनि भनिन्छ । तर क्लेशले युक्त भएको चातुर्यता, चलाकीपनलाई प्रज्ञा भनिदैंन ।

**चारवटा लक्षण**

- लक्षण : आरम्मणलाई यथार्थ रुपले चिन्ने (प्रतिवेध गर्नु) यसको लक्षण हो । अथवा स्वभाव धर्मको यथाभूत दर्शन, यथाभूत अवबोध यसको लक्षण हो ।

- रस : आरम्मणलाई यथार्थ रुपले अवभाषित गर्नु यसको काम हो । आरम्मणको यथार्थ स्वभावलाई अविद्याले छोपिदिन्छ, त्यसैले अविद्या अन्धकार समान हो । आरम्मणको यथार्थ स्वभावलाई प्रज्ञाले ......... देखाउँछ, त्यसैले प्रज्ञा प्रदिप समान हो, ज्योति समान हो । भगवान् बुद्धले भन्नुभएको छ नत्थि पञ्ञासमा आभा अर्थात् प्रज्ञा समान भएको अर्को ज्योति छैन ।



Downloaded from http://dhamma.digital/

- प्रत्युपस्थान : यो आरम्मणमा असम्मोह प्राप्त हुनु ( अविद्या रहित भएको) धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्राप्त हुन्छ ।

- पदस्थान : योनिसोमनसिकार यसको आसन्न कारण हो ।

**शोभन साधारण चैतसिक १९ वटा**

विरति चैतसिक ३ वटा

अप्पमञ्ञा चैतसिक २ वटा

प्रज्ञेन्द्रिय चैतसिक १ वटा

यसै रुपले शोभन चैतसिक २५ वटा भयो ।

शोभन राशि समाप्त ।

**अभ्यास प्रश्न**

१) कस्तो चैतसिकलाई शोभन चैतसिक भनिन्छ ? शोभन चैतसिक कति प्रकारका छन् ?

२) सद्धा कति प्रकारका छन् ? उदाहरण सहित लेख्नुहोस् ।

३) सति चैतसिकका लक्षणादि लेख्नुहोस् ।

४) हिरी ओत्तप्पका परिचय दिई त्यसको भेद देखाउनुहोस् ।

५) अलोभ, अद्वेष र अमोह चैतसिकका विशेषता देखाउनुहोस् ।

६) तत्रमध्यस्थता, प्रश्रब्धि, लघुता, मृदुता, कर्मण्यता, प्रागुण्यता र ॠजुकता भनेको के के हुन् ? व्याख्या गर्नुहोस् ।

७) शोभन साधारण चैतसिक कतिवटा छन् ? किन शोभन साधारण भनिएको हो ?

८) विरति चैतसिक कति प्रकारका छन् ?

९) अप्पमञ्ञा चैतसिकले आफू र अरुको भेदभाव नराखी समस्त सत्व प्रज्ञप्तिलाई आरम्मण गर्छ, कसरी ?

१०) प्रज्ञेन्द्रिय चैतसिक भनेको के हो ? व्याख्या गर्नुहोस् ।

## सम्प्रयोगनय

बाउन्न प्रकारका चैतसिकका संक्षिप्त वर्णन पछि त्यस ५२ वटा प्रकारका चैतसिक कुन कुन चित्त सँग मिल्दछ भन्ने कुरा उल्लेख हुन्छ । यी चैतसिक यति चित्तसँग सम्प्रयुक्त हुन्छ, यति चित्तसँग सम्प्रयुक्त हुँदैनन् इत्यादि रुपले प्रत्येक चैतसिक चित्तसँग सम्प्रयुक्त भएको देखाउनेलाई सम्प्रयोगनय भनिन्छ । सम्प्रयोगनयलाई राम्ररी बुझ्न चित्त र चैतसिकको स्वरुपलाई राम्ररी सम्झनुपर्दछ । कामावचर, रुपावचर आदि भेद अनुसार चित्त संक्षिप्त रुपमा उनानब्बे (८९), विस्तुत रुपले एकसय एक्काइस (१२१) वटा छन् । चैतसिक पूर्वोक्त अनुसार बाउन्न (५२) वटा छन् ।

**अन्यसमान चैतसिक सम्प्रयोगनय**

**सर्वचित्तसाधारण चैतसिक सम्प्रयोगनय**

सर्वचित्तसाधारण चैतसिक सातवटा (७) सम्पूर्ण प्रकारको चित्तमा पनि मिल्दछ अथवा फस्स, वेदना आदि सातवटा सर्वचित्तसाधारण चैतसिक ८९ वटा वा १२१ चित्तमा पनि मिल्न सक्दछ ।

**प्रकीर्णक चैतसिक सम्प्रयोगनय**

१) प्रकीर्णक चैतसिक ६वटा मध्ये पहिलो वितक्क चैतसिक द्विपञ्चविज्ञान १० वटामा, अलग भएको कामचित्त ४४ वटामा र प्रथम ध्यान चित्त ११ वटामा, यसप्रकार ५५ वटा चित्तमा मिल्दछ । अहेतुक अकुशल विपाक चक्षु, श्रोत, घ्राण, जिह्वा, काय विज्ञान यी दशवटा चित्तलाई द्विपञ्चविज्ञान भनिन्छ । द्विपञ्चविज्ञान वितर्क बिना आरम्मणमा प्रवेश हुन सक्ने भएकोले अनि द्वितीय, तृतीय,



Downloaded from http://dhamma.digital/

चतुर्थ र पञ्चम ध्यानले वितर्कलाई प्रहाण गर्ने भएकोले अनि द्वितीय, तृतीय, चतुर्थ र पञ्चम ध्यानले वितर्कलाई प्रहान गर्ने भएकोले द्विपञ्चविज्ञान र द्वितीय, तृतीय आदि ध्यान चित्तमा वितर्क सम्प्रयुक्त हुँदैनन् ।

२) विचार चैतसिक त्यस वितर्क मिलेको चित्त ५५ वटा र द्वितीय ध्यान चित्त ११ वटा यसप्रकार ६६ वटा चित्तमा मिल्दछ । वितक्क सम्प्रयुक्त भएकोले विचार पनि प्राय सम्प्रयुक्त हुन्छ तर विचार सम्प्रयुक्त भएको सम्पूर्ण ठाँउमा वितक्क सम्प्रयुक्त हुँदैन । त्यसैले द्वितीय ध्यानमा विचार हुन्छ तर वितक्क हुँदैन ।

३) अधिमोक्ख चैतसिक द्विपञ्चविज्ञान १० वटा र विचिकिच्छा सहगत चित्त सम्पूर्ण अलग भएको ७८ वटा चित्तमा मिल्दछ। अधिमोक्खको स्वभाव आरम्मणलाई निश्चय गर्नु होइन, त्यसलाई ग्रहण गर्ने मात्र हो । त्यसैले द्विपञ्चविज्ञानमा अधिमोक्ख मिल्दैन । विचिकिच्छा अधिमोक्खको विरोधी स्वभाव भएको धर्म हो, त्यसैले विचिकिच्छासहगत चित्तमा अधिमोक्ख सम्प्रयुक्त हुँदैन ।

४) वीर्य चैतसिक पञ्चद्वारावर्जन चित्त एउटा, द्विपञ्चविज्ञान १० वटा, सम्प्रटिच्छन्न २ वटा र सन्तीरण ३ वटा अलग भएको ७३ वटा चित्तमा मिल्दछ। पञ्चद्वारावर्जन, द्विपञ्चविज्ञान, सम्पटिच्छन र सन्तीरण चित्त आरम्मण ग्रहण गर्नमा अत्यन्त दुर्बल हुन्छ तर वीर्य आरम्मण ग्रहण गर्नमा अत्यन्त उत्साहित हुन्छ, यसप्रकार विपरीत स्वभाव भएको कारणले उपर्युक्त चित्तमा वीर्य सम्प्रयुक्त हुँदैन ।

५) प्रीति चैतसिक दोषमूल चित्त २ वटा र चतुर्थ ध्यान चित्त ११ वटामा अलग भएको ५१ वटा चित्तमा मिल्दछ । पीतिको स्वभाव हर्षोत्पाद हो । दौर्मनस्य (द्वेष) भनिने वैमनस्य स्वभाव धर्म हो, उपेक्षा भनिने मध्यस्थ स्वभाव भएको ( न प्रीति नद्वेष ) धर्म हो ।

६) त्यसैले दोषमूल र उपेक्षा सहगत चित्तमा पीति हुँदैन । पीति भनेको कायिक सुख पनि होइन, त्यसैले सुखसहगत र दुःखसहगत कायविज्ञान चित्तमा पनि पीति मिल्दैन । चतुर्थ ध्यानले पीतिलाई प्रहाण गर्ने भएकोले चतुर्थ ध्यान चित्तमा पीति सम्प्रयुक्त हुँदैन ।

७) छन्द चैतसिक अहेतुक चित्त १८ वटा र मोहमूल चित्त २ वटामा अलग भएको ६९ वटा चित्तमा मिल्दछ । छन्द भनेको इच्छा गर्ने स्वभाव हो । त्यसैले यो इच्छा रहित भइरहेको अहेतुक चित्त र सम्मोहग्रस्त भइरहेको मोहमूल चित्तमा स्वभाव विपरीत भएको कारणले सम्प्रयुक्त हुँदैन ।

उपर्युक्त अनुसारको प्रकीर्णक चैतसिक सँग सम्प्रयुक्त र विप्रयुक्त भएका चित्तका संख्या तल लेखिएको अनुसार छ :

| **चैतसिक** | **विप्रयुक्त चित्त** | **सम्प्रयुक्त चित्त** |
|---|---|---|
| वितर्क | ६६ | ५५ |
| विचार | ५५ | ६६ |
| अधिमोक्ष | ११ | ७८ |
| वीर्य | १६ | ७३ |
| प्रीति | ७० | ५१ |
| छन्द | २० | ६९ |

अन्यसमान चैतसिक सम्प्रयोगनय समाप्त ।

**अकुशल चैतसिक सम्प्रयोगनय**

१) अकुशल चैतसिक १४ वटा अकुशल चित्तमा मात्र मिल्दछ । त्यसमध्ये मोह, अहिरिक, अनोतप्प र उद्धच्च चैतसिक अकुशल चित्त १२ वटामा पनि मिल्दछ । सम्पूर्ण प्रकारका (१२ वटा प्रकारका) अकुशल चित्तमा पनि मिलेकोले उपर्युक्त चारवटा चैतसिकलाई सर्वअकुशल साधारण चैतसिक भनिन्छ । कुनै पनि अकुशल कर्म उक्त चारवटा चैतसिक बिना उत्पन्न हुँदैनन् । त्यसैले ती चारवटा चैतसिक सम्पूर्ण अकुशल चित्तमा सम्प्रयुक्त हुन्छ ।

२) लोभ चैतसिक लोभ सहगत चित्त ८ वटामा मात्र मिल्दछ ।

३) दिट्ठि चैतसिक दिट्ठिगत सम्प्रयुक्त चित्त ४ वटामा मात्र मिल्दछ ।

४) मान चैतसिक दिट्ठिगत विप्पयुक्त चित्त ४ वटामा मात्र मिल्दछ ।

मान र दिट्ठि दुवैमा पञ्चस्कन्धमा स्वाद लिने, म नै हुँ भनी ग्रहण गर्ने स्वभाव भएकोले जसरी केशरी सिंह आफ्नो समान स्वभाव भएको अर्को सिंह सँग एउटै गुफामा बस्दैन त्यसरी नै दिट्ठि र मान एउटै प्रकारका चित्तमा सँगै उत्पत्ति हुँदैन । यो दुवैमा लोभ सहगत चित्तमा मात्र उत्पन्न हुन्छ ।



Downloaded from http://dhamma.digital/

५) दोस, इस्सा, मच्छरिय र कुक्कुच्च चैतसिक प्रतिघ सम्प्रयुक्त चित्त दुईवटामा मात्र मिल्दछ। यी चारैवटा चैतसिक मनमा डाह हुने, सहन नसक्ने स्वभाव भएकोले द्वेषमूल चित्तमा मिलेको हो।

६) थिनमिद्ध चैतसिक पाँचवटा ससंस्कारिक चित्तमा मिल्दछ। आलस्य स्वभाव भएको थिन एवं मिद्ध चैतसिक तीक्ष्ण स्वभाव भएको असंस्कारिक चित्तमा मिल्दैन।

७) विचिकिच्छा चैतसिक विचिकित्सा सहगत मोहमूल चित्त एउटामा मात्र मिल्दछ।

उपर्युक्त अनुसारले पाँच प्रकारका सम्प्रयोगनय तल लेखिएको अनुसार छन्:

- चारवटा चैतसिक सम्पूर्ण अकुशल चित्त १२ वटामा मिल्दछ।
- तीनवटा चैतसिक लोभमूल चित्त ८ वटामा मिल्दछ।
- चारवटा चैतसिक दोषमूल चित्त २ वटामा मिल्दछ।
- दुईवटा चैतसिक ससंस्कारिक चित्त ५ वटामा मिल्दछ।
- एउटा चैतसिक विचिकित्सा सहगत चित्त १ वटामा मात्र मिल्दछ।

**अकुशल चैतसिक सम्प्रयोगनय समाप्त।**

**शोभन चैतसिक सम्प्रयोगनय**

१) शोभन चैतसिक २५ वटा मध्ये सद्धा, सति आदि शोभन साधारण चैतसिक १९ वटा सम्पूर्ण प्रकारका शोभन चित्त ५९ वटामा मिल्दछ।

२) विरति चैतसिक तीनवटा लोकुत्तर चित्त ८ वटामा मिल्दछ। लौकिक शोभन चित्त ५१ वटा मध्ये कामावचर कुशल चित्त ८ वटामा मात्र कहिले काहीँ अलग अलग रुपमा मिल्दछ।

विरति चैतसिक तीनवटामा लोकुत्तर चित्तमा एकातर्फी रुप्मा मिल्दछ। लौकिक चित्तमा मुसावादविरतिले मुसावादलाई मात्र प्रहाण गर्छ, अरु पिसुणवाचालाई प्रहाण गर्दैन। त्यस्तै नै पिसुनवाचाविरतिले पिसुणवाचालाई मात्र प्रहाण गर्छ, अरु फरुसवाचा आदिलाई प्रहाण गर्दैन यसप्रकार एक एक विरतिलृ एक एकवटालाई मात्र प्रहाण गर्ने भएकाले लौकिक कामावचर कुशल चित्त ८ वटामा विरति चैतसिक काम भूमीमा रहेको कामावचर कुशल चित्तमा मात्र मिल्दछ, रुप अरुप भूमीमा रहेका कामावचर कुशल चित्तमा मिल्दैनन् किनभने त्यहाँ रुपादि भूमिमा काय वची दुश्चरित्र भनेको छोड्नु पर्ने वस्तु नै (विरमितव्य वस्तु ) हुँदैनन्।

३) अप्पमञ्ञा चैतसिक (करुणा र मुदिता) पञ्चम ध्यान चित्तबाट अलग भएको १२ वटा महग्गत चित्तमा, कामावचर कुशल चित्त ८ वटामा र सहेतुक कामावचर किया चित्त ८ वटामा यसप्रकार २८ वटा चित्तमा कहिले काहीँ अलग अलग रुपले मात्र मिल्दछ।

सत्व प्रज्ञप्तिलाई आरम्मण गरी भावना गर्दा मात्र ध्यान प्राप्तिका समयमा करुणा र मुदिता सम्प्रयुक्त हुन्छ। पृथ्वी कसिण आदि कम्मट्ठानलाई आरम्मण गरी ध्यान गर्दा करुणा र मुदिता सम्प्रयुक्त हुँदैनन्। सत्व प्रज्ञप्तिका आरम्मणमा पनि दुखित सत्व प्रज्ञप्ति आरम्मण गर्दा करुणा सुखित सत्व प्रज्ञप्ति आरम्मण गर्दा मुदिता उत्पन्न हुन्छ। यसप्रकार आरम्मणका भेदका कारणले अप्पमञ्ञा चैतसिक उपर्युक्त २८ वटा चित्तमा एकापक्षले मिल्दैनन्। पृथक पृथक रुपले कहिले काहीँ मात्र मिल्दछन्।

कामावचर शोभन चित्त मध्ये उपेक्षा सहगत चित्त ८ वटामा करुणा र मुदिता सम्प्रयुक्त हुँदैन भनी कैयौं आचार्यहरुले भने।

उपर्यक्त चारप्रकारका सम्प्रयोगनय अनुसार शोभन चैतसिकसँग सम्प्रयुक्त भएको चित्त संख्या तल लेखिएको अनुसार छन्:

| चैतसिक | | चित्त |
|---|---|---|
| शोभन साधारण | १९ वटा | ५९ |



Downloaded from http://dhamma.digital/

विरति ३ वटा १६

अप्पमञ्ञ २ वटा २८

पञ्ञिन्द्रिय १ वटा ४७

शोभन चैतसिक सम्प्रयोगनय समाप्त ।

**नियतयोगी र अनियतयोगी चैतसिक**

सम्प्रयुक्त चित्त सँग सँधै सम्प्रयुक्त भइरहने चैतसिकलाई नियतयोगी चैतसिक भनिन्छ । समप्रयुक्त चित्त सँग सँधै सम्प्रयुक्त नभई कहिले सम्प्रयुक्त हुने कहिले सम्प्रयुक्त नहुने चैतसिकलाई अनियतयोगी चैतसिक भनिन्छ । इस्सा, मच्छरिय, कुक्कुच्च, सम्मावाचा, सम्माकम्मन्त, सम्माआजीव, करुणा, मुदिता, मान, थिन, मिद्ध यी ११ वटा चैतसिकलाई अनियतयोगी भनिन्छ । बाँकी रहेका ४१ वटा चैतसिकलाई नियतयोगी भनिन्छ ।

**सम्प्रयोगनय समाप्त ।**

**अभ्यास प्रश्न**

१) सम्प्रयोगनय भनेको के हो ? सम्प्रयोगनय कति प्रकारका छन् ? उल्लेख गर्नुहोस् ।

२) अधिमोक्ख, वीरिय, पीति र छन्द चैतसिक कुन कुन चित्तमा मिल्दछन् ?

३) मान चैतसिक र दिट्ठि चैतसिक सँगै उत्पन्न हुँदैनन् किन ?

४) अकुशल चैतसिक सम्प्रयोगनय पाँचवटा के के हुन् ?

५) शोभन चैतसिक सम्प्रयोगनय कतिवटा छन्, ती के के हुन् ?

६) विरति चैतसिक रुपावचर भूमिमा रहेको कामावचर कुशल चित्तमा मिल्दैन, किन ?

७) पृथ्वी कसिण आदि ध्यानमा अप्पमञ्ञा चैतसिक मिल्दैन, किन ?

८) प्रज्ञेन्द्रिय चैतसिक कुन कुन चित्तम मिल्दछ ?

९) सर्वचित्त साधारण चैतसिक कुन कुन चित्तमा मिल्दछ ?

१०) नियतयोगी र अनियतयोगी चैतसिक कस्तोलाई भनिन्छ ?

## सङ्गहनय

चैतसिकसँग चित्त मिल्ने नियमलाई जानिसकेपछि चित्तमा चैतसिक मिल्ने नियमलाई जान्नु आवश्यक हुन्छ । यो चित्त यति चैतसिक सँग मिल्दछ इत्यादि रुपले प्रत्येक चित्त चैतसिक सँग मिलेको देखाउनुलाई सङ्गहनय भनिन्छ ।

**लोकुत्तर चित्त सङ्गहनय**

१) लोकुत्तर चित्त ४० वटा मध्ये प्रथमध्यान चित्त ८ वटामा अन्यसमान चैतसिक १३ वटा र अप्पमञ्ञा वर्जित शोभन चैतसिक २३ वटा, यसप्रकार ३६ वटा चैतसिक संग्रह हुन्छ । लोकुत्तर चित्तको आरम्मण निर्वाण हो । अप्पमञ्ञा चैतसिकका आरम्मण सत्व प्रज्ञप्ति हो । त्यसमा आरम्मण नमिलेको कारणले लोकुत्तर चित्तमा अप्पमञ्ञा चैतसिक मिल्दैन ।

लोकुत्तर चित्त अर्हत् आदि आर्यहरुसँग हुने चित्त हो । लोकुत्तर चित्तमा करुणा र मुदिता भनिने अप्पमञ्ञा चैतसिक मिल्दैनन् । त्यस्तो हुँदा अर्हतहरुसँग करुणा मुदिता भनेको हुँदैन र ?

अर्हत्हरुसँग करुणा मुदिता हुन्छ । अर्हत्हरुसँग सँधै लोकुत्तर चित्त मात्र उत्पन्न भइरहँदैन, अहेतुक क्रिया चित्त र कामावचर शोभन महाक्रिया चित्त भनिने कामावचर चित्त पनि उत्पन्न हुन्छ । महाक्रिया चित्तमा करुणा र मुदिता दुवैमा मिलेकोले अर्हत्हरुसँग करुणा र मुदिता दुवै रहिरहन्छ ।

२) लोकुत्तर द्वितीय ध्यान चित्त ८ वटामा वितक्क एउटालाई छोडी लोकुत्तर प्रथम ध्यान चित्तमा मिलेको ३५ वटा चैतसिक संग्रह हुन्छ ।



Downloaded from http://dhamma.digital/

३)	लोकुत्तर तृतीय ध्यान चित्त ८ वटामा वितक्क, विचारलाई छाडी प्रथम, द्वितीय, तृतीय ध्यानमा मिलेको ३४ वटा चैतसिक संग्रह हुन्छ ।

४)	लोकुत्तर चतुर्थ ध्यान चित्त ८ वटामा वितक्क, विचार, पीतिलाई छाडी प्रथम, द्वितीय, तृतीय ध्यानमा मिलेको ३३ वटा चैतसिक संग्रह हुन्छ ।

५)	लोकुत्तर पञ्चम ध्यान चित्त ८ वटामा उपेक्षा वेदना सहितको चतुर्थ ध्यानमा मिलेको ती ३३ वटा चैतसिक नै संग्रह हुन्छ ।

उपर्युक्त पाँचवटा नियम अनुसार चित्तमा मिलेको चैतसिक सख्या तल लेखिएको अनुसार छ :

| लोकुत्तर चित्त | चैतसिक |
|---|---|
| प्रथमध्यान ८ वटा | ३६ |
| द्वितीयध्यान ८ वटा | ३५ |
| तृतीय ध्यान ८ वटा | ३४ |
| चतुर्थ ध्यान ८ वटा | ३३ |
| पञ्चम ध्यान ८ वटा | ३३ |

**लोकुत्तर चित्त सङ्गहनय समाप्त ।**

**महग्गत चित्त सङ्गहनय**

१)	रुपावचर र अरुपावचर चित्तलाई महग्गत चित्त भनिन्छ । महग्गत चित्त २७ वटा मध्ये प्रथमध्यान चित्त तीनवटामा अन्यसमान चैतसिक १३ वटा, विरति चैतसिक तीनवटामा अलग भएको शोभन चैतसिक २२ वटा यसप्रकार ३५ वटा चैतसिक मिल्दछन् । तर करुणा र मुदिता चैतसिक दुई वटा पृथक पृथक रुपले मात्र मिल्दछन् ।

२)	महग्गत द्वितीयध्यान चित्त तीनवटामा वितर्कलाई छोडी महग्गत प्रथमध्या चित्तमा मिलेको ३४ वटा चैतसिक संग्रह हुन्छ ।

३)	महग्गत तृतीयध्यान चित्त तीनवटामा वितर्क र विचारलाई छोडी महग्गत प्रथम, द्वितीय ध्यान चित्तमा मिलेको ३३ वटा चैतसिक संग्रह हुन्छ ।

४)	महग्गत चतुर्थध्यान चित्त तीनवटामा वितर्क, विचार र पीति अलग भएको पूर्वोक्त ३२ वटा चैतसिक संग्रह हुन्छ ।

५)	महग्गत पञ्चम ध्यान चित्त १५ वटामा वितक्क, विचार, पीति र अप्पमञ्ञा चैतसिकमा अलग भएको पूर्वोक्त ३० वटा चैतसिक संग्रह हुन्छ । अप्पमञ्ञा चैतसिकमा सौमनस्य सहगत भइरहन्छ तर पञ्चम ध्यान चित्त सँधै उपेक्षायुक्त भइरहन्छ, त्यसैले पञ्चम ध्यान चित्तमा अप्पमञ्ञा चैतसिक मिल्दैन ।

उपर्युक्त पाँचवटा नियम अनुसार महग्गत चित्तमा मिलेको चैतसिक संख्या तल लेखिएको अनुसार छ :

| चित्त | चैतसिक |
|---|---|
| महग्गत प्रथमध्यान ३ वटा | ३५ |
| महग्गत द्वितीयध्यान ३ वटा | ३४ |
| महग्गत तृतीयध्यान ३ वटा | ३३ |
| महग्गत चतुर्थध्यान ३ वटा | ३२ |
| महग्गत पञ्चमध्यान ३ वटा | ३० |

**महग्गत चित्त संग्रहनय समाप्त ।**

**कामावचर शोभन चित्त सङ्गहनय**

महाकुशल, महाविपाक र महाकिया चित्तलाई कामावचर शोभन चित्त भनिन्छ । कामावचर शोभन चित्त २४ वटा मध्ये महाकुशल चित्त ८ वटामा पहिलो र दोस्रो (सोमनस्स सहगत ञाणसम्पयुक्त असङ्खारिक र ससंङ्खारिक) चित्तलाई प्रथमद्वय भनिन्छ । त्यस्तै नै तेस्रो र चौथो (सोमनस्स सहगत ञाणविप्पयुक्त असंङ्खारिक र ससंङ्खारिक) चित्तलाई द्वितीय द्वय, पाँचौ र छैठौँ (उपेक्खासहगत ञाणसम्पयुक्त



Downloaded from http://dhamma.digital/

असंङ्खारिक र ससंङ्खारिक) चित्तलाई तृतीय द्वय तथा सातौं र आठौं (उपेक्खा सहगत ञाणविप्पयुक्त असंङ्खारिक र ससंङ्खारिक) चित्तलाई चतुर्थ द्वय भनिन्छ ।

यस्तै रुपले महाक्रिया र महाविपाक चित्तमा पनि चार चार वटा द्वय हुन्छ ।

१) महाकुशल प्रथम द्वयमा अन्यसमान चैतसिक १३ वटा र शोभन चैतसिक २५ वटा, यसप्रकार ३८ वटा चैतसिक संग्रह हुन्छ ।

२) महाकुशल द्वितीय द्वयमा पञ्ञिन्द्रिय अलग भएको ३७ वटा अन्यसमान र शोभन चैतसिक मिल्दछन् ।

३) महाकुशल तृतीय द्वयमा पीति अलग भएको ३७ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

४) महाकुशल चतुर्थ द्वयमा पञ्ञा र पीति अलग भएको ३६ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

५) महाक्रिया प्रथम द्वयमा विरति चैतसिक अलग भएको ३५ वटा अन्यसमान र शोभन चैतसिक मिल्दछन् ।

६) महाक्रिया द्वितीय द्वयमा विरति र पञ्ञिन्द्रियले अलग भएको ३४ वटा अन्यसमान र शोभन चैतसिक मिल्दछन् ।

७) महाक्रिया तृतीय द्वयमा विरति र पीति अलग भएको ३४ वटा अन्यसमान र शोभन चैतसिक मिल्दछन् ।

८) महाक्रिया चतुर्थ द्वयमा विरति, पञ्ञा र पीति अलग भएको ३३ वटा अन्यसमान र शोभन चैतसिक मिल्दछन् ।

महाक्रिया चित्त अर्हतहरु सँग हुने चित्त हो । अर्थात पुद्गलले दुश्चरित्र एवं दुराजीव आदिलाई निशेष रुपले प्रहाण गरिसकेकोले दुश्चरित्र दुराजीव आदिले विरत हुनुपर्ने हुँदैन । त्यसैले महाक्रिया चित्तमा विरति चैतसिक सम्प्रयुक्त हुँदैन । तर अर्हतका सन्तानमा मात्र हुने यो महाक्रिया चित्तमा ज्ञानविप्रयुक्त कसरी भयो ? यो विद्वानहरुलाई विचरणीय छ ।

९) महाविपाक प्रथम द्वयमा अप्पमञ्ञा र विरति अलग भएको ३३ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

१०) महाविपाक द्वितीय द्वयमा अप्पमञ्ञा, विरति र पञ्ञिन्द्रिय अलग भएको ३२ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

११) महाविपाक तृतीय द्वयमा अप्पमञ्ञा, विरति, र पीति अलग भएको ३२ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

१२) महाविपाक चतुर्थ द्वयमा अप्पमञ्ञा, विरति, पञ्ञा र पीति भएको ३१ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

उपर्युक्त १२ वटा नियम अनुसार शोभन चित्तमा मिलेको चैतसिक संख्या तल लेखिएको अनुसार छन् :

| | कुशल | क्रिया | विपाक |
|---|---|---|---|
| प्रथम द्वय | ३८ | ३५ | ३३ |
| द्वितीय द्वय | ३७ | ३४ | ३२ |
| तृतीय द्वय | ३७ | ३४ | ३२ |
| प्रथम द्वय | ३६ | ३३ | ३१ |

**कामावचर शोभन चित्त संग्रहनय समाप्त ।**

**अकुशल चित्त सङ्गहनय**

अकुशल चित्त १२ वटा मध्ये लोभमूल असंस्कारिक चित्त ४ वटा र द्वेष्ममूल असंस्कारिक चित्त ५ वटा पहिले वर्णन हुन्छ । अनि त्यसपछि ससंस्कारिक चित्त ५ वटा, अनि पछि मोहमूल चित्त दुईवटाको वर्णन हुन्छ ।

प्रथम असंस्कारिक चित्तमा १९ वटा चैतसिक मिल्दछन् । त्यस मध्ये सर्वचित्तसाधारण चैतसिक ७ वटा सम्पूर्ण चित्तमा मिलेको भएकोले यसमा पनि मिल्ने भैहाल्यो । पकिण्णक चैतसिक ६ वटा पनि यसमा मिल्दछ । अकुशल चित्त साधारण चैतसिक ४ वटा सम्पूर्ण अकुशलमा मिलेको भएकोले यसमा पनि मिल्दछ । यसप्रकार जम्मा १७ वटा भयो ।

यो चित्त लोभमूल हो त्यस्तै दिट्ठिगत सम्पयुक्त पनि हो, त्यसैले यसमा लोभ र दिट्टि चैतसिक पनि मिल्दछ । पूर्वोक्त १७ वटा र यो २ वटा चैतसिक गर्दा कूल १९ वटा चैतसिक मिलेको भयो ।

द्वितीय असंस्कारिक चित्तमा दिट्ठिविप्पयुक्त भएकाले दिट्ठि चैतसिक मिल्दैन । तर यसमा मान चैतसिक मिल्दछ । त्यसैले यसमा पनि प्रथम असंस्कारिक चित्तमा जस्तै १९ वटा चैतसिक नै संग्रह हुन्छ ।

तृतीय एवं चतुर्थ असंस्कारिक चित्त उपेक्षासहगत भएकाले यसमा पीति चैतसिक मिल्दैन। त्यसैले यी दुई वटा चित्तमा पनि १८ वटा चैतसिक मात्र संग्रह हुन्छ ।



Downloaded from http://dhamma.digital/

दोमनस्ससहगत पतिघसम्पयुक्त असङ्खारिक चित्त पञ्चम असंस्कारिक चित्त हो । यसमा दोस, इस्सा, मच्छरिय र कुक्कुच्च यी ४ वटा चैतसिक, पीतिवर्जित अन्यसमान चैतसिक १२ वटा, सर्वअकुशलसाधारण चैतसिक ४ वटा यसप्रकार २० वटा चैतसिक मिल्दछन् ।

तर इस्सा, मच्छरिय र कुक्कुच्च चैतसिक पञ्चम असंस्कारिक चित्तमा एकै प्रकारले मिल्दैन । एउटा मिल्दा खेरि अर्को मिल्दैन । त्यसैले जुन एक क्षणमा १८ वटामा भन्दा बढी चैतसिक यो चित्तमा सम्प्रयुक्त हुँदैन । किनभने इस्सा, मच्छरिय र कुक्कुच्च तीनवटा मध्ये एउटा चित्त क्षणमा एउटा मात्रै मिल्दछ । कहिले काहीं उक्त तीनवटै चैतसिक नमिल्न सक्छ, त्यस्तो अवस्थामा १७ वटा मात्र चैतसिक मिल्दछ ।

सोमनस्ससहगत दिट्ठिगतसम्पयुक्त ससंखारिक आदि ५ वटा ससंस्कारिक चित्तमा सम्प्रयुक्त हुने चैतसिक पनि पूर्वोक्त असंस्कारिक चित्त पाँचवटामा मिल्जे चैतसिक समान नै हो । तर यसमा थिन र मिद्ध चैतसिक दुईवटा पनि मिल्दछ । जस्तै कि प्रथम असंस्कारिक चित्तमा १९ वटा चैतसिक मिल्दछ, त्यसैले दुईवटा थिनमिद्ध राख्दा २१ वटा चैतसिक हुन्छ । त्यसैले प्रथम ससंस्कारिक चित्तमा २१ वटा चैतसिक मिल्दछ । यस्तै प्रकारले असंस्कारिक र ससंस्कारिक चित्तमा मिलेको चैतसिक संख्या तल लेखिएको अनुसार छ :

| | प्रथम | द्वितीय | तृतीय | चतुर्थ | पञ्चम |
|---|---|---|---|---|---|
| असंस्कारिक | १९ | १९ | १८ | १८ | २० |
| ससंस्कारिक | २१ | २१ | २० | २० | २२ |

दुई वटा मोहमूल चित्तमध्ये उद्धच्चसहगत चित्तमा छन्द र पीति अलथ भएको अन्यसमान चैतसिक ४ वटा, यसप्रकार १५ वटा चैतसिक संग्रह हुन्छ । विचिकिच्छा सहगत चित्तमा छन्द, पीति र अधिमोक्ख अलग भएको अन्यसमान चैतसिक १० वटा, अकुशल साधारण चैतसिक ४ वटा र विचिकिच्छा १ वटा यसप्रकार १५ वटा चैतसिक संग्रह हुन्छ ।

**अकुशलयोगी चैतसिक**

४ वटा अकुशल साधारण चैतसिक छन्द, पीति, अधिमोक्ख वर्जित अन्यसमान चैतसिक १० वटा यसप्रकार यी १४ वटा चैतसिक सम्पूर्ण अकुशल चित्तमा मिलेकोले यसलाई अकुशलयोगी चैतसिक भनिन्छ ।

**अकुशल चैतसिक संग्रहनय समाप्त ।**

**अहेतुक चित्त सङ्गहनय**

१) अहेतुक चित्त १८ वटा मध्ये हसितुत्पाद चित्तमा छन्दले अलग गरेको १२ वटा अन्यसमान चैतसिक संग्रह हुन्छ ।

२) वोट्टब्बन चित्तमा छन्द, पीतिले अलग गरेको ११ वटा अन्यसमान चैतसिक संग्रह हुन्छ । मनोद्वारावर्जन चित्तलाई वोट्टब्बन चित्त भनिन्छ ।

३) सोमनस्ससहगत सन्तीरण (सुखसन्तीरण) चित्तमा छन्द, वीरियले अलग गरेको ११ वटा अन्यसमान चैतसिक संग्रह हुन्छ ।

४) ३ वटा मनोधातु र अहेतुक प्रतिसन्धि दुवैमा छन्द, पीति र वीरियले अलग गरेको १० वटा अन्यसमान चैतसिक संग्रह हुन्छ ।पञ्चद्वारावर्जन र सम्पटिच्छन चित्त दुईवटा मनोधातुत्रय भनिन्छ । उपेक्षासहगत सन्तीरण चित्त दुईवटालाई अहेतुकप्रतिसन्धि युगल भनिन्छ ।

५) द्विपञ्चविज्ञान १० वटामा ७ वटा सर्वचित्तसाधारण चैतसिक मात्र संग्रह हुन्छ ।

उपयुर्क्त नियम अनुसार अहेतुक चित्तमा मिलेको चैतसिक संख्या चारप्रकार तल लेखिएको अनुसार छ :

| चित्त | चैतसिक |
|---|---|
| हसितोत्पाद | १२ |
| वोट्टब्बन र सुखसन्तीरण | ११ |
| मनोधातुत्रय एवं प्रतिसन्धियुगल | १० |
| द्विपञ्चविज्ञान | ७ |

**अहेतुक चित्त संग्रहनय समाप्त ।**

**सम्पयोगनय र सङ्गहनय**



Downloaded from http://dhamma.digital/

उपर्युक्त वर्णन अनुसार सम्प्रयोगनय १३ वटा र  संग्रहनय ३३ वटा तल लेखिएको अनुसार छ :

सम्प्रयोगनय १६ वटा :

| | |
|---|---|
| अन्यसमान चैतसिक सम्प्रयोगनय | ७ |
| अकुशल चैतसिक सम्प्रयोगनय | ५ |
| शोभन चैतसिक सम्प्रयोगनय | ४ |
| | १६ |

**संग्रहनय ३३ वटा :**

| | |
|---|---|
| लोकुत्तर चित्त संग्रहनय | ५ |
| महग्गत चित्त संग्रहनय | ५ |
| कामावचर शोभन चित्त संग्रहनय | १२ |
| अकुशल चित्त संग्रहनय | ७ |
| अहेतुक चित्त संग्रहनय | ४ |
| | ३३ |

**चैतसिकलाई चित्त समान गन्नु**

स्पर्शन, अनुभवन आदि स्वभाव लक्षण अनुसार चैतसिक ५२ प्रकारक छन् । तर चित्तमा मिल्ने हिसाबले गिन्ति गर्दा चैतसिक धेरै प्रकारका संख्यामा विभक्त हुन्छ ।

उदाहरणका निम्ति फस्स चैतसिक संक्षेपमा ८९ वटा चित्तमा र विस्तारमा १२१ वटा चित्तमा मिल्दछ । प्रत्येक चित्तमा मिल्ने हिसाबले फस्स चैतसिक संक्षेपमा ८९ वटा र विस्तारमा १२१ प्रकारका नै छन् । ८९ वटा वा १२१ वटा चित्त ५२ वटा चैतसिकमा मिल्छ त्यसैले फस्स पनि ५२ वटा चैतसिकमा मिल्दछ । तर फस्स फस्समा नै मिल्दैन, त्यसैले फस्स ५१ वटा चैतसिकमा मात्र मिल्दछ ।

यस्तै नै रुपले अरु चैतसिकलाई पनि गिन्ति गर्ने र चैतसिकमा चैतसिक मिल्ने वा मिलेको नियमलाई जान्नु पर्ने हुन्छ ।

**संग्रहनय समाप्त**

**अभ्यास प्रश्न**

१) सङ्गहनय भनेको के हो ?

२) लोकुत्तर चित्त सङ्गहनय कतिवटा छन् , ती के के हुन् ?

३) लोकुत्तर चित्तमा करुणा चैतसिक नमिल्ने भए अर्हत्हरुसँग कसरी करुणा भयो ?

४) महग्गत चित्तमा कुन कुन चैतसिक मिल्दछन् ?

५) कामावचर शोभन चित्त सङ्गहनय कति प्रकारका छन् ?

६) महाकुशल प्रथम, द्वितीय द्वयमा कुन कुन चैतसिक संग्रह हुन्छ ?

७) अकुशल चित्त संग्रहनय भनेको के हो ?

८) अकुशलयोगी चैतसिक कस्तोलाई भनिन्छ ?

९) अहेतुक चित्त संग्रहनय कतिवटा छन् ?

१०) चैतसिकलाई चैतसिकमा नै कसरी मिलाएर देखाउन सकिन्छ ?

**चैतसिक काण्डको संक्षिप्त परिचय समाप्त ।**



Downloaded from http://dhamma.digital/

## बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान
## नेपाल सम्बन्धी प्रश्न उत्तर

### अध्याय – १

प्र.नं. १) ललितपुरको चार थूरको नाम के के हो ?

उत्तर- त्यता थूर, पूच्व थूर, ईबही थूर, लगं थूर ।

प्र.नं. २) नेपालबाट सर्वप्रथम बुद्ध धर्म तिब्बतमा भित्राउने को थिए ?

उत्तर- अशुंबर्माको छोरी भृकुटी ।

प्र.नं. ३) नेपालमा अग्रश्रावकहरुको अस्थिधातु कति सालमा ल्याइएको थियो ?

उत्तर- वि.सं. २००८ साल

प्र.नं. ४) नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन कति सालमा सम्पन्न भयो ? फेरि कहाँ उद्घाटन समारोह भएको थियो ?

उत्तर- वि.सं. २०१३ सालमा, टुंडिखेलमा ।

प्र.नं. ५) ललितपुरको प्रसिद्ध महाबौद्धको मन्दिर सर्वप्रथम कसले बनाउन लगाएका थिए ?

उत्तर- श्री बौद्धाचार्य पं. अभयराज ।

प्र.नं. ६) आनन्दकुटी विहारमा रहेको ठूलो चैत्यको नाम के हो ?

उत्तर- श्री लङ्काराम चैत्य ।

प्र.नं. ७) नेपालमा सर्वप्रथम सार्वजनिक रुपमा वैशाख पूर्णिमाको उत्सव कहाँ मनाइएको थियो ?

उत्तर- किण्डोल विहारमा ।

प्र.नं. ८) बुद्ध-धर्मको नेपाल भाषा पत्रिका सर्वप्रथम कहिले, कुन ठाउँबाट कति वि.सं.मा निकालेको थियो ?

उत्तर- धर्मादित्य धर्माचार्य, कलकत्ताबाट, वि.सं. १९८३ सालमा ।

प्र.नं. ९) वर्तमानमा नेपालका भिक्षुहरु मध्य जेष्ठ भिक्षु को हुनुहुन्छ ?

उत्तर- भिक्षु बुद्धघोष महास्थविर

प्र.नं. १०) आधुनिक युगमा नेपालबाट चीनमा पुग्नु भएका प्रथम भिक्षु को थिए ?

उत्तर- स्व. भिक्षु धर्मालोक ।

प्र.नं. ११) अखिल नेपाल भिक्षु महासंघ कति विक्रम सम्बतमा स्थापना भएको थियो ?

उत्तर- वि. सं. २००७ सालमा ।

प्र.नं. १२) काठमाडौंमा लुम्बिनीको जस्तै ढुङ्गाको मूर्त्ति कहाँ छ ?

उत्तर- किण्डोल

प्र.नं. १३) काठमाडौंमा महापरिनिर्वाण मुद्राको सबभन्दा ठूलो मूर्ति कहाँ छ ?

उत्तर- किण्डोल उपासिकाराममा ।

प्र.नं. १४) भिक्षुहरुलाई नेपालबाट निस्कासित गरिएको कति सालमा हो ?

उत्तर- वि.सं. २००० सालं ।



Downloaded from http://dhamma.digital/

प्र.नं. १५) त्रिशुलीमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- सुगतपुर विहार ।

प्र.नं. १६) रिडीमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- सुगन्ध विहार ।

प्र.नं. १७) ने.बौ.प.शिक्षाको उद्घाटन कति विक्रम सम्वत, कुन तिथिका दिन भएको थियो ?

उत्तर- वि.सं. २०२० सालमा अक्षय तृतीयाको दिन ।

प्र.नं. १८) नेपालमा सबभन्दा ठूलो प्रथम ऐतिहासिक बौद्ध यात्रा कहिले भयो ? वि.सं. अनुसार वा ई.सं. अनुसार मिति भन्नुहोस्।

उत्तर- वि.सं. २०२१, मार्ग ९, मङ्गलबार (ई.सं. १९६४, नोवेम्बर २४)

प्र.नं. १९) आनन्दकुटी विहारमा रहेको भगवान बुद्धको-मूर्त्ति कहाँ रहनु भएका को व्यक्तिले दिनुभएको थियो ?

उत्तर- कुशीनगरमा रहनुभएका भिक्षु चन्द्रमणि महास्थविर ।

प्र.नं. २०) नेपालको सबभन्दा ठूलो बसिरहनु भएको भगवान बुद्धको मूर्त्ति कहाँ छ ?

उत्तर- काठमाडौंको महाबौद्धमा ।

प्र.नं. २१) ललितविस्तर भन्ने बौद्ध पुस्तक आफैले अनुवाद गरी आफै छाप्नुहुने व्यक्ति को थिए ?

उत्तर- पं. निष्ठानन्द बज्राचार्य ।

प्र.नं. २२) धम्मपदलाई नेपाल भाषामा सर्वप्रथम अनुवाद गर्ने को थिए ?

उत्तर- डा. इन्द्रमान वैद्य ।

प्र.नं. २३) बर्माको धम्माचरिय उपाधि प्राप्त गर्नुहुन नेपालका प्रथम भिक्षुको नाम के हो ?

उत्तर- भिक्षु ज्ञानपूर्णिक महास्थविर ।

प्र.नं. २४) ललितपुरको कुन बहालमा एक कपाल काट्ने नाइलाई व्रतबन्ध गरिएको थियो ?

उत्तर- भिञ्छे बाहाः ।

प्र.नं. २५) बर्माको धम्माचरिय उपाधि प्राप्त गर्नुहुने नेपालका प्रथम अनागारिकाको नाम के हो ?

उत्तर- अनागारिका धम्मवति ।

प्र.नं. २६) आनन्दकुटी विहारको चैत्यमा पहिले राखिएको बुद्धको अस्थिधातु कहाँबाट कसले ल्याएको थियो ?

उत्तर- श्रीलङ्काबाट, नारद महास्थविरले ल्याउनु भएको ।

प्र.नं. २७) नेपाल बौद्ध परियत्ति शिक्षाको अध्ययन प्रारम्भ कहिले, कुन दिनबाट भयो ?

उत्तर- बु.सं. २५०७ बुद्ध जयन्तीको दिन, वि.सं. २०२० सालमा ।

प्र.नं. २८) गण महाविहारमा रहेको भगवान बुद्धको मूर्त्ति कसले कहाँबाट ल्याएको हो ?

उत्तर- भिक्षु सुमङ्गलं, बर्मा हःगु ।

प्र.नं. २९) नेपालमा प्रत्येक बाहलः बहीलमा पाक्षिक बुद्ध-पूजा कसको तत्वाधानमा चलेको थियो ?

उत्तर- स्वयम्भू ज्ञानमाला भजन खलःको तत्वाधानमा।

प्र.नं. ३०) नेपालमा सर्वप्रथम अनागारिका हुनुहुने तीन व्यक्तिहरु को को थिए ?



Downloaded from http://dhamma.digital/

उत्तर- रत्नपाली, धर्मपाली, संघपाली ।

प्र.नं. ३१) नेपालमा (दुरुल्वहँ) ढुङ्गाको सिंहशैयाको मूर्ति कुन विहारमा छ ?

उत्तर- श्रीघः विहारमा ।

प्र.नं. ३२) बलम्बुमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- प्रणिधिपूर्ण महाविहार ।

प्र.नं. ३३) (चैत्य) चीभाः बुसाधं भनेको के हो ?

उत्तर- (चैत्य) चीभाः पलिष्ठा गरेको दिनमा गरिने पूजालाई चीभा बुसाधं भनिन्छ ।

प्र.नं. ३४) भोजपुरमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- शाक्यमुनि महाविहार ।

प्र.नं. ३५) गण महाविहार कसरी कुन प्रसंगमा पत्ता लागेको थियो ?

उत्तर- प्रत्येक बहाल-बहीलमा बुद्ध-पूजा गर्न जाँदा पत्ता लागेको ।

प्र.नं. ३६) नालान्दाबाट पालि-भाषाको आचार्य उपाधि प्राप्त गर्नुहुने नेपालका पहिला दुई व्यक्तिहरु को को हुन ?

उत्तर- भिक्षु अमृतानन्द महास्थविर, तानसेनको अयोध्या प्रसाद प्रधान ।

प्र.नं. ३७) भक्तपुरमा थेरवादी विहार कति वटा छन् ? तीनिहरुको नाम केके हुन् ?

उत्तर- दुई वटा, मुनि विहार र बौद्ध समकृत विहार ।

प्र.नं. ३८) आफैले नै प्रेस बनाएर पालि भाषानुसार ललितविस्तर पुस्तक छाप्ने व्यक्ति को थिए ?

उत्तर- महाप्रज्ञा ।

प्र.नं. ३९) तानसेनमा रहेको थेरवादी विहारहरु कुन कुन हुन् ?

उत्तर- आनन्द विहार, महाचैत्य विहार, होलन्दी विहार र महाबोधि विहार ।

प्र.नं. ४०) बुटवलमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- पद्मचैत्य विहार ।

प्र.नं. ४१) प्रागैतिहास अनुसार ललितपुरका चार स्तुप (थूर) कसले बनाएका थिए ?

उत्तर- प्रागैतिहास अनुसार अशोक महाराजकी पुत्री चारुमतीले ।

प्र.नं. ४२) यस बुद्ध-धर्मको सामान्य ज्ञान सफू सबभन्दा पहिले निकाल्न योजना गर्नुहुने व्यक्ति को थिए र कहाँका थिए ?

उत्तर- लगनखेलका भाजु करुणाकर वैद्य।

प्र.नं. ४३) मूल ढोकाको माथि चित्रण गरिने पञ्च बुद्धहरुको नाम केके हुन् ?

उत्तर- वैलोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि ।

प्र.नं. ४४) नेपालमा भिक्षुहरुको प्रथम संघ उपोसथ कहाँ भएको थियो ?

उत्तर- ललितपुरको शंखमोलमा ।

प्र.नं. ४५) नेपालमा चीवर वस्त्र लगाएर भित्रिनु भइ थेरवाद बुद्ध-धर्मको पुनर्जागरण ल्याउनु हुने व्यक्ति को हुन् ?

उत्तर- भिक्षु प्रज्ञानन्द महास्थविर ।



Downloaded from http://dhamma.digital/

# पालि साहित्य सम्बन्धी प्रश्न उत्तर

## अध्याय - २

प्र.नं. ४६) बोधिसत्वले पारमिता पुरा गर्नुभएको अन्तिम जन्म कुन हो ?

उत्तर- विश्वन्तर ।

प्र.नं. ४७) शुद्धोदन महाराजको दरबार कहाँ थियो?

उत्तर- कपिलवस्तु नगरमा ।

प्र.नं. ४८) भगवान बुद्ध कहाँ जन्मनु भएको थियो ?

उत्तर- लुम्बिनी ।

प्र.नं. ४९) बोधिसत्वले जन्म भएलगत्तै बोल्नु भएको कुन कुन जन्ममा थियो ?

उत्तर- महोसध पण्डित, विश्वन्तर, सिद्धार्थ कुमार ।

प्र.नं. ५०) सिद्धार्थ कुमार संगै जन्म भएका व्यक्तिहरु को को थिए, र उत्पत्ति भएका चीज वस्तुहरु के के थियो ?

उत्तर- आनन्द, कालुदायी अमात्य, यशोधरा, छन्दक सारथी, कन्थक सल, बोधिवृक्ष, सुनको घडा चार वटा ।

प्र.नं. ५१) शुद्धोदन महाराजले प्रथमवार पुत्र वन्दना कहिले गरेका थिए ?

उत्तर- कालदेवल तवस्वीले वन्दना गरेको बखतमा ।

प्र.नं. ५२) सिद्धार्थ कुमारलाई किन 'सिद्धार्थ' भनी नाम राखियो ?

उत्तर- सर्व अर्थ सिद्ध गर्नुहुने भएकोले 'सिद्धार्थ' भनी नाम राखियो ।

प्र.नं. ५३) बोधिसत्वले बुद्ध हुनु अघि पूर्व-निमित्त स्वप्न के के देख्नु भयो ?

उत्तर- क) हिमालयलाई सिरान बनाइ पूर्व र पश्चिम सागरमा दुई हात पसारि, दक्षिण सागरमा खुट्टा राखी पृथ्वीमा सुतिराख्नु भयो । ख) आफ्नो नाभीबाट कुशको घाँस उम्रेर आई आकाशमा नदेख्ने सम्म ठूलो भएर गयो । ग) आफ्नो खुट्टाबाट उत्पन्न भएका कीत पतङ्गहरुले घुँडासम्म छोप्न थाल्यो । घ) नाना रङ्गका चराहरु चारवटा विभिन्न दिशाबाट आफ्नो वरपर उडेर आइ सबै एकै रङ्गका भए । ङ) अशुचिको पर्वत माथि सुतेर पनि अलिकति पनि फोहर आफ्नो शरीरमा परेन । यसरी पाँच प्रकारका स्वप्न देखे ।

प्र.नं. ५४) सिद्धार्थ कुमार जन्म भएको बेला शुद्धोदन महाराजको उमेर कति थियो ?

उत्तर- ५७ वर्ष ।

प्र.नं. ५५) शुद्धोदन महाराज कहाँ कहिले श्रोतापन्न भएका थिए ?

उत्तर- भगवान बुद्ध कपिलवस्तु भिक्षाटन गइ रहनु हुँदा निम्न उपदेश सुन्नु भई श्रोतापन्न भएका थिए :-
अप्रमादी भएर राम्रो संग धर्माचरण गर्ने व्यक्तिलाई यस लोकमा पनि परलोकमा पनि सुख हुन्छ ।

प्र.नं. ५६) बुद्धत्व प्राप्त भएलगत्तै भगवानले कुन उदान व्यक्त गर्नुभयो ?

उत्तर- अनेक जाति संसारं, सन्धाविस्सं अनिब्बिसं ।
गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ॥



Downloaded from http://dhamma.digital/

गहकारक दिट्ठोसि पुन गेहं न काहसि ।
सब्बा ते फासुका भग्गा गहकूटं विसंखतं ॥
विसंखारगतं चित्तं तण्हानं खयमज्झगा ।

प्र.नं. ५७) प्रजापति गौतमी कहिले श्रोतापन्न हुनु भएको थियो ?

उत्तर- भगवान राजदरवारमा आउनुहुँदा शुद्धोदन महाराजलाई धर्मोपदेश दिनु भएको समयमा प्रजापति गौतमी श्रोतापन्न भएकी थिइन् ।

प्र.नं. ५८) भगवान बुद्ध, बुद्ध हुनुभएको कति वर्ष पछि शुद्धोदन महाराज परिनिर्वाण हुन भएको थियो ?

उत्तर- बुद्ध हुनुभएको ५ दँ हुँदा ।

प्र.नं. ५९) कृशा गौतमी आफ्नो मृत बच्चा लिएर भगवान कहाँ आउँदा भगवानले के भन्नुभएको थियो ?

उत्तर- "बहिनी ! कोहि नमरेको घरबाट एक मुठ्ठी सस्र्युँ लिएर आऊ अनि म तिम्रो छोरामा प्राण भरी दिनेछु" ।

प्र.नं. ६०) भगवान बुद्ध, बुद्ध भएर राजगृह नगरमा कुन दिन भित्रिनुभयो ?

उत्तर- बुद्ध हुनभएको ७ महिना पछि पौष पूर्णिमाको दिन ।

प्र.नं. ६१) पञ्च कल्याण भनेको के के हो ?

उत्तर- मयूको प्वाँख समान लामो भएरे केश खोल्ने बखतमा कुर्कुच्चामा ठक्कर खाइ माथी फर्कने केशलाई "केस कल्याण" भनिन्छ । पाकेको बिम्ब फल समान वर्ण युक्त भएको ओंठलाई "मंस कल्याण" भनिन्छ । सेता र लहर मिलेका हीरा जडेको जस्तो, काटिएका शंख जस्तै शोभा भएको दाँतलाई "अट्ठि कल्याण" भनिन्छ । कोठी आदि केही दाग नभएर कलमको फूलझैं शोभायमान शरीर भएकोलाई "छवि कल्याण" भनिन्छ । दस वटा बच्चा भएपनि एक मात्र बच्चा भएकोझैं वैंश भएकोलाई "वय कल्याण" भनिन्छ ।

प्र.नं. ६२) दर्गुदा नराम्रो देखिने को को हुन् ?

उत्तर- अभिषेक प्राप्त राजा, मङ्गल हात्ती, भिक्षु, आइमाइ मान्छे ।

प्र.नं. ६३) बुद्धको शासनमा भिक्षुहरू मध्यय् सर्वप्रथम भिक्षु हुने व्यक्ति को थिए ?

उत्तर- कोण्डञ्ञ महास्थविर ।

प्र.नं. ६४) भिक्षुणीहरू मध्यय् प्रथम भिक्षुणी को थिई ?

उत्तर- प्रजापति गौतमी ।

प्र.नं. ६५) प्रजापति गौतमी महास्थविरनी परिनिर्वाण हुन बुद्धको वचन लिन जाँदा भगवानले के भन्नु भयो ?

उत्तर- "भो गोतमी ! तिम्रो बारेमा विषय राम्रो संग नबुझेका स्त्रीहरु धेरै छन् । त्यसैले उनीहरुको सन्देह दूर गर्न तिमीले आफूसंग भएको ऋद्धिप्रातिहार्य एक पटक प्रदर्शन गर ।"

प्र.नं. ६६) प्रथम संगायना भएको कुन नगरको कुन गुफामा ?

उत्तर- राजगृह नगरको सप्तपर्णी गुफा भित्र ।

प्र.नं. ६७) निग्रोधाराम भनेको विहार कहाँ थियो ?

उत्तर- कपिलवस्तु नगरमा ।

प्र.नं. ६८) भगवानले पञ्चभद्रवर्गीयहरुलाई उपदेश दिनु भएको ठाँउ कुन हो ?



Downloaded from http://dhamma.digital/

उत्तर- ऋषिपतन मृगदावन ।

प्र.नं. ६९) भगवानले प्रशंसा गर्नु भएको गणतन्त्र देशको नाम के हो ?

उत्तर- वैशाली देश ।

प्र.नं. ७०) बौद्ध अथवा संवेजनीय चारधाम भनेर कुन कुन स्थानलाई भनिन्छ ?

उत्तर- लुम्बिनी, बुद्धगया, ऋषिपतन-मृगदावन, कुशीनगर ।

प्र.नं. ७१) भगवान बुद्धको मुख्य अग्रश्रावक शिष्यहरुको नाम के के हो ?

उत्तर- सारिपुत्र र मौद्गल्यायन महास्थविरहरू ।

प्र.नं. ७२) भगवान बुद्धको अन्तिम शिष्य को थियो ?

उत्तर- सुभद्र परिब्राजक

प्र.नं. ७३) त्रिपिटक ग्रन्थ भनेको के के हो ?

उत्तर- सुत्रपिटक, विनयपिटक र अभिधर्मपिटक ।

प्र.नं. ७४) भगवान बुद्ध महापरिनिर्वाण हुनु भएको कुन स्थानमा ?

उत्तर- कुशीनगरमा (मल्लहरुको बगैंचाको दुई सालका रुखहरुको बिचमा) ।

प्र.नं. ७५) भारतबाट लङ्का देशमा सर्वप्रथम बुद्ध धर्म प्रचार गर्नु हुने को थिए ?

उत्तर- अशोक महाराजका छोरा महिन्द महास्थविर ।

प्र.नं. ७६) अशोक महाराजाले नौ वटा राष्ट्रमा धर्म प्रचार गर्न पठाउनु भएको बेला को को भिक्षुहरू कहाँ कहाँ जानुभयो ?

उत्तर-

१। मज्झन्तिक स्थविर -काश्मीर र गन्धारमा ।
२। महादेव स्थविर -महिंसक मण्डलमा ।
३। रक्खित स्थविर -वनवासी ।
४। कोनक धम्मरक्खित स्थविर -अपरान्तमा ।
५। महारक्खित स्थविर -महाराष्ट्रमा ।
६। महाधम्मरक्खित स्थविर -कोनक लोकमा ।
७। मज्झिम स्थविर -हिमाल प्रदेशमा ।
८। सोण स्थविर र उत्तर स्थविर -सुवर्ण भूमी ।
९। महिन्द स्थविर नाप इट्टिय, उत्तिय, सम्बल र भद्दसाल -लङ्कामा ।

प्र.नं. ७७) शुद्धोदन महाराजको दरवार कहाँ थियो ?

उत्तर- कपिलवस्तु नगरमा ।

प्र.नं. ७८) द्वेवाचिक शरण मात्र जानेहरु को को थिए ?

उत्तर- तपस्सु र भल्लुक ।

प्र.नं. ७९) सर्वप्रथम त्रिशरण जाने व्यक्ति को थिए ?



Downloaded from http://dhamma.digital/

उत्तर- यसकुमारको बुबा ।

प्र.नं. ८०) भगवानले कति वर्ष सम्म धर्म प्रचार गर्नुभएको थियो ?

उत्तर- ४५ वर्ष ।

प्र.नं. ८१) पाठ गराउने बखतमा देवताहरुलाई मन पर्ने सूत्रको नाम के हो ?

उत्तर- महासमय सूत्र ।

प्र.नं. ८२) वेलुवन विहार दान गर्ने व्यक्ति को थिए ?

उत्तर- राजगृहको राजा बिम्बिसार ।

प्र.नं. ८३) ऋषिपतन मृगदावनमा भगवानले धर्मचक्र प्रवर्तन गर्नु भएको बखतमा कति देवब्रह्माहरुलाई मार्गफल प्राप्त भयो ?

उत्तर- १८ गू कोटि ब्रह्माहरू र देवताहरू अनगिन्तिलाई अरहन्त फल प्राप्त भयो ।

प्र.नं. ८४) सारिपुत्र र मौद्गल्यायन कहाँका वासिन्दा थिए ?

उत्तर- राजगृहका । (नालान्दाको समीपमा नालकग्राममा- सारिपुत्र, कोलितग्राममा-मौद्गल्यायन ।)

प्र.नं. ८५) उरुवेलमा भगवानले कति जटिलहरुलाई बोध गर्नु भएको थियो ?

उत्तर- उरुवेल, नदी, गया काश्यपहरू प्रमुख अरु एक हजार जटिलहरुलाई ।

प्र.नं. ८६) छैन भनेको थाहा नभएका व्यक्ति को थिए ?

उत्तर- अनुरुद्ध ।

प्र.नं. ८७) प्रज्ञामा र ऋद्धीमा एतदग्ग प्राप्त गर्ने भिक्षुहरू को को थिए?

उत्तर- प्रज्ञामा सारिपुत्र, ऋद्धीमा मौद्गल्यायन ।

प्र.नं. ८८) चार द्वीपको नाम के के हो ?

उत्तर- पूर्वविदेह, जम्बुद्वीप, अपरगोकोन र उत्तर-करु ।

प्र.नं. ८९) चार प्रकारको चैत्य के के हो ?

उत्तर- धातु चैत्य, परिभोग चैत्य, उद्देश्य चैत्य र धर्म चैत्य ।

प्र.नं. ९०) बुद्ध हुन भविष्यवाणी प्राप्त गर्न कति अङ्ग पूर्ण हुनुपछ र ती के के हुन् ?

उत्तर- आठ अङ्ग-

१। मनुष्यजाति हुनुपर्ने
२। पुरुष हुनुपर्ने
३। अरहत्त मार्ग, अरहत्त फल प्राप्त गर्न सक्ने हेतु हुनुपर्ने
४। भगवानको दर्शन हुनुपर्ने
५। प्रव्रजित हुनुपर्ने
६। पञ्च अभिज्ञा र अष्ट समापत्ति प्राप्त गरेको हुनुपर्ने
७। जीवन नै त्याग गर्नुपरे पनि त्याग गर्न सक्ने हुनुपर्ने
८। बुद्ध हुन प्रबल इच्छा भएको हुनुपर्ने ।



Downloaded from http://dhamma.digital/

प्र.नं. ९१)	बुद्ध हुनु कति प्रकारका छन् ?

उत्तर- तीन प्रकारका छन् । श्रद्धाधिक, वीर्याधिक र प्रज्ञाधिक ।

प्र.नं. ९२)	सतिपट्ठान कति प्रकारका छन् र ती के के हुन् ?

उत्तर- चार प्रकारका छन् । कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना र धम्मानुपस्सना।

प्र.नं. ९३)	धन नाश हुनुको कारण कति वटा छन् र के के हुन् ?

उत्तर- ६ वटा छन् । १. सुरापान गर्नाले २.कुबेलामा घुम्न जानाले ३.फिलिम हेर्न जानाले ४. जूवा खेल्न जानाले ५.कुमित्रको संगत गर्नाले र ६. अलसि हुनाले ।

प्र.नं. ९४)	पञ्च महापरित्याग भनेको के के हुन् ?

उत्तर- धन, पुत्र, स्त्री, अङ्ग-प्रत्यङ्ग, जीवन ।

प्र.नं. ९५)	कति वटा कारणले गर्दा प्रश्न गरिन्छ, ती कारणहरु केके हुन् ?

उत्तर- पाँच वटा । १. आफूले थाहा नपाएको कुरा सोध्न, २.सिद्धान्त मिलेको छ छैन परीक्षण गर्न, ३. शंका भएर ४. अरुलाई बोल्न लगाउनको निम्ति र ५. आफूले उत्तर दिने इच्छाले ।

प्र.नं. ९६)	प्रतिसन्धि कति प्रकारका छन्, ती के के हुन् ?

उत्तर- चार प्रकारका छन् । अण्डज, संसेदज, जलाबुज र ओपपातिक ।

प्र.नं. ९७)	कति  प्रकारका देवताहरु छन्, ती को को हुन् ?

उत्तर- तीन प्रकारका छन् । विसुद्धि देवता, सम्मुति देवता, उपपत्ति देवता ।

प्र.नं. ९८)	नायकहरु संग हुनु पर्ने कति वटा गुण छन्, ती के के हुन् ?

उत्तर- ६ वटा छन् । १. सहनु "खमा" गुण २. जागृत भएर बस्नु "जागरिय" गुण ३. कोशिश वीर्य गर्नु "उट्ठान" गुण ४. ठीक बेठीक छुट्याउन सक्ने "संविभाग" गुण, ५.दया राख्न सक्ने "दया" गुण ६. हरेक विषयमा बिचार गर्न सक्ने "इक्खणा" गुण ।

प्र.नं. ९९)	मात्सर्य भनेको के के हुन् ?

उत्तर- लाभ मच्छरिय-अर्काले धन सम्पत्ति प्राप्त गरेको देखेर मनमा ईर्ष्या हुनु, वण्ण मच्छरिय-अर्काको रुप राम्रो भएको देखेर मनमा ईर्ष्या हुनु, आवास मच्छरिय- अर्काको वासस्थान राम्रो भएको देखेर मनमा ईर्ष्या हुनु, कुल मच्छरिय-अर्काको उत्तम कुल परिवार देखेर मनमा ईर्ष्या हुनु, धम्म मच्छरिय-अर्काले धेरै जाने बुझेको देखेर मनमा ईर्ष्या हुनु ।

प्र.नं. १००) ब्रत कति वटा छन् र ती के के हुन् ?

उत्तर- तीन वटा छन् । १.लोक व्यवहार ज्ञान बढाउन सिक्ने, २.धर्माचरण गर्न सिक्ने, ३.राजाको आज्ञा पालन गर्न सिक्ने ।

प्र.नं. १०१) चातुर्महाराजिका देवताहरु चार जना को को हुन् ?

उत्तर- १.धतरट्ठ	२.विरुल्हक,	३. विरुपक्ख,	४.कुबेर ।

प्र.नं. १०२) कुरा गर्नुका अङ्ग चार वटा के के हुन् ?

उत्तर- सुभासितवाचा-राम्रोसँग कुरा गर्नु, पियवाचा-प्रियवचनले कुरा गर्नु, धम्मवाचा-धर्म सँग सम्बन्ध भएको कुरा गर्नु, सच्चवाचा- सत्य कुरा गर्नु ।



Downloaded from http://dhamma.digital/

प्र.नं. १०३) सत्पुरुषहरु संग हुने पाँच बल के के हुन् ?

उत्तर- १। श्रद्धाबल- त्रिरत्न गुणमा चित्त कम्प नभइ प्रसन्न हुनु ।

२। वीर्यबल- अकुशललाई हटाइ कुशललाई बढाउनको निम्ति कोशिश गर्नु।

३। सतिबल- रुपकाय, नामकायलाई अनित्यादि त्रिलक्षण भएको मनले विचार गर्नु।

४। समाधिबल- दानशीलादि कुशल कार्यमा कम्प नभइ स्थिर भएर जीवन यापन गर्नु ।

५। पञ्ञाबल- संवेग धर्मद्वारा उत्पत्ति र विनाशलाई बारम्बार विचार गर्नु।

प्र.नं. १०४) सहनुको ५ वटा फल के के हुन्?

उत्तर- १. धेरै मनुष्यहरुले प्रेम गर्नेछ, २. कलह शान्त हुनेछ, ३. दोष कम हुनेछ, ४. बेहोश नभइ मृत्यु हुनेछ, ५.मरण पछि सुगतीमा जन्म हुनेछ ।

प्र.नं. १०५) अपरिहानीय धर्म कति ओटा छन् र ती के के हुन्?

उत्तर- सात वटा छन् ।

१। सत्थुगारव-भगवानलाई आदर राख्नु ।

२। धम्मगारव - धर्मलाई आदर गौरव राख्नु ।

३। संघगारव - संघप्रति गौरव राख्नु ।

४। सिक्खागारव - शिक्षापदलाई आदर गौरव राख्नु ।

५। समाधिगारव - समाधिलाई आदर गौरव राख्नु ।

६। कल्कोणमित्त - कल्याण मित्रसँग संगत गर्नु ।

७। सोवचस्सता - सत्पुरुषहरुले भनेको कुरा सुनाउन सजिलो हुनु ।

प्र.नं. १०६) अष्टलोक धर्म भनेको के के हुन्?

उत्तर- लाभो-धन सम्पत्ति धेरै भएर घमण्ड अभिमान बढ्नु । अलाभो - धन सम्पत्ति नभएर दुःखी हुनु । यसो - यश परिवार धेरै भएर अभिमान चढ्नु । अयसो - यश परिवार नभएर दुःखी हुनु । निन्दा - निन्दित हुनु परेकोले दुःखी हुनु । पसंसा - प्रशंसा गरेकोले अभिमान बढ्नु । सुखं -सुख भएर अभिमान चढ्नु । दुःखं -दुःख भएर दुःखी मन हुनु ।

प्र.नं. १०७) क्लेश दश वटा के के हुन्?

उत्तर- लोभ -लोभ, दोस -द्वेष, मोह-मोह, मान-अभिमान, दिट्ठि-उल्टो दृष्टि, विचिकिच्छा-शंका, थिन-चित्तको दुर्बलता, उद्धच्च- चित्तको अस्थिरता, अहिरिक-अकुशल कर्ममा लाज नमान्नु, अनोतप्प-अकुशल कर्ममा त्राश नहुनु ।

प्र.नं. १०८) भगवान बुद्धको असाधारण ज्ञान छवटा के के हुन्?

उत्तर- १.समापत्तिञाण - देख्नु भएका सबै वेनेय्य प्राणिहरुलाई आफ्नो पुत्र सम्झेर करुणा राख्नुहुने, २. सब्बञ्ञूतञाण-सम्पूर्ण धर्मलाई निशेष रुपले बुझ्नुभएको ज्ञान, ३. इन्द्रिय परोपरियत्तिञाण- सत्व प्राणिहरुको इन्द्रिय परिपक्व भएको वा नभएको विचार गर्न सक्ने ज्ञान, ५. आसकोनुसयज्ञान-सत्व प्राणीहरुको अज्झासयलाई बुझ्न सक्ने ज्ञान, ६.अनावरणञाण-हरेक विषयमा केह बाधा नआउने गरी हेर्न सक्ने ज्ञान ।

प्र.नं. १०९) भगवान बुद्ध ४५ वर्ष भित्र कहाँ कहाँ वर्षावास बस्नु भर्को ? क्रमशः भन्नुहोस् ।



Downloaded from http://dhamma.digital/

| उत्तर- वर्षावास | स्थान |
| --- | --- |
| प्रथम | ऋषिपतन मृगदावनमा |
| द्वितीय, तृतीय र चौथो | राजगृहमा |
| पाँचौं | वैशाली |
| छैठौं | मङ्कुल पर्वतमा |
| सातौं | तावतिंस देवलोक |
| आठौं | सुंसुमारगिरि |
| नवौं | कौशम्बी |
| दशौं | पारिलेय्य |

प्र.नं. ११०) भिक्षुणीहरुको मनलाई आनन्द हुनेगरी उपदेश गर्नुहुने भिक्षुको नाम के हो ?

उत्तर- नन्दक भिक्षु ।

प्र.नं. १११) अष्टपरिष्कार भनेको के के हुन्?

उत्तर- १.संघाटि २.चीवर ३.अन्तरवासक ४.पात्र ५.कपाल काट्ने छुरा ६.काय बन्धन ७.पानी चालनी ८.सिको र धागो ।

प्र.नं. ११२) दश पारमी भनेको के के हुन्?

उत्तर- १.दान पारमी २. शील पारमी ३.नैष्क्रम्य पारमी ४.प्रज्ञा पारमी ५. वीर्य पारमी ६.क्षान्ति पारमी ७. सत्य पारमी ८.सत्य पारमी ९.मैत्री पारमी १०. उपेक्षा पारमी

प्र.नं. ११३) कुचो लगाउनाका फल के के हुन् ?

उत्तर- १.आफू खुसी हुन्छ, २.अरु खुसी हुन्छ, ३.देवताहरुले मनपराउने छन्, ४.रुप राम्रो हुनेछ, ५.मृत्युपछि देवलोकमा जानेछ।

प्र.नं. ११४) मङ्गल कति ओटा छन् ?

उत्तर- ३८ वटा छन् ।

प्र.नं. ११५) आठ नर्कका ना के के हुन् ?

उत्तर- १.सञ्जीव नर्क २.कालसुत्त नर्क ३.संघात नर्क ४. रोरुव नर्क ५.महारोरुव नर्क ६.तापन नर्क ७.महातापन नर्क ८.अवीचि नर्क

प्र.नं. ११६) भगवानले नालागिरि हात्तीलाई दमन गर्नुभएको बेलामा कति देवताहरुलाई धर्मज्ञान प्राप्त भयो ?

उत्तर- ९० करोड देवताहरुलाई धर्मज्ञान प्राप्त भयो ।

प्र.नं. ११७) बुद्ध कपिलवस्तुमा कति पटक आउनुभएको थियो र त्यो कहिले कहिले ?

उत्तर- चारपटक पाल्नु भएको थियो । कालुदायि अमात्यले निमन्त्रणा गर्नुभएको बेला, शाक्य र कोलियबिच कलह हँदा, महासमय सूत्र देशना गर्नुहुँदा र शुद्धोदन महाराज परिनिर्वाण हुन लाग्दा ।

प्र.नं. ११८) जेतवन महाविहार कसले बनाएको थियो ?

उत्तर- अनाथपिण्डिक महाजनले ।

प्र.नं. ११९) विशाखाले विहारको नाम के थियो ?



Downloaded from http://dhamma.digital/

उत्तर- पूर्वाराम ।

प्र.नं. १२०) भिक्षु हुने राजाहरुका नाम के के हुन् ?

उत्तर- महाकप्पिन र भद्दिय ।

प्र.नं. १२१) अविजहितट्ठान चारवटा के के हुन् ?

उत्तर- बुद्धगया, ऋषिपतन मृगदावन, जेतवन र संकाश्य ।

प्र.नं. १२२) सिद्धार्थ कुमारलाई बनाइदिएको तीन वटा महलका नाम के के हुन् ?

उत्तर- रम्य, सुरम्य, शुभ ।

प्र.नं. १२३) भगवान बुद्ध सबभन्दा धेरै कुन विहारमा बस्नुभएको थियो ?

उत्तर- जेतवन विहारमा ।

प्र.नं. १२४) पानी दान गरेको दश फल के के हुन् ?

उत्तर- १.छिटो हिँड्न सक्छ २.यश कीर्ति फैलिनेछ ३.परिशुद्ध हुन्छ,४.भोक, प्यास नलाग्ने हुन्छ, ५.परिवार धेरै हुन्छ ६.दीर्घायु हुन्छ, ७. रुप लावण्य राम्रो हुन्छ, ८. सुख आनन्द हुन्छ, ९.बल शक्ति हुन्छ, १०. प्रज्ञा बढ्नेछ ।

प्र.नं. १२५) चीवर दान गरेको फल आठवटा के के हुन् ?

उत्तर- १.रुप राम्रो हुन्छ, २. नरम शरीर हुनेछ ३.तेज हुन्छ, ४. आनुभाव हुन्छ ५. कोमल शरीर हुन्छ, ६. सतो वस्त्र हुन्छ, ७. सुर्वण वस्त्र हुन्छ,
८. रातो वस्त्र हुन्छ ।

प्र.नं. १२६) भगवानले त्रायत्रिंश देवलोकमा आफ्नो आमालाई अभिधर्म देशना गर्नु भएपछि देवलोकबाट सर्वप्रथम पृथ्वीमा पाइला टेक्नुभएको कहाँ थियो ?

उत्तर- संकाश्य नगरमा ।

प्र.नं. १२७) जुत्ता दान गरेको फल ३ वटा के के हुन् ?

उत्तर- १.हात्तीको वाहन हुन्छ , २.घोडाको वाहान हुन्छ, ३. हिरामोति जडेको जुत्ता प्राप्त हुन्छ ।

प्र.नं. १२८) बत्ती दान गरेको फल ३ वटा के के हुन् ?

उत्तर- १. तेजपूर्ण हुन्छ, २. बुद्धि हुन्छ, ३. असल व्यक्ति हुन्छ ।

प्र.नं. १२९) रुमाल दान गरेको फल ५ वटा के के हुन् ?

उत्तर- १. शरीरलाई आनन्द हुन्छ, २. लक्षणं पूर्ण हुन्छ ३. बुद्धि हुन्छ, ४. एकाग्र चित्त हुन्छ, ५. दीर्घायु हुन्छ ।

प्र.नं. १३०) सिरानि दान गरेको फल छ वटा के के हुन् ?

उत्तर- १.उत्तम सिरानी प्राप्त हुन्छ २.मार्गफल निर्वाण प्राप्त हुन्छ ३. दान शीलादि कुशल धर्म बढाउन सक्छ ४.वट्ट पटिवट्टले पूर्ण हुन्छ ५.उत्तम आचरणले पूर्ण हुन्छ ६.शीलवान हुन्छ ।

## मिश्रित सम्बन्धि न्हयसः लिसः

### अध्याय-३

प्र.नं. १३१) बुद्ध जन्मस्थान लुम्बिनीमा हिंसा गर्न हुँदैन भनी ने.सं. कति सालमा कसले घोषणा गरेको थियो ?



Downloaded from http://dhamma.digital/

उत्तर- बुद्ध जन्मस्थान लुम्बिनी हिंसा गर्न हुँदैन भनी ने.सं. १०४५ सालमा (फाल्गुण महिनामा) श्री ३ चन्द्र शम्शेरले घोषणा गरेको थियो ।

प्र.नं. १३२) ललितपुरको प्रसिद्ध चार थूर (चैत्य) पूजा कहिले, कसको तत्वावधानमा भएको थियो?

उत्तर- वि.सं. २०२४ आषाढ पूर्णिमादेखि स्तूप पूजा आयोजक समिति, श्री सुमङ्गल विहारको तत्वावधानमा भएको थियो ।

प्र.नं. १३३) पालि वाङ्मय अनुसार छैठौं संगायन कहाँ कहाँ भयो ?

उत्तर- १.प्रथम संगायन-राजगृहमा २. द्वितीय संगायन-वैशालीमा ३.पाटलीपुत्र नगरमा ४. चतुर्थ संगायन-लङ्कामा, ५.पञ्चम संगायन-बर्मा ६.षष्टम संगायन-बर्मामा ।

प्र.नं. १३४) नागसेन अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- १५० ई.पू.

प्र.नं. १३५) नार्गाजुन अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- १७५ ई.सं.

प्र.नं. १३६) असंग अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ३७५ ई.सं.

प्र.नं. १३७) बसुबन्धु अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ४०० ई.सं.

प्र.नं. १३८) दिगनाग अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ४२५ ई.सं.

प्र.नं. १३९) धर्मकीर्ति अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ६०० ई.सं.

प्र.नं. १४०) नेपालको मान्य धर्मग्रन्थ नवसूत्र वा नव व्याकरणका नाम के के हुन् ?

उत्तर- १.अष्टसहश्रिका प्रज्ञापारमिता २.गण्डव्यूह ३.समाधिराज ४.दशभूमि ५.लंकावतार ६.सद्धर्मपुण्डरिक ७.तथागतगुह्य ८.ललितविस्तर ९.सुवर्णप्रभा ।

प्र.नं. १४१) स्व. भिक्षु संघमहानायक प्रज्ञानन्द महास्थविरको जन्म र महाप्रयाण वि.सं. कति कतिमा भएको थियो ?

उत्तर- जन्म-वि.सं. १९५७ महाप्रयाण-वि.सं २०४९/११/२८/५

प्र.नं. १४२) भारतमा बुद्धधर्मको पुनरुद्धार गर्ने व्यक्तिको नाम के हो ? वहाँ कहाँका थिए ?

उत्तर- अनागारिक धर्मपाल, श्रीलंकाका

प्र.नं. १४३) ३१ भूवन भनेको के के हुन् ?

उत्तर- कामलोक ११ वटा, रुपलोक १६ वटा र अरुपलोक ४ वटा ।

प्र.नं. १४४) १८७० ई.मा लंकामा ईसाइ उपदेशकहरु सँग शास्त्रार्थ गरेर विजय हुने व्यक्ति को थिए ?

उत्तर- श्रामणेर मिगेत्तुवत्ते धम्मानन्द ।

प्र.नं. १४५) राष्ट्र संघका मन्त्री ऊथान्त कहिले बुद्ध जन्मभूमी लुम्बिनी दर्शनार्थ आएका थिए ? ई.सं. र महिना भन्नुहोस् ।



Downloaded from http://dhamma.digital/

उत्तर- ई.सं. १९६७, अप्रेल महिनामा ।

प्र.नं. १४६) बैशाख पूर्णिमाको दिन कुन कुन योग पर्छन् ?

उत्तर- बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण ।

प्र.नं. १४७) जेष्ठ पूर्णिमाको के महत्व छ ?

उत्तर- यस दिन भगवानले कपिलवस्तुमा महासमय सूत्रको देशना गर्नुभएको थियो ।

प्र.नं. १४८) आषाढ पूर्णिमाको दिन कुन कुन ५वटा योग पर्छन् ?

उत्तर- १। बोधिसत्वले महामायादेवीको गर्भप्रवेश गर्नुभएको

२। महाभिनिष्क्रमण गर्नुभएको

३। ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय भिक्षुहरुलाई प्रथम उपदेश दिनुभएको

४। गण्डम्ब वृक्षको मूलमा यमक प्रातिहार्य प्रदर्शन गरेर तीर्थङ्करहरुलाई दमन गर्नुभएको

५। त्रयत्रिंश भूवनमा गएर माता महामाया दवीलाई अभिधर्मको देशना गर्नुभएको ।

प्र.नं. १४९) आश्विन पूर्णिमाको के महत्व छ ?

उत्तर- त्रयत्रिंश भूवनमा माता महामायादेवीलाई अभिधर्मको उपदेश दिइ सकेपछि संकाश्यमा ओर्लिनु भएको ।

प्र.नं. १५०) सारिपुत्र महास्थविर परिनिर्वाण हुनु भएको कुन पूर्णिमामा हो ?

उत्तर- कार्तिक पूर्णिमा ।

प्र.नं. १५१) भगवान राजगृहमा जानुभएको प्रथम पटक कहिले हो ?

उत्तर- पौष पूर्णिमा ।

प्र.नं. १५२) भगवानले परिनिर्वाण हुनका लागि मारलाई वचन दिनु भएको कुन पूर्णिमामा हो ?

उत्तर- माघ पूर्णिमा ।

प्र.नं. १५३) भगवान कपिलवस्तु नगरमा जानुभएको कुन पूर्णिमामा ?

उत्तर- होलि पूर्णिमा (फाल्गुण पूर्णिमा)

प्र.नं. १५४) भगवान राजगृहमा जानु भएको बेला कति मानिसहरु श्रोतापन्न भए, फेरि कति त्रिशरणमा गए ?

उत्तर- ११ लाख श्रोतापन्न र १ लाखले त्रिशरण गए ।

प्र.नं. १५५) उरुवेल काश्यप, नदी काश्यप र गया काश्यपहरु पहिले भगवानको उपदेश सुनेर, बोध भएर कुन कुन काम छाडे ?

उत्तर- यज्ञ होम गर्ने र गङ्गामा नुहाए धर्म लाग्छ भन्ने काम छाडे ।

प्र.नं. १५६) यश कुमारको गृहस्थीबेलाका चार साथीहरुको नाम केके हुन् ?

उत्तर- विमल, सुबाहु, पूर्णजित र गवम्पत्ति ।

प्र.नं. १५७) कल्प कति छन्, ती के के ?

उत्तर- ५ वटा । १.सार कल्प २.मन्द कल्प ३.वर कल्प ४.सारमन्द कल्प ५.भद्र कल्प ।

प्र.नं. १५८) भगवान बुद्ध परिनिर्वाण हुनु भएको कुन बार हो ?

उत्तर- मङ्गलबार ।



Downloaded from http://dhamma.digital/

प्र.नं. १५९) कति शताब्दीदेखि वज्रयान प्रचार भयो ?

उत्तर- आठौं शताब्दीदेखि ।

प्र.नं. १६०) नेपालमा अहिले हुनु भएकामध्ये जेष्ठ अनागारिका को हुन् ?

उत्तर- अ. उत्तरा, किण्डोल विहार, स्वयम्भू ।

प्र.नं. १६१) राजा अशोकका बुबा र बाजेका नाम के हो ?

उत्तर- बुबा - बिन्दुसार र बाजे - चन्द्रगुप्त ।

प्र.नं. १६२) "मेरो इच्छा पुरा भए जस्तै तपाईंको पनि पूरा होस् ।" यो वाक्य कसले बोधिसत्वलाई भनेको हो ?

उत्तर- सुजाताले ।

प्र.नं. १६३) महायानी आचार्यहरुले भगवान बुद्धको लौकिक चरित्र वा अलौकिक चरित्रलाई बढि प्राथमिकता दिए ? उनीहरुले रचना गरेको किताब 'कथावत्थु' र 'मिलिन्द प्रश्न' हुन् कि 'रत्नकूत' र 'वैप्ल्य' हुन् ?

उत्तर- अलौकिक चरित्रलाई बढि प्राथमिकता दिए । 'रत्नकूत' र 'वैप्ल्य' हुन् ।

प्र.नं. १६४) तिलौराकोट अथवा प्राचीन कपिलवस्तुको पर्खाल कति फिट मोटो थियो ?

उत्तर- १० फिट ।

प्र.नं. १६५) सिद्धार्थको जन्म भएको दृश्य धेरै ठाँउहरुमा पाइन्छन । ती मध्ये काठमा कुडिँएका दुई ठाँउमा छन् । ती कहाँ कहाँ हुन् ?

उत्तर- काठमाडौंको मरु सतलमा , ललितपुरको लोकाकीर्ति विहार नःबहिलीमा र भक्तपुरको मरु बहिलीमा ।

प्र.नं. १६६) सारिपुत्र र मौद्गल्यायन भन्तेहरु निर्वाण भएको कुन कुन दिनमा, कति दिनको फरकमा ?

उत्तर- सारिपुत्र-कार्तिक पूर्णिमा, मौद्गल्यायन-कार्तिक औंशि, १५ दिनको फरकमा ।

प्र.नं. १६७) इण्डोनेशियाको चारकुने छ तल्ला माथि रहेको चैत्यगर्भ मात्रै १२० फिट उचाइ भएको चैत्यलाई आजभोलि के भनिन्छ ?

उत्तर- बोरो बुडुर ।

प्र.नं. १६८) "मेरो बीजले जन्म हुने सन्तानले मलाई मारे मारोस् तर गर्भपतन गर्न पाइदैन । सन्तानको मुख हेरेर मात्र मर्छु ।" यो बुद्धकालीन कुन राजाको उद्गार हो ?

उत्तर- राजा बिम्बिसारको ।

प्र.नं. १६९) शाक्यहरु लिएर बर्मामा जानु भएका शाक्य राजकुमारको नाम के हो ?

उत्तर- धजराज ।

प्र.नं. १७०) बोधिवृक्ष मुनि बसेर धर्मचक्र प्रवर्तनको मुद्रामा रहेको पुरानो बुद्धको मूर्ति कहाँ छ ?

उत्तर- आलुक्वहिटी, ललितपुर ।

प्र.नं. १७१) "सुत्त" रक्षा गर्ने जिम्मा र "विनय" रक्षा गर्ने जिम्मा लिएकाहरुलाई के भनिन्छ ?

उत्तर- सुत्तधर र विनयधर ।

प्र.नं. १७२) भगवान बुद्धले सुजातालाई कति प्रकारका पत्नि छन् भनी आज्ञा गर्नु भयो ?

उत्तर- सात प्रकारका ।



Downloaded from http://dhamma.digital/

प्र.नं. १७३) धर्मचक्र प्रवर्तन गर्नुभएको पाँच दिन पछि भगवान बुद्धले कुन सूत्र देशना गर्नु भयो ?

उत्तर- अनत्त लक्खण सूत्र ।

प्र.नं. १७४) पटाचाराको बच्चा बगाएको नदीको नाम के ?

उत्तर- अचिरवती ।

प्र.नं. १७५) अग्रश्रावक मौद्गल्यायन कुन पर्वतमा परिनिर्वाण हुनु भयो ?

उत्तर- कालशीला पर्वतमा ।

प्र.नं. १७६) कपिलवस्तु तिलौराकोट नै हो भनी प्रमाणित गर्नु हुने भारतीय पुरातत्वविदको नाम के ?

उत्तर- पी.सी. मुखर्जी ।

प्र.नं. १७७) कुनै समयमा एक प्रकारले भारतका सम्पूर्ण बौद्ध सम्प्रदायी वज्रयान-गर्भित महायानका अनुयायी भएका थिए । यस्तो भएको समय महापण्डित राहुल सांकृत्यानले कति शताब्दीलाई बताउनु भएको थियो ?

उत्तर- आठौं शताब्दी ।

प्र.नं. १७८) सुजाताको बुबाको नाम के ? उ कुन गाउँका थिए ?

उत्तर- बुबा-महासेन, गाउँ-सेनानी ग्राम ।

प्र.नं. १७९) कल्याणका बुबा, बाजे र जिजा बाजेको नाम के के ?

उत्तर- बुबा-वररोज, बाजे-रोज, जिजा बाजे-महासम्मत ।

प्र.नं. १८०) अजन्ता जस्ता भारतका अरु गुफा मन्दिरहरु तीनवटाका नाम भन्नुहोस् ।

उत्तर- एलौरा, कार्ले र नासिक ।

प्र.नं. १८१) नेपालमा कति इश्वीमा कसको पालामा दास प्रथा सफलतापूर्वक उन्मूलन भयो ?

उत्तर- चन्द्र शमशेरको पालीमा सन् १९२४ ।

प्र.नं. १८२) बिम्बिसार राजाका दुई अग्रमहीषि (रानीहरु) थिए । उनीहरुको नाम के के र अजातशत्रु कसका पुत्र थिए ?

उत्तर- कोशलदेवी र खेमा । अजातशत्रु कोशलदेवीका पुत्र थिए ।

प्र.नं. १८३) धारणीको संक्षिप्तिकरणलाई के भनिन्छ ?

उत्तर- मन्त्र ।

प्र.नं. १८४) आनन्दकुटी विहारको चैत्यमा अहिले रहेको बुद्धको अस्थिधातु कुन देशबाट कसको प्रमुखतामा ल्याइएको हो ?

उत्तर- श्रीलङ्काबाट माननीय उद्योग तथा श्रम राज्यमन्त्री रामकृष्ण ताम्राकारको प्रमुखतामा ।

प्र.नं. १८५) सिद्धार्थकि श्रीमतिका धेरै नामहरु थिए । तीनिहरुमध्ये दुई -गोपा र राहुलमाता हुन् भने अरु दुई नाम भन्नुहोस् ।

उत्तर- भद्दकच्चायन र यशोधरादेवी ।

प्र.नं. १८६) उरुवेल काश्यपका कति शिष्यहरु थिए ?

उत्तर- ५०० जना ।

प्र.नं. १८७) गया काश्यपका कति शिष्यहरु थिए ?



Downloaded from http://dhamma.digital/

उत्तर-  २०० जना ।

प्र.नं. १८८) सर्वप्रथम बुद्ध र बौद्ध संस्कृति सम्बन्धी डाक टिकट कुन देशबाट निकालिएको थियो ?

उत्तर-  मंगोलिया ।

प्र.नं. १८९)संगितिकवादका “अभिधर्मकोश” रचना गर्ने को थिए ?

उत्तर-  बसुबन्धु ।

प्र.नं. १९०) धनञ्जय सेठका कति जना छोरीहरु थिए ?

उत्तर-  दुई जना । विशाखा र सुजाता ।

प्र.नं. १९१) विमलका माता पिताका नाम के के हुन् ?

उत्तर-  माता -अम्रपाली र पिता - बिम्बिसार ।

प्र.नं. १९२) सिद्धार्थले महाभिनिष्क्रमण गर्नुभएको कुन पूर्णिमा, कुन बार थियो ?

उत्तर-  आषाढ पूर्णिमा, सोमबार ।

प्र.नं. १९३) अनिमिस चैत्य बोधिवृक्षबाट कता पर्दछ, किन अनिमिस चैत्य भनिएको हो ?

उत्तर-  उत्तर दिशामा पर्छ । आँखा पनि झिमिक नगरी बोधिवृक्षलाई हेरिरहेको हुनाले ।

प्र.नं. १९४) एक योजनमा कति कोश हुन्छ ?

उत्तर-  ४ कोश ।

प्र.नं. १९५) महाप्रजापति गौतमी प्रव्रजित भएको राज्य र विहारको नाम के हो ?

उत्तर-  वैशाली राज्य, कूटागारशाला विहार ।

प्र.नं. १९६) महेन्द्र स्थविरका उपाध्याय को हुन् ?

उत्तर-  मोग्गलिपुत्ततिस्स महास्थविर ।

प्र.नं. १९७) राजा बिम्बिसारको राज्यमा कति गाउँ र कति जनसंख्या थियो ?

उत्तर-  ८०,००० गाउँ र १८ करोड जनसंख्या ।

प्र.नं. १९८) राजा रिपुमल्ल कति वि.सं.मा लुम्बिनी जानुभएको थियो ?

उत्तर-  वि.सं. १३९६ ।

प्र.नं. १९९) बुद्ध शासनमा प्रव्रजित उपसम्पदा गर्न नहुनेहरुमध्ये राजभत्यहरु पनि हुन् । यो नियम कसले विन्ति गरेको कारण बनाइएको हो ?

उत्तर-  राजा बिम्बिसार ।

प्र.नं. २००) अन्तमा “राम” पद भएको विहार कपिलवस्तुमा अहिले पनि छ । त्यसको पूरा नाम के हो ?

उत्तर-  कालखेमकाराम ।

प्र.नं. २०१) पञ्च भैषर्ज्य भनेको के के हुन् ?

उत्तर-  घ्यू, नौनि, तेल, मह र दूध ।

प्र.नं. २०२) जेतवन विहारलाई पाँचवटा गाउँ दान दिने व्यक्ति को थिए ?

उत्तर-  गोविन्द चन्द्र ।



Downloaded from http://dhamma.digital/

प्र.नं. २०३) भगवान बुद्ध देवलोकमा वर्षावास बिताएर फर्किनु हुँदा पृथ्वीलोकमा सर्वप्रथम दाँया पाउ टेक्नुभएको स्थानमा एक चैत्य निर्माण गरिएको छ। त्यस प्रसिद्ध चैत्यको नाम के हो ?

उत्तर- अचल चैत्य।

प्र.नं. २०४) राजा मिनान्दरले आफ्नो राजधानी कहाँ बनाए ?

उत्तर- शाकला (स्यालकोट) भन्ने ठाँउमा।

प्र.नं. २०५) "चूडामणि चैत्य" कहाँ कसले स्थापना गरेको चैत्य हो ?

उत्तर- त्रायत्रिंश देवलोकमा इन्द्रले।

प्र.नं. २०६) बर्माको ३२० फिट अग्लो र १४२० फिट घेरा भएको चैत्यको नाम के हो ?

उत्तर- स्वेड्गौं चैत्य।

प्र.नं. २०७) तृतीय ध्यानले के निरोध गर्छ ?

उत्तर- वितर्क विचार।

प्र.नं. २०८) वाचस्पति मिश्रले लेख्नुभएको टीकाको नाम के हो र यो कति ईश्वी शताब्दीको हो ?

उत्तर- भागमती , ९औं शताब्दी।

प्र.नं. २०९) अशोक कुन वंशका कसका नाति हुन् ?

उत्तर- शाक्यवंशका चन्द्रगुप्तका नाति।

प्र.नं. २१०) उत्तराका पिताको नाम के हो र उसको विवाह को सँग भयो ?

उत्तर- बुबाको नाम-पूर्णसिंह, सुमन सेठको छोरासँग।

प्र.नं. २११) भगवान बुद्ध राजगृह जानुभएको बेला वहाँको साथमा कति भिक्षुहरु जानुभयो ?

उत्तर- १००३ जना।

प्र.नं. २१२) भगवान बुद्धले सबैभन्दा पहिले राजगृहमा दिनुभएको उपदेशको नाम के हो ?

उत्तर- महानारद जातक।

प्र.नं. २१३) बुद्धकालीन चौध जनपदको नाम के के हो ?

उत्तर- अंग, मगध, काशी, बज्जी, मल्ल, चेदि, वंग, कुरु, पंचाल, मत्स्य, सुरसेन, अस्सक, अवन्ती, गन्धार, र कम्बोज।

प्र.नं. २१४) श्रीलंकाको प्राचीनतम स्तूप वा थूरको नाम के हो ?

उत्तर- थूपाराम।

प्र.नं. २१५) दान दास भनेर कस्तो दानलाई भनिन्छ ?

उत्तर- आफूले परिभोग गर्ने वस्तु भन्दा कम स्तरका वस्तु दान गर्नेलाई भनिन्छ।

प्र.नं. २१६) विशाखाको श्रीमान्को नाम के हो ?

उत्तर- पूर्णवर्द्धन।

प्र.नं. २१७) सिद्धार्थ गृहत्याग गरेर जानुभएको बेला कुन नदी तरेर जानुभएको थियो ?

उत्तर- अनोमा नदी।

प्र.नं. २१८) कनिष्कको राजधानी कता पर्छ ? उहाँ बुद्धधर्मको कुन निकायका अनुयायी थिए ?



Downloaded from http://dhamma.digital/

उत्तर-   राजधानी -पुरुषपुर, सर्वास्तीवादी निकायका अनुयायी ।

प्र.नं. २१९) भिक्षुणीहरुको विनय नियम कति वटा छन् ?

उत्तर-  ३११ वटा ।

प्र.नं. २२०) अशोक महाराजाका माता पिताको नाम के हो ?

उत्तर-   माता -धम्मा , पिता- बिन्दुसार ।

प्र.नं. २२१) बिम्बिसार राजाका राजबैद्य को थिए ?

उत्तर-   जीवक (कौमार्य भृत्य) ।

प्र.नं. २२२) त्रिपिटक कुन देशमा कहिले सर्वप्रथम लेखबद्ध भएको थियो ? ईस्वी शताब्दीमा भन्नुहोस् ।

उत्तर-  श्रीलङ्कामा प्रथम शताब्दीमा ।

प्र.नं. २२३) बिम्बिसार राजा महिनाको कति पटक उपोसथ ब्रत पालन गर्थे ?

उत्तर-  ६ पटक ।

प्र.नं. २२४) ललितपुरको पुल्चोकमा सबभन्दा ठूलो चैत्यको मुनि भूमिमा गाढिएको ने.सं. ५२७ को प्रायः नष्ट भइसकेको शिलालेखमा कति वटा लिपि रहेको छ । ती के के हुन् ?

उत्तर-  तीन वटा । गुप्त (लिच्छवि), रञ्जना र नेपालभाषा ।

प्र.नं. २२५) ओकाक राजाका जेष्ठ सुपुत्री प्रिया हुन् । उनका भाइ ओक्कामुख हुन्। अब भन्नुहोस् प्रियाका श्रीमान्को नाम के हो?

उत्तर-  राम (राजा) ।

प्र.नं. २२६) नेपाल सम्बत् १०६७ कौलाथ्व दशमीको दिन साँझको ६.१५ समयमा कलकत्ता रेडियोबाट कसले, कुन भाषाबाट के ब्रोडकाष्ट गरेका थिए ?

उत्तर-  भिक्षु अमृतानन्दले, नेपाल भाषामा, बुद्ध धर्मको बारेमा ।

प्र.नं. २२७) बर्माको पुरानो राष्ट्रिय गानमा बर्माका जनताले आफूलाई कुन राजाका सन्तान भनि भनिएको थियो ?

उत्तर-  शाक्य वंशका धगाउँ अधिराजाका सन्तान ।

प्र.नं. २२८) मगध भाषा वा पालि भाषामा मात्र भएको त्रिपिटक सर्वास्तिवादिहरुले कहाँ पुगेर आफ्नो त्रिपिटक संस्कृत भाषामा     परिवर्तन गरे अनि यस संस्कृतलाई आजभोलि के भनिन्छ ?

उत्तर-  मथुरामा, गाथा संस्कृत ।

प्र.नं. २२९) "भिक्षुहरु ! तिमीहरु म सँग हिँडिराखेको चौवालीस वर्ष भइसक्यो । यदि मेरो कुनै कायिक, वाचिक कर्ममा प्रसन्न छैनौं भने तिनीहरुलाई तिमीहरुले क्षमा दिनु ।" यो विनम्र शब्द कसको हो ?

उत्तर-  सारिपुत्रको ।

प्र.नं. २३०) नालन्दा पालि विश्वविद्यालयले विद्यावारिधि (डी.लिट्.) उपाधि प्राप्त गर्नुहुने नेपालका भिक्षुको नाम के हो ?

उत्तर-   भिक्षु अमृताननद महास्थविर ।

प्र.नं. २३१) नेपाली भिक्षुहरुमध्ये सर्वप्रथम "कोविद" पास हुने को हुन् ?

उत्तर-  भिक्षु महानाम ।



Downloaded from http://dhamma.digital/

प्र.नं. २३२) नेपाल भाषामा बुद्ध धर्म सम्बन्धी हाजीरिजवाफ प्रतियोगिताका प्रथम आयोजना प्रबन्धक को हुन् ?

उत्तर- हेराकाजी सुइका ।

प्र.नं. २३३) थाइलैण्डका महामुकूट बुद्धिष्ट यूनिभर्सिटीबाट स्नातक उपाधि “सासन शास्त्र पण्डित” लिने भिक्षुहरुको नाम के के हो ?

उत्तर- भिक्षु सुशोभन, भिक्षु सुनन्द, भिक्षु धर्मपाल, भिक्षु सगन्ध र भिक्षु विपस्सी ।

प्र.नं. २३४) थाइलैण्डको महाचुलालंकार बौद्ध विश्वविद्यालयबाट “बुद्ध शास्त्र पण्डित” स्नातक उपाधि प्राप्त नेपाली भिक्षुहरु को का हुन् ?

उत्तर- भिक्षु धर्मशोभन, भिक्षु सुमेध, भिक्षु सुधम्म, भिक्षु जवन, भिक्षु धर्मगुप्त, भिक्षु अस्सजि ।

प्र.नं. २३५) श्रीलंकाको विद्यालंकार विश्वविद्यालयबाट बुद्ध धर्म सम्बन्धी स्नातक उपाधि प्राप्त नेपाली भिक्षुहरु को को हुन् ?

उत्तर- भिक्षु गुणघोष, भिक्षु मैत्री, भिक्षु सुवर्ण र भिक्षु दीपंकर ।

प्र.नं. २३६) भगवान बुद्ध पौष पूर्णिमाको दिन राजगृह नगरमा पहिलो पटक जानुभएको बेला बिम्बिसार राजा कति ब्राह्मण र गृहपति सहित भगवान कहाँ आए ?

उत्तर- १ लाख २० हजार ब्राह्मण र गृहपति सहित ।

प्र.नं. २३७) विश्व बौद्ध सम्मेलन कहाँ कहाँ बु.सं कति कति सालमा भयो ?

उत्तर- प्रथम-श्रीलंकामा, २४९३ दोस्रो-जापान, २४९५ तेस्रो-बर्मा, २४९७ चौथो-नेपाल, २४९९
पाँचौं-थाइलैण्ड, २५०१ छैठो-कम्बोडिया, २५०४ सातौं-भारत, २५०७ आठौं-थाइलैण्ड,२५०९
नवौं-मलेशिया, २५१२ दसौं-श्रीलंका, २५१५ एघारौं- थाइलैण्ड, २५१९ बाह्रौं-जापान, २५१२
तेह्रौं- थाइलैण्ड, २५२३ चौधौं-श्रीलंका, २५२७ पन्ध्रौं-नेपाल, २५३० सोह्रौं-अमेरिका, २५३२ सत्रौं-दक्षिण कोरिया, २५३४ अठारौं-ताइवान, २५३६ ।

प्र.नं. २३८) विश्वमा सबभन्दा प्राचीन ढुङ्गाको भगवान बुद्धको मूर्ति कुन देशमा छ ?

उत्तर- चीन ।

प्र.नं. २३९) बौद्ध झन्डा सुधार गरेर आधुनिक रुप दिने व्यक्ति को हुन् ?

उत्तर- हेनरीस्टील अल्कट ।

प्र.नं. २४०) बिम्बिसार राजाले वेलुवन उद्यान बुद्ध प्रमुख भिक्षु संघहरुलाई कहिले प्रदान गर्नुभयो ?

उत्तर- भगवान राजगृह पुग्नुभएको भोलिपल्ट ।

प्र.नं. २४१) नागबहालको तारेमाम संघको स्थापना भएको कहिले हो ?

उत्तर- वि.सं. १९९६ सालमा ।

प्र.नं. २४२) ललितपुरमा बुद्ध जयन्ती सर्वप्रथम मनाइएको कति सालमा, कुन टोलबाट र कुन संघबाट ?

उत्तर- वि.सं. २००९, नागबहालमा , तारेमाम संघले ।

प्र.नं. २४३) सारिपुत्रका तीन बहिनी थिए , तीनिहरुको नाम भन्नुहोस् ।



Downloaded from http://dhamma.digital/

उत्तर- चाला, उपचाला, सिसुपचाला ।

प्र.नं. २४४) आनन्दकुटी विद्यापीठका संस्थापक को हुन् ?

उत्तर- भिक्षु अमृतानन्द महास्थविर ।

प्र.नं. २४५) यशोधरा बौद्ध विश्वविद्यालयका संस्थापक को हुन् ?

उत्तर- अनागारिका माधवी ।

प्र.नं. २४६) पञ्च भद्रवर्गीय भिक्षुहरुको नाम क्रमैसँग भन्नुहोस् ।

उत्तर- कोण्डञ्ञ, वप्प, भद्दिय, महानाम र अस्सजित ।

प्र.नं. २४७) भगवान बुद्ध कति क्षेत्र भित्र भ्रमण गरेर चौवालीस वर्षसम्म धर्मप्रचार गर्नुभयो ?

उत्तर- कोशी-कुरु क्षेत्र, हिमांचल-विद्यान्चल सम्म ।

प्र.नं. २४८) नेपालका भिक्षुहरुमध्ये सर्वप्रथम B.A. र M.A. पास गर्ने को हुन् ?

उत्तर- भिक्षु सुदर्शन ।

प्र.नं. २४९) नेपालका अनागारिकाहरुमध्ये सर्वप्रथम B.A. पास गर्ने को हुन् ?

उत्तर- अनागारिका कमला ।

प्र.नं. २५०) नेपालका अनागारिकाहरुमध्ये सर्वप्रथम M.Ed. पास गर्ने को हुन् ?

उत्तर- अनागारिका ञाणवति ।

प्र.नं. २५१) अभयराजकुमारका माता पिता को को हुन् र उ कहिले विरक्त भएर भिक्षु भयो ?

उत्तर- माता-पद्मावती (गणिका) पिता- राजा बिम्बिसार, अजातशत्रुले आफ्नो पितालाई मारेको कारणले विरक्त भएर भिक्षु भएको ।

प्र.नं. २५२) ई १९५८मा मानव अधिकार दिवसको उपलक्ष्यमा "लुम्बिनी" मन्दिरको पहेंलो रङ्ग लोकलप्रिन्ट टिकट निकालिए जस्तै लुम्बिनी वर्षको उपलक्ष्यमा कहिले, कति जाने, के को टिकट निकालिएको ि थयो ?

उत्तर- स्वाँयापुन्हि ,बैशाख पूर्णिमा अर्थात् २९ बैशाख बुद्ध जयन्तीका दिन एक रुपैंया जाने सिद्धार्थ जन्मको मूर्तिको ( महामायादवीको) ।

प्र.नं. २५३) लोकमा तीन प्रकारका घोष उत्पन्न हुन्छ । त्यसमध्ये पहिलो कल्प घोष हो भने तेस्रो चक्रवर्ती घोष हो । अब भन्नुहोस् दोस्रो घोषलाई के भनिन्छ र यो कति वर्ष अगाडि घोषणा हुन्छ ?

उत्तर- बुद्ध घोष , सहश्र (हजार) वर्ष अगाडि ।

प्र.नं. २५४) भगवान बुद्धले आफूकहाँ आउने मानिसहरुलाई क्रमबद्ध रुपले धर्म देशना गर्नुहुने चलन छ । त्यसलाई के भनिन्छ ?

उत्तर- आनुपूर्वीकथा ।

प्र.नं. २५५) बिम्बिसारकालीन मगधका प्रसिद्ध पाँच सेठं वा श्रेष्ठीहरु को को हुन् ? नाम भन्नुहोस् ।

उत्तर- जोतिय, जटिल, मेण्डक, पूर्णक रा काकवलिय ।

प्र.नं. २५६) महायानको दार्शनिक ग्रन्थ तत्वसंग्रहका रचयिता को हुन् ?

उत्तर- आचार्य शान्तरक्षित ।



Downloaded from http://dhamma.digital/

प्र.नं. २५७)	सुगति स्वर्गलोक मध्ये ब्रह्मा, महाब्रह्मा र अरुप लोक छाडी सात काम सगति लोक छन् । ती सात मध्ये १.चातुर्महाराजिका २.त्रायत्रिंश ३.यामा ४.तुषित ५.निर्माणरति ६.परनिर्मितवशवर्ती छ वटा लोक हुन् । बाँकी रहेको एक देवलोक वा सुगतिलोक कुन हो ?

उत्तर- मनुष्यलोक ।

प्र.नं. २५८) मगध देशमा बिम्बिसार राजाले राज्य गरिरहेको बेला प्रत्यन्त देश तक्षशिला नगरमा कसले राज्य गर्दथे ?

उत्तर- पुक्कुसाति राजा ।

प्र.नं. २५९) मारले बोधिसत्वलाई आक्रमण गरेको बेला उहाँले दश पारमिताको स्मरण गर्नुभयो । ती दश पारमिता मध्यय् पाँच पारमिता-दान, नैष्कम्य, वीर्य, सत्य, र अधिष्ठान हो भने बाँकी रहेका पाँच पारमिता के के हुन् ?

उत्तर- शील, प्रज्ञा, क्षान्ति, मैत्री र उपेक्षा ।

प्र.नं. २६०)	"भारतमा बौद्ध धर्मको उत्थान र पतन" पुस्तकको प्रथम संस्करण कति प्रति, कति बुद्ध सम्वत्मा निकालिएको थियो र यसको मूल्य कति थियौ ?

उत्तर- १००० प्रति, बु.सं. २५०१, मूल्य -२५पैसा

प्र.नं. २६१) "संस्कृतितर्फ हेरियो भने नेवाः संस्कृतिलाई नै नेपाली संस्कृति भन्न सकिन्छ । " यो उदान एक बर्मी भिक्षुको हो । उहाँको नाम भन्नुहोस् ।

उत्तर- भिक्षु धम्मावुध ।

प्र.नं. २६२) लुम्बिनीको नाम समय समयमा फरक हुँदै जाँदा एक समयमा लुम्बिनदेइ पनि भनियो । लुम्बिनीलाई महाराज अशोकले आफ्नो शिलालेखमा कसरी लेखेका छन्, ब्हेनसाङ्गले कसरी लेखे ? शुद्ध रुपले लेख्नुहोस् ।

उत्तर- अशोकले -लुमिनि, ब्हेनसाङ्गले -लुंमिन ।

प्र.नं. २६३) बुद्धको पहिलो कपिलवस्तु आगमनमा राजा शुद्धोदन र महारानी प्रजापति गौतमी वहाँको सरल, शान्त र सुमधुर धर्म उपदेश सुनेर लाभ गर्नु भएको धमको विशिष्ट स्थिति के के हो ?

उत्तर- राजा शुद्धोदनले अनागामी फल र महारानी प्रजापति गौतमीले श्रोतापत्ति फल ।

प्र.नं. २६४) तं पुत्त पसुस्समतं, व्यासत्तं मनसं नरं ।
सुत्तं गामं महोघोव, मच्चु आदाय गच्छति ॥
जसरी सुतिरहेको गाउँलाई बगेर आएको नदीले बगाउँछ , त्यसरी नै पुत्र र अरु प्राणिहरु प्रति आशक्त भइरहेको मानिसलाई मृत्युले लग्नेछ , यस गाथा कसले कसलाई भनेको हो ?

उत्तर- बुद्धले कृशा गौतमीलाई ।

प्र.नं. २६५) थाइलैण्डको वाट प्रकाय्उ मन्दिरमा रहेको ७५ सेन्टिमिटर अग्लो बुद्धलाई के बुद्ध भनिन्छ ?

उत्तर- इमेरल बुद्ध (पन्नाको बुद्ध)

प्र.नं. २६६) तलको संवेग उत्पन्न गराउने मन दुखित बनाउने विरक्ति को बुद्धकालीन व्यक्तिको मुखबाट प्रस्फुटन भएको हो ?
"हा ! संसार दुःख प्रायः मनमा यहाँ, हा ! दुःख हा ‼ पीडित,
त्याग गर्नेछु, घृणित चाँहिदैन , कहाँ जाउ, हा ! दुःख लोकमा मलाई ‼"

उत्तर- यशकुमार ।



Downloaded from http://dhamma.digital/

प्र.नं. २६७) बिम्बिसार राजाले इच्छा गरिराखेको पाँच कुराहरु के के थिए ?

उत्तर- १। मलाई राज्याभिषेक प्राप्त होस्।

२। भगवान बुद्ध मेरो राज्यमा आउन्।

३। वसपोल भगवानलाई सेवा गर्न पाऊँ।

४। वसपोल भगवानले मलाई धर्मोपदेश गरुन्।

५। वसपोल भगवानलाई मैले चिन्न सकूँ।

प्र.नं. २६८) सारिपुत्र महास्थविरका भाइहरुको नाम के के ?

उत्तर- चुन्द , उपसेन र रेवत।

प्र.नं. २६९) अफगानिस्थानमा रहेको बुद्ध मूर्ति कति फिट छ ?

उत्तर- ५५ फिट।

प्र.नं. २७०) नेपाल बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरु बिचमा अन्तर उपत्यका व्यापि बुद्ध र बुद्ध धर्म सम्बन्धी प्रथम हाजीरि जवाफ प्रतियोगिता कसको आयोजनामा कहिले कहाँ भयो ?

उत्तर- ने.बौ.प.शि. दीपङ्कर केन्द्र नागबहालको आयोजनामा बु.सं. २५२३ अर्थात् २०३६/३/२५, नागबहालमा।

❁ समाप्त ❁

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/